# भूकम्प प्रभावितहरूको मानव अधिकारको अवस्था बारेमा

## तेस्रो अनुगमन प्रतिवेदन

२०७४



(पुनर्निर्माण र पुनर्स्थापनामा केन्द्रित)

राष्ट्रिय मानव अधिकार आयोग
केन्द्रीय कार्यालय, हरिहरभवन ललितपुर



विगतमा आयोगको कार्यालय रहेको भूकम्पबाट क्षतिग्रस्त भवन।



भूकम्पबाट कार्यालय क्षतिग्रस्त भएपश्चात् टहरा निर्माण गरी सञ्चालनमा रहेको आयोगको कार्यालय।

---

आवरण तस्वीर : भूकम्प प्रभावित बसोबास गरिरहेको क्षतिको विवरणमा नपरेको एउटा घर, मन्थली, रामेछाप।

# भूकम्प प्रभावितहरूको मानव अधिकारको अवस्था बारेमा तेस्रो अनुगमन प्रतिवेदन

# २०७४

(पुनर्निर्माण र पुनर्स्थापनामा केन्द्रित)

**राष्ट्रिय मानव अधिकार आयोग**

केन्द्रीय कार्यालय, हरिहरभवन ललितपुर

| | |
|---|---|
| **प्रकाशक** | : **राष्ट्रिय मानव अधिकार आयोग**<br>हरिहर भवन, ललितपुर, नेपाल |
| **पो. ब. नं.** | : ९१८२, काठमाडौं, नेपाल |
| **फोन नं.** | : ५०१००१५ |
| **इमेल** | : nhrc@nhrcnepal.org |
| **वेभसाइट** | : www.nhrcnepal.org |
| **प्रकाशन मिति** | : जेठ २०७४ |
| **प्रकाशित प्रति** | : १००० |
| **प्रतिवेदन नं.** | : प्र. नं. रा. मा. अ. आ. २१४ |
| **मुद्रण** | : स्काई प्रेस (०१-४७८४२८३), बिजुलीबजार, काठमाडौं |
| **सर्वाधिकार** | : राष्ट्रिय मानव अधिकार आयोग |

## आयोगका पदाधिकारीहरू

**अध्यक्ष** : माननीय अनूप राज शर्मा

**सदस्य** : माननीय प्रकाश वस्ती

**सदस्य** : माननीय सुदिप पाठक

**सदस्य** : माननीय मोहना अन्सारी

**सदस्य** : माननीय गोविन्द शर्मा पौड्याल

**सचिव**

वेदप्रसाद भट्टराई

## प्रतिवेदकहरू


**उपनिर्देशक** : डा. टीकाराम पोखरेल

**मानव अधिकार अधिकृत** : श्री जायश्वर चापागाई

**मानव अधिकार अधिकृत** : श्री दीपक नेपाली

# मन्तव्य

वैशाख १२, २०७२ मा गएको भूकम्पको दुई वर्ष बितिसकेको छ । तर, भूकम्पका प्रभावहरू अझैं बाँकी नै छन् । भूकम्पजन्य प्राकृतिक प्रकोपको विपत्तिबाट आमनागरिकको जनजीवन अस्तव्यस्त मात्र भएन उनीहरूको मानव अधिकारको उपभोगमा समेत प्रत्यक्ष बाधा उत्पन्न भयो । यही विषयलाई आँकलन गर्दै भूकम्प गएलगत्तै आयोगले आफ्नो अनुगमन कार्य शुरु गऱ्यो । आयोगले गरेको अनुगमनका आधारमा यसअघि दुईवटा प्रतिवेदन प्रकाशन भैसकेका छन् । आयोगले भूकम्प अति प्रभावित चौध जिल्लामा पछिल्लोपटक अर्थात् पुनर्निर्माण र पुनर्स्थापनाको चरणमा गरेको अनुगमनका आधारमा यो तेस्रो प्रतिवेदन प्रकाशित गरेको छ ।

विगतमा आयोगले गरेको अनुगमनका आधारमा आयोगले विभिन्न सिफारिश गरेको थियो । तर ती सिफारिशहरू अझै पनि पूर्ण रूपमा कार्यान्वयन हुन नसकेको र कतिपय सिफारिशको कार्यान्वयनको अवस्था के छ भन्ने सम्बन्धमा समेत सरकारबाट आयोगलाई जानकारी समेत नआएको प्रति आयोगको ध्यानाकृष्ठ भएको छ । आगामी दिनमा आयोगका विगत प्रतिवेदनका सिफारिशहरूका साथै यस प्रतिवेदनमा दिइएका सुझावहरू समेत कार्यान्वयन हुनेछन् भन्ने आयोगले विश्वास लिएको छ ।

संविधान सभाबाट २०७२ मा जारी भएको नेपालको संविधानको धारा २४९ को उपधारा (१) ले मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु आयोगको कर्तव्य हुनेछ भन्ने व्यवस्था गरेको सन्दर्भमा आगामी वर्ष पनि आयोगले भूकम्प प्रभावितहरूको मानव अधिकारको समग्र अवस्थाका बारेमा भूकम्प अतिप्रभावित चौध जिल्लाका साथै भूकम्प कमप्रभावित भनिएका सत्र जिल्लामा समेत थप स्थलगत अनुगमन गरी प्रभावितहरूको अधिकार संरक्षण र संवर्द्धन गर्ने कार्यलाई निरन्तरता दिनेछ । खासगरी तत्कालीन उद्धारको चरण समाप्त भई राहतको कार्य समेत अन्तिम चरणमा पुगिसकेको वर्तमान अवस्थामा पुनर्स्थापना र पुनर्निर्माणको अनुमगन गर्नु मानव अधिकारको दृष्टिबाट आवश्यक देखिन्छ ।

अन्त्यमा यस भूकम्पको प्रभावितको मानव अधिकारको अवस्थाको अनुगमनको संयोजन गर्नुहुने आयोगका माननीय सदस्य प्रकाश वस्ती, अनुगमन कार्यमा संलग्न कर्मचारी तथा प्रतिवेदन लेखन कार्यमा संलग्न कर्मचारीहरूलाई विशेष धन्यवाद दिँदै आयोग आगामी वर्षमा पनि भूकम्प प्रभावितहरूको मानव अधिकार संरक्षणको लागि अनुगमनलगायत कार्यमा लागिरहने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु ।

**अनुप राज शर्मा**
*अध्यक्ष*
राष्ट्रिय मानव अधिकार आयोग

# विषयसूची

**अनुच्छेद-१** **पृष्ठ**

**प्रारम्भिक**


| | | |
|---|---|---|
| १. | विषय प्रवेश | १ |
| २. | अनुगमन विधि | ३ |
| ३. | आयोगको विगतको अनुगमन प्रतिवेदन | ४ |
| ४. | भूकम्प प्रभावितको अवस्था सम्बन्धमा विगतमा गरिएको अनुगमनपश्चात गरिएका सिफारिशहरू | ७ |
| | नेपाल सरकारलाईः | ७ |
| | राजनीतिक दललाई | ११ |
| | गैरसरकारी सङ्घसंस्थालाई | ११ |
| | नागरिक समाजलाई | ११ |
| | माथि उल्लिखित सबैलाई | १२ |
| ५. | नीतिगत तथा दीर्घकालीन रूपमा गर्नुपर्ने सुधारका लागि सिफारिश | १२ |
| | विगतका सिफारिस कार्यान्वयन | १३ |


**अनुच्छेद-२**

**नेपाल सरकारबाट सम्पन्न भएका कार्यहरू**


| | | |
|---|---|---|
| १. | केन्द्रीय आयोजना कार्यान्वयन एकाइसँग भएको छलफलबाट प्राप्त विवरण | १४ |
| २. | आयोगले नेपाल सरकारलाई गरेका सिफारिसहरूमध्ये गृह मन्त्रालयसँग सम्बन्धित सिफारिशहरूको कार्यान्वयनको अवस्था देहायबमोजिम रहेको व्यहोरा आयोगलाई प्राप्त भएको छ : | १६ |
| (क) | उद्धार सम्बन्धमा | १६ |
| (ख) | राहत सम्बन्धमा | १७ |
| (ग) | पुनर्निर्माण सम्बन्धमा | १७ |
| ३. | आयोगले नेपाल सरकारलाई गरेका सिफारिसहरूमध्ये सहरी विकास मन्त्रालयसँग सम्बन्धित सिफारिसहरूको कार्यान्वयनको अवस्था देहायबमोजिम रहेको व्यहोरा आयोगलाई प्राप्त भएको छ : | १७ |
| ४. | आयोगले नेपाल सरकारलाई गरेका सिफारिसहरू मध्ये श्रम तथा रोजगार मन्त्रालयसँग सम्बन्धित बुदाँ नं. ५ सम्बन्धी छुट्टै कार्यक्रम सञ्चालन हुन नसकेको भन्ने जानकारी आयोगलाई प्राप्त भएको छ। | १८ |
| ५. | आयोगले नेपाल सरकारलाई गरेका सिफारिसहरूमध्ये राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसँग सम्बन्धित सिफारिसहरूको कार्यान्वयनको अवस्था देहायबमोजिम रहेको व्यहोरा आयोगलाई प्राप्त भएको छ : | १८ |
| क. | राहत सम्बन्धमा | १८ |
| ख. | पुनर्स्थापना सम्बन्धमा | १९ |
| ग. | पुनर्निर्माण सम्बन्धमा | १९ |
| ६. | पुनर्निर्माणको क्षेत्रमा भएका कामहरूको तथ्यांकगत विवरण तालिका | २१ |

**अनुच्छेद -३**

**आयोगको अनुगमनबाट प्राप्त तथ्यहरू**


३.१. रसुवा २६

३.२. नुवाकोट २९

३.३. धादिङ ३०

३.४. गोरखा ३३

३.५. मकवानपुर ३७

३.६. सिन्धुली ४०

३.७. रामेछाप ४३

३.८. दोलखा ४६

३.९. सिन्धुपाल्चोक ४९

३.१०. ओखलढुंगा ५१

३.११. काठमाडौँ ५३

३.१२. काभ्रेपलाञ्चोक ५३

३.१३. भक्तपुर ५५

३.१४. ललितपुर ५६


**अनुच्छेद- ४**

**विश्लेषण, निष्कर्ष र सुझावहरू**


४.१. विश्लेषण र निष्कर्ष : ५७

४.२. सुझावहरू : ६०


**अनुसूची-१**


अनुगमनमा संलग्न कर्मचारीहरू ६४

अनुसूची-२ (क) ६६

अनुसूची-२ (ख) ६७

अनुसूची-३ अनुगमनका क्रममा लिइएका तस्वीरहरू ६९

# प्रारम्भिक

१. **विषय प्रवेश**

नेपालमा २०७२ वैशाख १२ गते गएको ७.६ रेक्टर स्केलको विनाशकारी भूकम्पले ठूलो धनजनको क्षति गरायो । देशको राजधानी काठमाडौंबाट ७६ किलोमिटर उत्तर-पश्चिमगोरखाको बारपाकलाई केन्द्रबिन्दु बनाएर गएको उक्त भूकम्पको प्रभाव नेपाललगायत बंगलादेश, चीनको तिब्बत तथा भारतको नयाँदिल्ली विहार, उत्तर प्रदेश, असाम, पश्चिम बंगाल, सिक्किम, उडिसा, गुजरातसम्म पनि देखिएको थियो ।

उक्त भूकम्प र यसपछिका ठूलो पराकम्पको कारण पुगेको क्षतिका आधारमा नेपाल सरकारले देशका चौध जिल्लालाई अतिप्रभावित घोषणा गरेको छ  भने १७ जिल्लालाई कम प्रभावित जिल्लाको रूपमा घोषणा गरेको छ । क्षतिको आधारमा सरकारलले घोषणा गरेका चौध अति प्रभावित जिल्लाहरू निम्न बमोजिम रहेका छन्:

१. सिन्धुपाल्चोक २. काठमाडौं ३. नुवाकोट ४. धादिङ ५. रसुवा ६. गोरखा ७. भक्तपुर ८. काभ्रेपलाञ्चोक ९. ललितपुर १०. दोलखा ११. रामेछाप १२. मकवानपुर १३. ओखलढुंगा १४. सिन्धुली

**CATEGORIES OF EARTHQUAKE-AFFECTED DISTRICTS**




*Source: GoN/MoHA as of 21 May 2015*

यस्तै भूकम्पबाट भएको क्षतिको आधारमा सरकारले घोषणा गरेका कम प्रभावित जिल्लाहरू निम्न बमोजिम रहेका छन्:

| | | | | |
|---|---|---|---|---|
| १. संखुवासभा | २. भोजपुर | ३. धनुकटा | ४. खोटाङ्ग | ५. सोलुखुम्बु |
| ६. चितवन | ७. नवलपरासी | ८. तनहुँ | ९. लम्जुङ्ग | १०. बाग्लुङ्ग |
| ११. स्याङ्जा | १२. पाल्पा | १३. पर्वत | १४. गुल्मी | १५. कास्की |
| १६. अर्घाखाँची र | १७. म्याग्दी | | | |

राष्ट्रिय मानव अधिकार आयोगले भूकम्म गएलगत्तै भूकम्प प्रभवितहरूको अवस्थाको बारेमा अनुगमन गरी प्रारम्भिक प्रतिवेदन समेत प्रकाशित गरेको थियो । दोस्रो चरणमा भूकम्प प्रभावितहरूको मानव अधिकार अवस्थाको अनुगमन गर्न भूकम्प प्रभावित ११ जिल्लामा एघार वटा घुम्ती शिविर स्थापना गरी कार्य गरेको थियो । आयोगको संयोजनमा नेपाल पत्रकार महासंघ, नेपाल बार एशोसिएशन र गैरसरकारी संस्था महासंघको साझेदारीमा घुम्ती शिविरको कार्यालय स्थापना गरिएको थियो । नेपाल सरकारद्वारा घोषणा गरिएको भूकम्प अति प्रभावित जिल्लाहरू रसुवा, नुवाकोट, धादिङ, मकवानपुर, सिन्धुली, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, गोरखा, काभ्रेपलाञ्चोक र ओखलढुंगामा अनुगमन शिविर स्थापना भए । काठमाडौँ, ललितपुर र भक्तपुरमा आयोगको केन्द्रीय कार्यालयमा स्थापित घुम्ती शिविर संचालन समितिले अनुगमन गर्ने व्यवस्था मिलाइएको थियो । जिल्लास्थित घुम्ती शिविरमा एक सहजकर्ता सहित पाँच सदस्यीय कार्य समितिबाट कार्यालय संचालन भई अनुगमन पश्चात २०७३ वैशाख १२ गते दोस्रो प्रतिवेदन सार्वजनिक पनि गरिसकिएको छ ।

मानव अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्ति गर्ने पहिलो दायित्व राज्यको हो । आर्थिक, सामाजिक रूपमा पछाडि परेका वा प्राकृतिक प्रकोपलगायतका कारणबाट जोखिममा परेका नागरिकको अधिकार रक्षार्थ राज्य अझ थप जिम्मेवार हुनुपर्दछ । प्रकोपको अवस्थामा सामान्य अवस्थामाभन्दा नागरिकको अधिकारको अवस्था बढी जोखिममा पर्न जान्छ । भूकम्पको प्रकोपमा मानिसको जीवनको अधिकार नै जोखिममा पर्दछ । भौतिक संरचनाहरू भत्किएर मानिसहरूको मृत्यु हुन पुग्दछ । घर भत्केपछि गास, बास र कपासको अधिकारबाट नागरिकहरू विमुख हुन्छन् । भूकम्पमा घरहरू बढी भत्कने हुँदा विशेषगरी आवासको अधिकारबाट धेरै मानिसहरू वञ्चित हुन पुग्दछन् । घरमा क्षति भएबाट पाल वा खुल्ला चौरमा बस्नु पर्दा मानिस हरेक प्रकारका अधिकारबाट वञ्चित हुन पुग्दछ ।

भूकम्पको अवस्थामा मृत्यु हुनेमा बालबालिकाको संख्या उल्लेखनीय हुने गर्दछ । मृत्युबाट बचेका बालबालिका पनि उचित आहार, पोषण, शिक्षा, स्वास्थ्यबाट वञ्चित हुन पुग्दछन् । यस्तो अवस्थामा बालबालिकाको ओसारपसारको संभावना पनि बढी रहन्छ । कतिपय बालबालिका बालश्रम र यौन शोषणको शिकार पनि हुन पुग्दछन् । शिक्षालयहरू भत्किन गई विद्यार्थीहरू शिक्षाको अधिकारबाट वञ्चित हुन पुग्दछन् । यस्तो अवस्थामा बालबालिकालाई दिइने मनोसामाजिक परामर्शको पनि अभाव हुन्छ ।

भूकम्पबाट अभिभावकविहीन, अनाथ वा टुहुरा बन्न पुगेका बालबालिकाको शिक्षा, स्वास्थ्य, पोषण र भविष्यमा नै गम्भीर असर पुग्न जान्छ ।

महिलाहरूमा तुलनात्मक रूपमा भूकम्पको असर बढी हुने पर्छ । महिलामा पुगेको मानसिक पीडा एकातिर हुन्छ भने अर्कोतिर विपत्को अवस्थामा महिलाको कार्यभार झनै बढ्दछ । गर्भवती तथा सुत्केरी महिला यस्तो अवस्थामा थप जोखिममा पर्दछन् । राहत प्राप्त गर्ने कुरामा पनि महिलाको पहुँच कम हुन्छ । कतिपय अवस्थामा महिलामाथि यौनहिंसा तथा बेचविखनका घटना पनि हुने संभावना हुन्छ । मानव अधिकारका यी विषयहरूमा आयोगले भूकम्प लगत्तैदेखि अनुगमन गरेको थियो । यस वर्ष पनि अति प्रभावित १४ जिल्लाहरूमा आयोगको अनुगमन निरन्तर भैरहेको छ । यस वर्ष आयोगले गरेको अनुगमनका आधारमा यो प्रतिवेदन प्रकाशित भएको छ ।

## २. अनुगमन विधि

आयोगको अनुगमन कार्यलाई परिणाममुखी एवं प्रभावकारी बनाउन सकेसम्म बढीभन्दा बढी सरोकारवालासँग छलफल एवं अन्तरक्रिया गरी भूकम्पले पारेको प्रभावका बारेमा जानकारी लिइएको थियो । यस क्रममा प्रभावित जिल्लाका भूकम्पपीडितहरू, उद्धार तथा राहत व्यवस्थापन कार्यमा संलग्न सरकारी निकाय, सुरक्षाकर्मी, स्वयम्सेवक, स्वास्थ्यकर्मी, राजनीतिक दलका प्रतिनिधिलगायत आम सर्वसाधारणसँग अनुगमनमा खटिएको टोलीले जानकारी लिएको थियो । भूकम्पको प्रभावका बारेमा छलफल गर्न विभिन्न प्रश्नावली तय गरी भूकम्पपीडित एवं राहत व्यवस्थापन कार्यमा संलग्न निकायसँग सो प्रश्नका बारेमा जानकारी मागिएको थियो । आयोगले नियमित रूपमा गर्दै आएको मानव अधिकार अवस्थासम्बन्धी अनुगमन भन्दा प्राकृतिक विपत्ले निम्त्याएको विनाशसम्बन्धी यस प्रकारको अनुगमन पृथक ढंगले गर्नुपर्ने महसुस गरी अनुगमन रुजुसूचीको प्रयोग गरी भूकम्पले पुऱ्याएको क्षति, उद्धार, राहत वितरण तथा विपत् व्यवस्थापन कार्यका बारेका देहायमा उल्लेख गरिएको विधिको प्रयोग गरी अनुगमन गरिएको थियो:

१. भूकम्प प्रभावित क्षेत्रहरूको स्थलगत अवलोकन
२. भूकम्प प्रभावितहरूसँग भेटघाट तथा छलफल
३. भूकम्प प्रभावितहरूको बसोबास गर्ने अस्थायी शिविरहरूको अवलोकन
५. प्रभावित जिल्लाका प्रमुख जिल्ला अधिकारी, पुनर्निर्माण प्राधिकरणका जिल्ला समन्वय समिति, अन्य सरकारी निकायका प्रमुख र स्थानीय विकास अधिकारीसँग राहत र पुनर्स्थानाका बारेमा छलफल अन्तर्क्रिया तथा तथ्याङ्क संकलन
६. नागरिक समाज तथा मानव अधिकारकर्मीसँग छलफल र सूचना सङ्कलन
८. मानव अधिकारकर्मी, नागरिक समाजका प्रतिनिधिसँग भेटघाट र छलफल गरी राहत वितरणको विषयमा जानकारी
१०. सरकारी निकायबाट हालसम्म भएका कार्यहरूको विवरण संकलन
११. सरकारले गरको नीतिगत निर्णय तथा जारी निर्देशिकाहरू बारे जानकारी हासिल

## ३. आयोगको विगतको अनुगमन प्रतिवेदन

वैशाख १२ को भूकम्पश्चात् आयोगले सोही दिनबाटै अनुगमन शुरु गरेको थियो । भूकम्पको कारण भएको क्षतिले गर्दा आमनागरिकको बसोबासको अधिकार, खाद्यान्नको अधिकार, सम्पत्तिको अधिकार, सीमान्तकृत वर्ग, समुदाय, ज्येष्ठ नागरिक, गर्भवती तथा सुत्केरी महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू र कारागारभित्र रहेका कैदीबन्दीहरू लगायतका कमजोर वर्गको अधिकारमा गम्भीर आघात पुग्न जाने प्रारम्भिक अनुमान गरी आयोगले आकस्मिक अनुगमन शुरु गरेको हो ।

तत्कालीन अवस्थामा पीडितहरूको मानव अधिकारको अवस्था, उद्धार र राहतको अवस्था तथा कारागारका बन्दीहरूको अवस्था सम्बन्धमा आयोगको गम्भीर ध्यानाकर्षण हुन पुगेको थियो । यस पक्षलाई ध्यानमा राखी आयोगले प्रभावित जिल्लाहरू र त्यहाँका कारागार, अस्पताल, विद्यालय लगायतको अनुगमन गरी प्राप्त तथ्यको आधारमा नेपाल सरकारको ध्यानाकर्षण समेत गरेको थियो । यसका साथै भत्किएका संरचनाहरू भग्नावशेषको सरसफाइमा पनि आयोगको ध्यानाकृष्ट भएको थियो ।

आयोगले भूकम्पपश्चात् राहत तथा उद्धारको सम्बन्धमा सम्बन्धित निकायसँग छलफल गरेको थियो । आयोगले २०७२ वैशाख १४ गतेको विज्ञप्तिमार्फत उद्धार, घाइतेहरूको उपचार र राहत नै प्राथमिकताको विषय भएकोले उद्धार तथा राहत कार्यलाई प्रभावकारी बनाउन र नेपाल सरकार, अन्तर्राष्ट्रिय सङ्घसंस्था, नागरिक समाज, स्वयम्सेवी र अधिकारकर्मीसमेतलाई आग्रह गरेको थियो । भूकम्पको त्रासका कारण खुल्लाठाउँमा बस्न बाध्य भएका नागरिकहरूको उचित व्यवस्थापन र सुरक्षाकालागि समेत नेपाल सरकारलाई ध्यानाकर्षण गराएको थियो ।

आयोगले प्रभावित जिल्लाहरूमा आयोगका सदस्यसहितको नेतृत्वमा मानव अधिकार अवस्था अनुगमन गरेको थियो । अनुगमन गर्दा उद्धार, राहत वितरणमा भेदभाव भए/नभएको, वितरणमा कमजोर वर्गलाई प्राथमिकता दिए/नदिएको लगयतका विषयलाई ध्यानमा राखिएको थियो । अनुगमनबाट प्राप्त तथ्यहरूको विश्लेषणको आधारमा आयोगले भूकम्पबाट व्यक्तिहरूका निजी भवन, सरकारी भवन, विद्यालय, स्वास्थ्य चौकी तथा कारागार, पुरातात्विक महत्वका अधिकांश स्मारकहरू लगायतका भौतिक संरचनामा ठूलो क्षति भएको पाइएको थियो । ग्रामीण क्षेत्रमा बढी मात्रामा भौतिक क्षति भएको देखिएको र व्यक्तिगत भवन, विद्यालय, कारागार तथा मन्दिर हरूसमेत लडेर ध्वस्त भएका र चर्किएका भौतिक संरचनासमेत धराप भएको कारण बस्न नमिल्ले अवस्था पाइएको तथा कतिपय स्थानहरूमा जमीन चर्किएको कारण बस्ती बस्न/बसाउनसमेत जोखिमपूर्ण अवस्था रहेको पाइएको थियो । वर्षात्को समयमा यस्ता बस्तीहरूमा पहिरो जानसक्ने जोखिम रहेको समेत देखिन्छ भनी आयोगले निष्कर्ष निकालेको थियो ।

यसैगरी जिल्लास्थित स्थानीय प्रशासन, सुरक्षा निकाय, सरकारी कार्यालय तथा सङ्घसंस्थाहरू उद्धार तथा राहत वितरणमा केन्द्रित भएको र जिल्ला प्रशासन

कार्यालयबाट एकद्वार नीति अवलम्बन गर्न प्रयास गरिएको भए पनि कार्यान्वयनमा समस्याहरू रहेका, कतिपय स्थानमा व्यक्तिहरू राहत नपाएको र कतिपय स्थानमा पटक-पटक पाएको समेत अवस्था भएको, भौगोलिक विकटताको कारण दूर्गम स्थानहरूमा राहत तथा उद्धार कार्यमा कठिनाइ परेको, हेलिकप्टर माग गर्दा समेत उपलब्ध नभएको कारण भूकम्प पीडितहरूलाई राहत वितरण कार्य प्रभावकारी हुन नसकेको, ठूलो सङ्ख्यामा घरहरू भत्की त्रिपालको माग अत्याधिक भए पनि न्यून मात्रामा पनि उपलब्ध गराउन नसकिएको, जस्तापाता जस्ता दीर्घकालीन रूपमा काममा आउन सक्ने सामग्री वितरणमा ध्यान नपुगेको, गाउँमै सहज रूपमा उपलब्ध हुने खानेपानी (मिनरल वाटर) तथा आलु जस्ता वस्तुहरू राहतको रूपमा प्राप्त भई वितरण हुँदा भूकम्प पीडितहरूको आवश्यकतालाई ध्यान पुऱ्याउन नसकेकोले तथा स्थानीय निकायमा जनप्रतिनिधिको अभावले गर्दा राहत वितरणमा समस्या परेको भनी निष्कर्ष निकालेको थियो ।

उक्त निष्कर्षको आधारमा आयोगले नेपाल सरकारलाई विपत् व्यवस्थापन प्रतिकार्य ढाँचा, २०७० ले व्यवस्था गरेका संयन्त्रको आपसी समन्वयद्वारा पूर्ण कार्यान्वयन गर्न-गराउन, भूकम्पका कारण बेपत्ता भएका मानिसको खोजतलास गर्न, घाइतेहरूको निःशुल्क र प्रभावकारी उपचार गर्न, भूकम्पबाट धराप भएका भौतिक संरचनाहरूको यथोचित प्रबन्ध मिलाउन, उद्धारकर्मीको लागि ग्लोभ्स, हेल्मेट र आवश्यक औजार, उपकरणको व्यवस्था गर्न गराउन, संभावित महिला हिंसा रोक्न, सुरक्षा सतर्कता प्रभावकारी बनाउन, कारागारका कैदीबन्दीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न, कारागारमा भत्किएका संरचना मर्मत गर्न, कारागार र हिरासतमा रहेका बन्दीहरूको लागि आवश्यक म्याट्रेस लगायतका बस्न आवश्यक पर्ने सामानहरूको उचित प्रबन्ध गर्न, कैदी/बन्दीहरूलाई मनोसामाजिक परामर्शको सेवा उपलब्ध गराउन, भूकम्पमा परी मृत्यु भएका व्यक्तिहरूको आफन्त पता लगाई मृतकका आफन्तलाई शव हस्तान्तरण एवं सरकारद्वारा घोषणा गरिएको क्रियाखर्च लगायत सहुलियत उपलब्ध गराउन सिफारिश गरेको थियो ।

यसैगरी प्राकृतिक प्रकोपबाट उत्पन्न हुन सक्ने विपत्तिको न्यूनीकरण तथा प्रभावकारी उद्धार एवं राहत लगायत पुनर्निर्माणमा नेपाल सरकारको पूर्वतयारी अत्यन्त कमजोर देखिएकोले आगामी दिनमा सुधार गर्न, एकीकृत बस्ती विकासको योजना तत्काल बनाई कार्यान्वयनमा लैजान, अत्यावश्यक दैनिक उपभोग्य वस्तु चामल, नून, तेल, दाल तथा त्रिपाल नपुगेका स्थानमा तत्काल खाद्यान्न, टेण्ट तथा त्रिपालको व्यवस्थापन गरी वितरण गर्न, मनसुन शुरु हुनुअघि नै जस्तापाता उपलब्ध गराउन, उद्धार, राहत वितरण, पुनर्स्थापना र पुनर्निर्माणसम्बन्धी कार्य गर्दा सरकारका विभिन्न निकायबीच पर्याप्त समन्वय, सम्पर्क र सहकार्य गरी प्रभावकारी रूपमा कार्य गर्न, बिरामीको उपचारको प्रबन्ध मिलाउन, स्थानविशेषका आवश्यकतालाई बुझेर मात्र राहत सामग्री वितरण गर्न, भवनहरूको पुनर्संरचना गर्दा भूकम्प प्रतिरोधी प्रणालीको प्रयोगलाई

प्रवर्द्धन गर्न, असुरक्षित बस्तीहरूलाई सुरक्षित स्थानमा बस्ती बसाउने कार्य तत्काल गर्न, व्यवस्थित पुनर्स्थापनाको व्यवस्था गर्न र भूकम्पका कारण क्षति पुगेका सडकहरू तत्काल पुनर्निर्माण गरी सञ्चालनमा ल्याउन, रोग फैलिएर महामारी हुन सक्ने अवस्थाको रोकथामको लागि विशेष कार्यक्रम बनाई लागू गर्न, कृषकहरूको लागि मल, बीउबिजन निःशुल्क रूपमा वितरण गर्न गराउन, नेपाल सरकारले तोकेको गुणस्तरभन्दा कम गुणस्तरको खाद्यान्न वितरण गर्ने दोषीउपर कानूनी कारबाही गर्न, दैवी प्रकोपमा राहत र उद्धारसम्बन्धी कार्यमा वर्तमान ऐनकानूनहरू अपर्याप्त र झन्झटिलो भएको भन्ने कार्यान्वयनकर्ताहरूको अनुभव रहेको पाइएकोले त्यस्ता ऐनकानूनलाई व्यवहारिक बनाउन आवश्यक संशोधन प्रक्रिया अवलम्बन गर्न सिफारिश गरेको थियो ।

यस्तै उद्धार र राहतका कार्यक्रमहरू थप प्रभावकारी बनाउन, विद्यालय भवनहरूको आवश्यक व्यवस्था गर्न र अस्थायी संरचना निर्माण गरी यथाशीघ्र पठनपाठन सञ्चालन गर्न, मनोसामाजिक परामर्श विद्यालय र समुदायमा सञ्चालन गर्न-गराउन, भवन निर्माण आचारसंहिताको पूर्ण कार्यान्वयन गर्न गराउन, घरबारविहीन भएका पीडितहरूको लागि तत्काल उचित क्षतिपूर्तिसहित पुनर्स्थापना गर्न, परिवार गुमाएका, घर पूर्णरूपमा ध्वस्त भएका व्यक्तिहरूलाई सरकारले रोजगारमूलक सीप, तालिम दिई रोजगारीको व्यवस्था मिलाउन, सरकारी भवन भत्किँदा नागरिकका नागरिकताको प्रमाणपत्र, जग्गाधनी प्रमाण पूर्जा, जन्ममृत्यु एवं वैवाहिक प्रमाणपत्र जस्ता अत्यावश्यक लिखत संरक्षण गर्ने, गराउने प्रबन्ध गर्न सिफारिश गरेको थियो ।

यस्तैगरी राहत वितरणमा दूर्गम क्षेत्र, पिछडिएको वर्ग, गरीब, असहाय, गर्भवती महिला, ज्येष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्ति र सीमान्तकृत वर्गलाई विशेष प्राथमिकता दिन, चरम गरीबी, असमर्थ र नसक्नेलाई प्राथमिकतामा राखी राहत वितरण तथा पुनर्स्थापना गर्न, महिला, बालबालिका र पालमा रहेका ज्येष्ठ नागरिकहरूको सुरक्षाको लागि आवश्यक व्यवस्था मिलाउन, जनताले पाउने सेवा सुविधाको बारेमा सूचना पाउने व्यवस्था मिलाउन, राहत तथा पुनर्स्थापना कार्यक्रममा सहज पहुँचको लागि आवश्यक व्यवस्था मिलाउन, स्थानीय निर्वाचनको लागि आवश्यक व्यवस्था मिलाई जनताको जनप्रतिनिधि छान्न पाउने अधिकारको सम्मान गर्न, अन्तर्राष्ट्रिय समुदाय, गैसस, दातृ निकाय आदिसँगको समन्वय र सहकार्यमा एकद्वार प्रणालीमार्फत राहत वितरण एवम् उचित पुनर्वासको व्यवस्था मिलाउन, मानव अधिकारमैत्री अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजनाको आधारमा राहत, पुनर्स्थापना र पुनर्निर्माणका कार्यक्रम सञ्चालन गर्न-गराउन र राहत सामग्री तथा दैनिक उपभोग्य वस्तुको कृत्रिम अभाव, मूल्य वृद्धि तथा कालोबजारी तत्काल नियन्त्रण गर्न सरकारलाई सुझाव दिएको थियो ।

आयोगले राजनीतिक दलहरूलाई राहत वितरणमा सहयोग पुऱ्याउन, स्वयम्‌सेवकहरूलाई स्थानीय तहसम्म परिचालन गर्न-गराउन, भूकम्पपीडितको वास्तविक स्थिति अध्ययन गरी आवश्यक सहयोग पुऱ्याउन र समाजमा आपसी सद्‌भाव, शान्तिसुरक्षाको

अवस्थालाई सुदृढ तुल्याउन आवश्यक सहयोग पुऱ्याउन भनेको थियो ।

त्यस्तै नागरिक समाजलाई राष्ट्रिय विपत्को घडीमा आमनागरिक र पीडितलाई सूचना सम्प्रेषण, प्रभावकारी अनुगमनसमेतको लागि पहरेदारीको भूमिका निर्वाह गर्न गराउन, राहत वितरणमा सरकारको एकद्वार प्रणालीमा आबद्ध भई ग्रामीण तथा दूर्गम क्षेत्रलाई विशेष प्राथमिकता दिई कार्य गर्न सहयोग पुऱ्याउन र भूकम्पपीडितहरूको उचित पुनर्वास तथा गुणस्तरीय खाद्यान्न, शिक्षा, स्वास्थ्यको क्षेत्रमा केन्द्रित भई मानवीय सहयोग पुऱ्याउन अनुरोध गरेको थियो ।

## ४. भूकम्प प्रभावितको अवस्था सम्बन्धमा विगतमा गरिएको अनुगमनपश्चात गरिएका सिफारिशहरू

भूकम्पको क्षति, उद्धार, राहत तथा विपत् व्यवस्थापन कार्यका बारेमा मानव अधिकारका दृष्टिकोणले अनुगमन गरी प्राप्त तथ्यहरूको विश्लेषणका आधारमा भूकम्प प्रभावितहरूको अधिकार संरक्षण र विपत् व्यवस्थापन कार्यको समग्र प्रभावकारिता सुदृढ गर्न नेपाल सरकार, राजनीतिक दल, विभिन्न सङ्घसंस्था, नागरिक समाज तथा सरोकारवाला निकायलाई तत्काल गरिहाल्नु पर्ने कुराका हकमा उक्त शीर्षक तत्काल गर्नु पर्ने सिफारिश गरिएको थियो । यसै गरी दीर्घकालमा नीतिगत रूपमै गरिनु पर्ने कामहरूका बारेमा पनि सिफारिश गरिएको थियो । आयोगका सिफारिशहरू निम्नानुसार छन् :-

**नेपाल सरकारलाईः**

**(क) उद्धार सम्बन्धमा**

१. प्राकृतिक प्रकोपबाट उत्पन्न हुन सक्ने विपत्तिको न्यूनीकरण तथा उद्धारका क्रममा पूर्व तयारी अपर्याप्त देखिएकोले आगामी दिनमा सुधार गर्न ।

२. भूकम्पलगायतका प्राकृतिक प्रकोपपछिको उद्धारका लागि सरकारी स्रोतसाधन अत्यन्त न्यून रहेकाले सोको पर्याप्त व्यवस्थापन गर्न ।

३. भूकम्पमा परी बेपत्ता भएका व्यक्तिहरूको प्रभावकारी रूपमा खोजतलास गर्न तथा प्राकृतिक प्रकोपबाट मृत्यु भई पहिचान हुन नसकेका शवहरूको व्यवस्थापन गर्दा अनिवार्य रूपमा डीएनए परीक्षण गरी तथ्याङ्क दुरुस्त राख्ने व्यवस्था गर्न ।

४. प्राकृतिक प्रकोपपछिको अवस्थामा मानव बेचबिखन खासगरी महिला तथा बालबालिकाको बेचबिखनको जोखिम बढेको पाइएको हुँदा त्यसको न्यूनीकरण गर्ने कार्यक्रमहरूलाई प्रभावकारी बनाउन ।

५. प्राकृतिक प्रकोप एवं भूकम्पबाट कसरी सुरक्षित हुने भन्ने विषयमा विद्यालय, विश्वविद्यालय एवं अन्य शैक्षिक संस्थामा व्यावहारिक शिक्षा प्रवर्द्धन गर्न ।

६. उद्धारसम्बन्धी कार्य प्रभावकारी ढंगले गर्न दैवी प्रकोप उद्धार समितिलाई सरकारको कुनै निकाय वा विभाग अन्तर्गत नराखी छुट्टै, स्वतन्त्र, स्रोतसाधन र अधिकार सम्पन्न निकाय बनाउन ।

**(ख) राहत सम्बन्धमा**

१. पुनर्निर्माण कार्यमा भएको ढिलाइको कारणबाट त्रिपाल र अस्थायी टहरामा बसोबास गरिरहेका भूकम्पपीडितहरू चिसोका कारण मृत्यु समेत भएको पाइएकोले मौसम अनुकूलको राहत वितरण एवं पूर्व सावधानीका उपायहरू अवलम्बन गरी प्राकृतिक प्रकोप प्रभावितहरूको जीवन रक्षाको लागि आवश्यक व्यवस्था मिलाउन ।

२. भूकम्पले पूर्ण क्षति भएका घरका परिवारलाई सरकारले वितरण गरेको अस्थायी आवास व्यवस्थापन र न्यानो कपडाबापतको रकम उल्लेख्य संख्याका पीडितहरूले प्राप्त नगरेको र प्राप्त गरेकाले पनि निकै ढिलो गरी प्राप्त गरेकाले राहत वितरण प्रणालीलाई पारदर्शी र न्यायोचित बनाउन ।

३. राहत वितरण कार्य बढी शहर र राजमार्ग केन्द्रित देखिएको एवम् राजनीतिक पहुँच समेतको कारणबाट वितरण प्रणाली समानतामा आधारित नभएको पाइएकोले ग्रामीण एवं दूर्गम क्षेत्रका बासिन्दाहरूको पहुँच पुग्ने गरी सबै क्षेत्र र समुदायका भूकम्पपीडितलाई राज्यको तर्फबाट प्रदान गरिने सेवा, सुविधा र सहुलियतबाट वञ्चित नहुने गरी समान पहुँचको सुनिश्चितता गर्न ।

४. भौगोलिक विकटता र बाटोघाटोको अभावमा विकट स्थानमा खाद्यान्न, लत्ताकपडा र आवश्यक अन्य सामग्री ढुवानी र वितरणमा समस्या उत्पन्न भएको पाइएकोले त्यसको उचित व्यवस्थापन गर्न ।

५. अन्तर्राष्ट्रिय समुदाय, गैरसरकारी संस्था, दातृ निकाय आदिसँगको समन्वय र सहकार्यमा एकद्वार प्रणालीमार्फत राहत वितरण एवं विपत् व्यवस्थापनका कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न ।

६. राहत वितरण गर्दा पीडितहरूको आवश्यकता पहिचान गरी उनीहरूको आवश्यकताका आधारमा वितरण गर्न तथा घरधुरीका आधारमा राहत वितरण गर्दा न्यायोचित नदेखिएकाले पारिवारिक सदस्य संख्याका आधारमा गर्ने व्यवस्था मिलाउन ।

७. प्राकृतिक प्रकोपबाट प्रभावितहरूलाई राहत वितरण गर्दा त्यस्तो विपत्तिबाट सदस्य गुमाएका परिवार, गर्भवती एवं सुत्केरी महिला, शिशु एवं बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत समुदाय, दूर्गम क्षेत्रका नागरिक तथा गरीबीको रेखामुनि रहेको वर्गलाई विशेष प्राथमिकता दिने व्यवस्था मिलाउन ।

८. गुणस्तरहीन राहत सामग्रीको वितरण भएको कारणबाट पीडितहरूको स्वास्थ्य र मानव अधिकार उपभोगमा समस्या उत्पन्न भएकाले गुणस्तरहीन सामग्रीको वितरणमा नियन्त्रण गरी दोषीउपर कानूनी कारबाही गर्ने ।

९. नेपाल सरकारले भूकम्पपीडितलाई भनी प्राप्त भएको चामललगायतको राहत सामग्री समयमा नै वितरण नगरी बिक्री गर्न लागिएको समेत पाइएकोले यसबाट पीडितहरू राहत पाउनबाट वञ्चित भएको तथा दाताहरूमा समेत नकारात्मक सन्देश जानेतर्फ सचेत भई उपलब्ध राहत सामग्री समयमा नै पीडिहरूलाई वितरण गर्ने व्यवस्था मिलाउन ।

१०. राहत सामग्री वितरणमा अनियमितता तथा दैनिक उपभोग्य वस्तुको कृत्रिम अभाव, मूल्यवृद्धि तथा कालोबजारी नियन्त्रण गर्न प्रभावकारी अनुगमन गरी कारबाहीको व्यवस्था मिलाउन ।

११. स्थानीय निकायहरूमा पर्याप्त एवं दक्ष जनशक्तिको अभावमा राहत वितरण एवं परिचयपत्र वितरणलगायतका काममा ढिलासुस्ती भई राहत वितरण कार्य प्रभावकारी हुन नसकेकाले दक्ष र पर्याप्त जनशक्तिको व्यवस्था मिलाउन ।

१२. कतिपय स्थानमा भूकम्पपीडित परिचयपत्र पहुँचको आधारमा एकै परिवारका २/३ जनाले समेत लिएको र कतिपय पीडितले परिचयपत्र नै नपाएको हुँदा सोको छानवीन गरी व्यवस्थित गर्न ।

**(ग) पुनर्स्थापना सम्बन्धमा**

१. भूकम्पपीडितहरूको पुनर्स्थापना कार्यमा ढिलाई हुँदा प्रभावितहरूको जनजीवन कष्टकर भएकाले पुनर्स्थापनाका कार्य तत्काल प्रभावकारी रूपमा सञ्चालन गर्न ।

२. भूकम्पपीडितसम्बन्धी तथ्याङ्क सङ्कलन कार्यलाई विखण्डित, व्यवस्थित, वास्तविक र यथार्थपरक बनाई सोको आधारमा पुनर्स्थापनालगायतका कार्यमा भूकम्पबाट सदस्य गुमाएका परिवार, अनाथ बालबालिका, एकल महिला, गर्भवती एवं सुत्केरी महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत समुदाय तथा दूर्गम क्षेत्रका नागरिक एवं गरीबीको रेखामुनि रहेको परिवारलाई विशेष प्राथमिकता दिन ।

३. भूकम्पका कारण जमीन चिरिएका स्थानका बस्ती बस्न योग्य भए-नभएको छुट्याउन प्राविधिक तथा भूगर्भविद्द्वारा निरीक्षण गराई उनीहरूको सुझावका आधारमा योजनावद्ध रूपमा पुर्नस्थापनासम्बन्धी कार्यक्रम सञ्चालन गर्न ।

४. जमीन चिरिएर वा पहिरो गएर विस्थापित भएकालाई उचित ठाउँमा पुनर्स्थापना गर्न तथा यसरी पुर्नस्थापना गर्दा प्रभावितहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको सुनिश्चित गर्न ।

५. भूकम्पमा परी परिवार गुमाएका, घर पूर्णरूपमा क्षति भएका एवं पुनर्स्थापना गरिने व्यक्तिहरूलाई सरकारले रोजगारमूलक सीप तथा तालिम दिई रोजगारीको व्यवस्था मिलाउन ।

**(घ) पुनर्निर्माण सम्बन्धमा**

१. भूकम्पप्रभावितहरूको आर्थिक, सामाजिक, सांस्कृतिकलगायत समग्र मानव अधिकार संरक्षण र संवर्द्धनका लागि पुनर्निर्माणका क्रममा मानव अधिकार मुखी अवधारणा अवलम्बन गर्न ।

२. पुनर्निर्माण कायोजना तर्जुमादेखि कार्यान्वयनका सबै चरणमा भूकम्प प्रभावितहरूको समावेशिता, सहभागिता र पारदर्शिताका आधारमा योजनावद्ध रूपमा कार्य सञ्चालन गर्न ।

३. सरकारी कार्यालयको भवन पुनर्निर्माण गर्दा स्वास्थ्य तथा शिक्षा जस्ता आधार भूत र अत्यावश्यक विषयसम्बन्धी भवनहरूलाई प्राथमिता दिने तथा नयाँ बन्ने भवनहरू अपाङ्गमैत्री हुने गरी निर्माण गर्ने योजना बनाई कार्यान्वयन गर्न ।

४. मापदण्डविपरीत बनेका घरहरू भूकम्पबाट बढी मात्रामा क्षतिग्रस्त भएको पाइएकाले भवन निर्माणमा वैज्ञानिक मापदण्ड बनाएर लागू गर्न तथा मापदण्डविपरीत भवन निर्माण गर्ने कार्यलाई निरुत्साहित गर्न सचेतना र कानून कार्यान्वयनलाई प्रभावकारी बनाउन ।

५. भूकम्पबाट नष्ट भएका ऐतिहासिक, धार्मिक एवं साँस्कृतिक सम्पदाको पुनर्निर्माण गर्दा सोको मौलिकता समेतलाई दृष्टिगत गरी समुदायको साँस्कृतिक अधिकारको सुनिश्चित गर्न ।

६. सरकारी भवन भत्किएका स्थानमा नागरिकका अत्यावश्यक व्यक्तिगत कागजात (नागरिकता, जग्गाधनी प्रमाणपूर्जा, जन्ममृत्यु एवं वैवाहिक प्रमाणपत्र जस्ता अत्यावश्यक लिखत अद्यावधिक हुने गरी पुनर्अभिलेखन गर्न ।

७. प्राकृतिक प्रकोपपछिको अवस्थामा प्रभावितको लागि उपलब्ध गराइने राहत, सेवा, सुविधा, सहुलियत एवं मापदण्ड समेतको बारेमा प्रभावित व्यक्तिहरू तथा कार्यान्वयन गर्ने निकायहरू समेत अनभिज्ञ रहेको पाइएकोले सर्वसाधारणलाई सरकारले प्रदान गर्ने सेवा सुविधा बारे सुसूचित गर्न सूचना नीति तय गरी कार्यान्वयन गर्न ।

८. प्राकृतिक प्रकोपमा राहत, उद्धार, पुनर्निर्माण एवं पुनर्स्थापनासम्बन्धी कार्यमा विद्यमान कतिपय कानून तथा नीतिहरू अपर्याप्त र अव्यावहारिक भएकोले त्यस्ता कानूनलाई संशोधन र आवश्यकताअनुसार नयाँ कानूनको निर्माण गर्न ।

९. स्थानीय निकायमा लामो समयदेखि जनप्रतिनिधिको अभावले गर्दा विपत् व्यवस्थापनका कार्यमा समस्या देखिएकोले स्थानीय निर्वाचन अविलम्ब

गर्ने व्यवस्था गर्न तथा सबै गाविस र नगरपालिकामा सचिवलगायत दरबन्दीअनुरूपका कर्मचारी रहने व्यवस्था मिलाउन ।

१०. पुनर्निर्माण र पुनर्स्थापनाका कार्य गर्दा विपत्को अवस्थामा बस्नका लागि खाली ठाउँ बनाउने, सम्पूर्ण घरसम्म दमकल पुग्ने गरी सडकहरू फराकिलो राख्ने, हरियाली बोटविरुवाहरू रोपेर हरित बस्तीको निर्माण गर्ने जस्ता कुराहरूलाई प्राथमिकता दिई सो अनुसार लागू गर्न ।

११. पुनर्निर्माणसम्बन्धी कार्य गर्दा सरकारका विभिन्न निकायबीच पर्याप्त समन्वय, सम्पर्क एवं सहकार्य गरी प्रभावकारी रूपमा काम गर्न ।

**राजनीतिक दललाई**

१. राजनीतिक दलहरूले भूकम्पपीडितको समस्या र मानव अधिकार अवस्थाप्रति जिम्मेवार भई विनापूर्वाग्रह पुनर्स्थापना एवं पुनर्निर्माण कार्यमा सहयोग पुऱ्याउन ।

२. राजनीतिक दलका प्रतिनिधिहरूले इमान्दारिता, निष्पक्षता र जवाफदेहिताका आधारमा काम गर्न ।

३. विपत्को घडीमा राजनीतिक प्रतिष्पर्धा र भोट राजनीति भन्दा माथि उठी एकताबद्ध रूपमा विपत्को सामूहिक रूपमा सामना गर्न ।

**गैरसरकारी सङ्घसंस्थालाई**

१. भूकम्प प्रभावितहरूको लागि कार्य गरिरहेका गैरसरकारी संस्थाहरूले सरकारी निकायसँग पर्याप्त समन्वय गरी पारदर्शिता र जवाफदेहीताका आधारमा कार्य गर्न गराउन ।

२. प्रतिबद्धता जनाएअनुरूपका पुनर्निर्माणसम्बन्धी कार्यहरू भूकम्पपीडितको सहभागिता र आवश्यकताका आधारमा कार्य गर्न ।

३. कार्य गर्दा स्थानीय आवश्यकता, प्रकृति, बजार मूल्यलाई विशेष ध्यान दिन ।

**नागरिक समाजलाई**

१. नागरिक समाजले राष्ट्रिय विपत्को घडीमा आमनागरिक र पीडितलाई सूचना सम्प्रेषण र प्रभावकारी अनुगमनसमेतको लागि पहरेदारीको भूमिका निर्वाह गर्न ।

२. भूकम्पपीडितहरूको उचित पुनर्वास, पुनर्निर्माण तथा गुणस्तरीय खाद्यान्न, शिक्षा, स्वास्थ्यको क्षेत्रमा केन्द्रित भई मानवीय सहयोग पुऱ्याउन ।

३. विपत्को बेलामा अनावश्यक होहल्लाका पछि नलाग्न सबैलाई सचेत गराउन ।

**माथि उल्लिखित सबैलाई**

१. पुनर्स्थापना र पुनर्निर्माणसम्बन्धी कार्यमा राज्यका सबै जिम्मेवार निकाय, राजनीतिक दल, नागरिक समाज एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाबीच पर्याप्त समन्वय र सहकार्य गरी कार्य गर्न ।

## ५. नीतिगत तथा दीर्घकालीन रूपमा गर्नुपर्ने सुधारका लागि सिफारिश

प्रकृतिक विपत्ति र मानव अधिकारका सन्दर्भमा भूकम्प, २०७२ का क्रममा हासिल गरिएका अनुभवका आधारमा आयोगले दीर्घकालीन रूपमा गर्नुपर्ने केही नीतिगत कामका विषयमा पनि सरकारलाई सिफारिश गरेको थियो । ती हुन् :

१. कानून सुधार कार्यदल बनाई एकीकृत रूपमा कानूनमा सुधार गर्नुपर्ने,
२. प्रभावितलाई एकमुष्ठ राहत रकम दिन अध्ययन कार्यदल गठन गरी अध्ययन गर्नुपर्ने,
३. राष्ट्रिय सुरक्षा नीतिमा पुनरावलोकन गर्नुपर्ने,
४. प्रभावकारी अनुगमन संयन्त्र निर्माण गर्नुपर्ने,
५. ठाउँ ठाउँमा स्थानीय निकालाई आधार बनाई हेलिप्याड निर्माण गर्नुपर्ने,
६. उद्धार सम्बन्धी कार्य गर्नेलाई निरन्तर तालिम दिनुपर्ने,
७. उद्धारका सरसामानको स्थानीय निकायमा प्रबन्ध गर्नुपर्ने,
८. औषधिको प्रबन्ध स्थानीय निकायमा गर्नुपर्ने,
९. स्थानीय सरकारको स्थायी प्रबन्ध हुनुपर्ने,
१०. वडा-वडामा तथ्याङ्क बैंक तयार गर्नुपर्ने,
११. आवश्यक सामग्री सूची वडा-वडामा रही प्राकृतिक प्रकोपबाट मानव अधिकार उल्लंघन भएको सूचि स्वतः संप्रेषण हुनुपर्ने,
१२. राहत वस्तु परीक्षण गर्ने व्यवस्था हुनुपर्ने,
१३. अत्यावश्यक राहत सामग्री सञ्चय र भण्डारणको व्यवस्था गर्नुपर्ने,
१४. अस्थायी आवास प्रवन्ध तत्काल मिलाउने प्रबन्ध हुनुपर्ने,
१५. राहत वितरण र प्रमाण संकलन प्रभावकारी बनाउनुपर्ने,
१६. व्यावहारिक र शीघ्र निर्देशन दिनुपर्ने,
१७. विपतमा भन्सारजन्य कसूर नियन्त्रण गर्नुपर्ने,
१८. उद्धारकर्मी र राहत वितरकलाई यथोचित सुविधा उपलब्ध गराउनुपर्ने,
१९. प्राकृतिक प्रकोपबाटा प्रभावितहरूमा परामुखीपनमा नियन्त्रण कायम गर्नुपर्ने,
२०. अभिवावक गुमाएका व्यक्तिहरूका लागि विशेष प्रबन्ध गर्नुपर्ने,
२१. मनोचिकित्सा सेवा उपलब्ध हुनुपर्ने दीर्घ रोगी, सुत्केरी, गर्भवति, ज्येष्ठ नागरिक र अपाङ्हरूलाई उपलब्ध गराउनु पर्ने सुविधा बारेमा संवेदनशील हुनु पर्ने,
२२. अपाराधिकताको रोकथाम गर्नुपर्ने,
२३. पुनर्निर्माण र पुनर्स्थापनामा शीघ्रता ल्याउनुपर्ने,

२४. आवश्यक योजना तथा नीति निर्माण छिटो गर्नुपर्ने,

२५. प्राकृतिक प्रकोपमा उद्धार, राहत वितरण, पुनर्निर्माण र पुनर्स्थापना चारै चरणलाई संवोधन गर्ने किसिमको विशिष्टीकृत विभाग बनाउन उपयुक्त हुने,

२६. प्राकृतिक प्रकोपमा समन्वय समेतका लागि एकद्वार प्रणाली लागू गर्न उपयुक्त हुने,

## ६. विगतका सिफारिस कार्यान्वयन

आयोगले विगतमा गरेको अनुगमन प्रतिवेदनका साथ सिफारिस कार्यान्वयनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाएकोमा उक्त सिफारिसहरू कार्यान्वयनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले विभिन्न निकायमा पठाएको बोधार्थ पत्र आयोगलाई प्राप्त भएको छ। सरकार तथा पुनर्निर्माण प्राधिकरणबाट भूकम्प प्रभावितहरूको मानव अधिकारको संरक्षण तथा सम्वर्द्धनका लागि केही कार्य भएको जानकारी आयोगले आयोजना गरेको संयुक्त बैठक समेतका माध्यमबाट प्राप्त भएका छन् । यस्तै केही निकायले आयोगका सिफारिसहरूको कार्यान्वयनका लागि कतिपय कार्यहरू भएको जानकारी आयोगमा प्राप्त भएका छन् । आयोगले गरेका सिफारिसको आधारमा सकारकाले गरेका काम तथा सरकारका विभिन्न निकायले गरेका कार्यहरूको विवरण यस प्रतिवेदनको परिच्छेद-२ मा समावेश गरिएको छ ।

परिच्छेद-२

# नेपाल सरकारबाट सम्पन्न भएका कार्यहरू

भूकम्प आएपश्चात् नेपाल सरकाले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको गठन गरेको छ । प्राधिकरणले समन्वय गर्ने गरी सहरी विकास मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, शिक्षा मन्त्रालय, साँस्कृतिक, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयअन्तर्गत गठित केन्द्रीय आयोजना कार्यान्वयन एकाई गठन भएको छ । नेपाल सरकार, मन्त्रालयअन्तर्गतका एकाइ तथा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट सम्पन्न कार्यको निम्नबमोजिम विवरण आयोगलाई प्राप्त भएको छ :

१. **केन्द्रीय आयोजना कार्यान्वयन एकाइसँग भएको छलफलबाट प्राप्त विवरण**

- भूकम्पपश्चात केन्द्रीय दैवी प्रकोप उद्दार समिति एवं खानी तथा भू-गर्भ विभागद्वारा भूकम्प प्रभावित १४ जिल्लामा पहिचान गरिएका करिव ४७५ वटा जोखिमपूर्ण बस्तीहरूको बृहत अध्ययन गरी वास्तविक जोखिमयुक्त बस्तीहरूको पहिचान गर्नका लागि प्राधिकरणको संयोजनमा खानी तथा भुगर्भ विभाग, जल उत्पन्न प्रकोप नियन्त्रण विभाग तथा भू-संरक्षण विभाग सहितको टोली परिचालन गरिएकोमा उक्त टोलिले हालसम्म ११७ बस्तीहरूको अध्ययन गरी ५६ वटा बस्तीहरू सार्नुपर्ने, ४० वटा बस्तीहरूलाई सुरक्षित गराउन सकिने तथा २१ वटा बस्तीहरू सुरक्षित रहेको प्रतिवेदन सहित असुरक्षित बस्तीहरूको स्थानान्तरणका निम्ति सम्भावित स्थानहरूको सिफारिश गरेको छ ।
- थप बस्तीहरूको अध्ययनका लागि आवश्यक कार्य अगाडि बढाइएको छ । यस अध्ययनका आधारमा स्थानान्तरण गर्नुपर्ने बस्तीहरूका लागि सम्भावित स्थानहरूको छनौटसहित प्रथम चरणमा विभिन्न २१ स्थानमा एकीकृत सघन बस्ती विकास गर्नका लागि सहरी विकास मन्त्रालय अर्न्तगतको केन्द्रीय आयोजना कार्यान्वयन एकाईले अध्ययन कार्य अगाडि बढाएको छ ।
- केन्द्रीय दैवी प्रकोप उद्दार समिति एवं खानी तथा भू-गर्भ विभागद्वारा भूकम्प प्रभावित १४ जिल्लामा पहिचान गरिएका ४७५ बस्तीहरूलाई विभाजन गरेर हेर्दा ५९३ बस्तीहरू भएको भनी जानकारी गराएको ।

- सार्नु पर्ने घरहरूलाई घडेरी किन्नको लागि रु. २०००००।- उपलब्ध गराउने निर्णय भएको ।
- प्रारम्भिक जानकारी अनुसार १४ वटा टोलीको प्रतिवेदनअनुसार १०८९ घर सार्नुपर्ने हुन आउने जानकारी पाइएको ।
- सार्नुपर्ने भनिएका बस्तीहरूलाई समाजमा नै पुर्नस्थापित गर्ने प्रयासमा भैरहेको ।
- उपत्यकाका तीन जिल्लाको विस्तृत अध्ययन प्रतिवेदन आउन अन्तिम चरणमा रहेको ।
- भूकम्प अति प्रभावित १४ जिल्लामा ७०० विद्यालय अन्तर्राष्ट्रिय दातृ निकाय जाइका र ए.डि बि.ले बनाइदिने भनी सम्झौता भएको । भूकम्प अति प्रभावित १४ जिल्लाका ७०० बाहेक अन्य जिल्लाका विद्यालय नेपाल सरकारले निर्माण गर्ने भन्ने जानकारी पाइएको ।
- नेपाल सरकारले भूकम्पबाट क्षति भएका विद्यालय बनाउन ४ अर्व छुट्टयाएको, सोको लागि १००० वटा विद्यालय छनौट भएको छ ।
- भूकम्पका कारण अधिराज्यभरी करिब ११०० वटा अस्पताल तथा स्वास्थ्य संस्थाका भवनहरू क्षतिग्रस्त भएकोमा ती भवनहरू निर्माणको तयारी भैरहेको ।
- भूकम्पका कारण क्षति भएका स्वास्थ संस्थाका भवनहरूको पुनर्निर्माण कार्य तत्काल गर्नपर्ने भएकाले ८३ वटा स्वास्थ्य संस्थाका भवनहरू पुनर्निर्माण कार्य सम्पन्न गरिएका । ६३ वटाको स्थायी भवन निर्माण भइरहेको तथा १६३ वटाको निर्माण कार्यका लागि डिजाइन भइरहेको भन्ने जानकारी प्राप्त भएको ।
- भूकम्पका कारण नेपालभर स्वास्थ्य क्षेत्रका भवनहरूको पुनर्निर्माणका लागि ३९ वटा गैरसरकारी संस्था तथा दातृ निकायबाट ४४४ वटा अस्पताल तथा स्वास्थ्य केन्द्रहरूको निर्माणका लागि सम्झौता गरिएको छ । जसमध्ये हालसम्म ८२ वटा सम्पन्न भइसकेका छन् भने ११५ वटा अस्थायी रूपमा, २६२ वटा प्रि-फेव संरचनामा, २७ वटा मर्मत संभार र ४० वटा अस्थायी रूपमा निर्माण कार्य गर्ने गरी सम्झौता भएका छन् । त्यसैगरी २५२ वटा स्वास्थ्य संस्थाका भवनहरू प्रि-फेव संरचनामा र ३८ वटा अस्थायी संरचनामा निर्माण भइरहेका छन् भने २९ वटा प्रि-फेव संरचनामा आ.व. ०७३/७४ निर्माण गर्ने गरी कार्य अगाडि बढाइएको जानकारी प्राप्त भएको ।
- भूकम्प प्रभावित जिल्लामा क्षति भएका सम्पूर्ण स्वास्थ्य संस्थाहरू निर्माणको लागि सम्झौता भएर निर्माणको चरणमा रहेको जानकारी प्राप्त भएको ।
- उपत्यकालगायत भूकम्प प्रभावित सबै जिल्लाहरूमा क्षति भएका स्वास्थ्य संस्थाहरूमा अस्थायी, प्रिफ्याब लगायतका संरचनाहरूमा स्वास्थ्य सेवा सुचारु रहेको जानकारी प्राप्त भएको ।

- मिति २०७३/१२/२२ गते सम्मको तथ्यांक अनुसार भूकम्प प्रभावित १४ जिल्लामा बन्दै गरेका घरहरू ४६३९९ र बनिसकेका घरहरू ३२७१ रहेको पाइयो ।
- हालसम्मको निर्णयले भूकम्प प्रभावित १४ जिल्लाका ११७००० गुनासोहरूको सम्बोधन गरी सकेको पाइयो ।

२. **आयोगले नेपाल सरकारलाई गरेका सिफारिसहरूमध्ये गृह मन्त्रालयसँग सम्बन्धित सिफारिशहरूको कार्यान्वयनको अवस्था देहायबमोजिम रहेको व्यहोरा आयोगलाई प्राप्त भएको छ :**

**(क) उद्धार सम्बन्धमा**

(१) प्राकृतिक प्रकोपबाट उत्पन्न हुन सक्ने विपद्को न्यूनीकरण तथा उद्धारका लागि सबै जिल्ला दैवी प्रकोप उद्धार समितिले विपद् पूर्वतयारी तथा प्रतिकार्यको कार्ययोजना तयार गरिएको तथा परिमार्जन गरी कार्य गरिरहेको । केन्द्रीयस्तरमा पनि क्लष्टरहरूको बैठक नियमित रूपमा आयोजना गरी आगामी दिनमा विपद् न्यूनीकरण तथा पूर्वतयारीका लागि अझ सशक्त रूपमा काम गर्न निर्देशन गर्ने गरिएको । त्यसैगरी सेण्डाई फ्रेमवर्कअनुसार नेपालमा पनि विपद् न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजना निर्माण कार्य प्रारम्भ भएको ।

(२) प्राकृतिक प्रकोपपछिको उद्धारका लागि सरकारी स्रोतसाधन पर्याप्त नभएको यथार्थ हो । जिल्लास्थित कार्यालयहरूका सरकारी स्रोतसाधन विपद् घटना धेरै हने समय अगावै मर्मत सम्भार गर्न/गराउन सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरू मर्फत निर्देशन दिइएको ।

(३) शवहरूको उचित व्यवस्थापनका लागि “विपद् पश्चातको शव व्यवस्थापन सम्बन्धी मार्गदर्शन, २०६८” कार्यान्वयन नै रहेको ।

(४) प्राकृतिक प्रकोप पछिको अवस्थामा मानव वेचविखन हुन नपाओस् भनी यस मन्त्रालय अन्तर्गतका सबै सुरक्षा निकायहरूलाई निरन्तर रूपमा सतर्क राख्ने गरिएको। खास गरी सीमा नाकाहरूमा सुरक्षा निकायहरू, गैर-सरकारी संस्थाहरू र महिला तथा बालबालिका कार्यालय मार्फत निगरानी बढाउने गरिएको छ ।

(५) प्राकृतिक प्रकोप एवं भूकम्पबाट कसरी सुरक्षित हुने भन्ने विषयमा शिक्षा मन्त्रालयसँग समन्वय गरी औपचारिक/अनौपचारिक शिक्षा दिन प्रर्वद्धन गर्ने कार्यक्रम रहेको। भूकम्प सुरक्षा दिवस तथा सिमुलेसन र ड्रिलिङ मार्फत सचेतना जगाउने कार्य गर्दै आइरहेको । साथै विश्वविद्यालयहरूमा विपद् सम्बन्धी उच्च शिक्षा अध्यापन सुरु भैसकेको ।

(६) दैवी प्रकोप उद्धार समिति “दैवी प्रकोप (उद्धार) ऐन, २०३९” अनुसार गठन भएको हुँदा र यी समितिहरूमा सरकारी साथै अन्य सम्बन्धित क्षेत्रका प्रतिनिधित्व रहने गरेको छ ।

**(ख) राहत सम्बन्धमा**

(१) भूकम्प पीडितहरूका लागि अस्थायी आवास निर्माण र चिसोबाट बच्न न्यानो कपडा खरिदका लागि सोही समयमा नगद/सामग्री राहत उपलब्ध गराइएको । हाल राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमार्फत आवश्यक व्यवस्था भइरहेको ।

(२) राहत वितरण प्रणालीलाई पारदर्शी र न्यायोचित बनाउन एकद्धार प्रणालीमार्फत राहत वितरण र व्यवस्थापन गर्न, जिल्ला दैवी प्रकोप उद्धार समिति क्रियाशील रहेको ।

(३) राहत सामग्री वितरणमा अनियमितता तथा दैनिक उपभोग्य वस्तुको कृत्रिम अभाव, मूल्यबृद्धि तथा कालोबजारी नियन्त्रण गर्न प्रभावकारी अनुगमन गरी कारवाहीको व्यवस्था मिलाउन जिल्ला प्रशासन कार्यालयहरूलाई निर्देशन दिने गरिएको ।

(४) भूकम्प पीडितका सम्बन्धमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट गुनासो सुनुवाई तथा व्यवस्थापन भैरहेको छ । साथै सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरूबाट आवश्य सहयोग, समन्वय भैरहेको र काममा प्रभावकारिता ल्याउन प्रतिवद्ध रहेको ।

**(ग) पुनर्निर्माण सम्बन्धमा**

बुँदा नं. (६) का सम्बन्धमा : नागरिकता प्रमाण-पत्र तथा वैवाहिक प्रमाण-पत्र हराएको वा नष्ट भएको सम्बन्धमा पुनः अभिलेखन कार्य भैरहेको ।

बुँदा नं. (७) का सम्बन्धमा : प्राकृतिक प्रकोपपछिको अवस्थामा प्रभावितको लागि उपलब्ध गराउने राहत, सेवा, सुविधा, सहुलियत एववं मापदण्डका सम्बन्धमा यस मन्त्रालयले “प्रकोप पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड, २०६४” अनुसार गर्ने गरेको। उक्त मापदण्ड समय-समयमा परिमार्जन हुँदै आएको। हालै मिति २०७३/१०/१४ मा पाँचौं संशोधन समेत भएको । विपद् व्यवस्थापन दिग्दर्शन र अन्य प्रकाशनहरू मन्त्रालयको वेभसाइट (moha.gov.np / drrportal.gov.np) मा राख्ने गरिएको। केन्द्रीय दैवी प्रकोप उद्धार समितिका निर्णयहरू समेत वेभसाइटमा राख्ने गरिएको ।

बुँदा नं. (८) का सम्बन्धमा : नयाँ विपद् न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक तर्जुमा भैरहेको । साथै सेण्डाई फ्रेमवर्कअनुसार विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजना निर्माण कार्य भैरहेको ।

३. **आयोगले नेपाल सरकारलाई गरेका सिफारिसहरूमध्ये सहरी विकास मन्त्रालयसँग सम्बन्धित सिफारिसहरूको कार्यान्वयनको अवस्था देहायबमोजिम रहेको व्यहोरा आयोगलाई प्राप्त भएको छ :**

बुँदा नं. घ (३) का सम्बन्धमा : यस इकाईबाट निर्णय/डिजाइन भइरहेका सम्पूर्ण भवनहरूको कम्तिमा भूइँ तलासम्म Wheel Chair पुग्न सक्ने गरी Ramp को डिजाइन गरिएको, केही भवनहरूमा Lift को व्यवस्था गरिएको र सम्पूर्ण भवनहरूमा Wheel Chair पुग्न सक्ने गरी Disable हरूका लागि छुट्टै शौचालयको व्यवस्था गर्ने गरी भवनहरूको डिजाइन गरिएको छ ।

बुँदा नं. १० का सम्बन्धमा : नेपाल सरकार मन्त्रिपरिषद, आर्थिक तथा पूर्वाधार समितिको मिति ०७२/०६/१३ को निर्णयनुसार बस्ती विकास, सहरी योजना तथा भवन निर्माणसम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ स्वीकृत भई कार्यान्वयनमा आएको छ । यस एकाईबाट कार्यान्वयन हुने सम्पूर्ण पूर्वाधारहरू सोही मापदण्ड बमोजिम गरिने छ ।

बुँदा नं. ११ का सम्बन्धमा : यस एकाइबाट भए गरेका कार्यहरू राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सहरी विकास मन्त्रालयलगायत सम्पूर्ण सरोकारवाला निकायहरूसँग छलफल गरी समन्वयात्मक रूपमा सञ्चालन भइरहेको छ ।

४. **आयोगले नेपाल सरकारलाई गरेका सिफारिसहरू मध्ये श्रम तथा रोजगार मन्त्रालयसँग सम्बन्धित बुदाँ नं. ५ सम्बन्धी छुट्टै कार्यक्रम सञ्चालन हुन नसकेको भन्ने जानकारी आयोगलाई प्राप्त भएको छ ।**

५. **आयोगले नेपाल सरकारलाई गरेका सिफारिसहरूमध्ये राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसँग सम्बन्धित सिफारिसहरूको कार्यान्वयनको अवस्था देहायबमोजिम रहेको व्यहोरा आयोगलाई प्राप्त भएको छ :**

**क. राहत सम्बन्धमा**

१. पुनर्निर्माण प्राधिकरण स्थापनापश्चात् उपत्यकाबाहिरको ११ जिल्लामा विस्तृत घरधुरी सर्वेक्षण गरी अनुदान वितरण कार्यमा कुनै पनि भेदभाव नगरी अनुदान पाउनयोग्य लाभग्राही पहिचान गरी अनुदान सम्झौता र वितरणको कार्य गरिएको छ। साथै उपत्यकाका तीन जिल्ला र भूकम्पबाट तुलनात्मक रुपमा कम प्रभावित भनिएका १७ जिल्लामा Verification Model बाट सर्वेक्षण गरी लाभग्राहीको पहिचान गरिएको छ। साथै, अनुदान वितरणको विषयमा कुनै कुरा चित्त नबुझेमा स्थानीय स्तरमै गुनासो दर्ता गरी समाधान गर्ने व्यवस्था गरिएको छ। कुनै पनि भूकम्प पीडितलाई राज्यबाट प्रदान गर्ने सेवा सुविधा र सहुलियतबाट बञ्चित गरिएको छैन ।

२. भूकम्पबाट अतिप्रभावित १४ जिल्लामध्ये उपत्यकाबाहिरका ११ जिल्लामा विस्तृत सर्वेक्षण र उपत्यकाका ३ जिल्लामा Varification Model बाट सर्वेक्षण गरी लाभग्राहीको पहिचान गरिएकोले एकै परिवारका २/३ जना लाभग्राही भएको

र कोही लाभग्राही नै नभएको अवस्था रहेको छैन । आवास अनुदान कार्यविधि, गुनासो सुनुवाइ कार्यविधि यसैसाथ संलग्न छ । यदि कुनै कुराको चित्त नबुझेमा स्थानीय स्तरमै गुनासो दर्ता गरी समाधान गर्ने व्यवस्था गरिएको छ ।

**ख. पुनर्स्थापना सम्बन्धमा**

१. निजी आवास पुनर्निर्माणको लागि अनुदान वितरणको लागि २०७३ भाद्र महिनामा अभियानकै रुपमा सञ्चालन गरी हालसम्म भूकम्पबाट अतिप्रभावित १४ जिल्लामा (उपत्यका बाहिर ११ जिल्ला र उपत्यकाको ३ जिल्ला समेत) ६२६६९५ जना अनुदान पाउनयोग्य लाभग्राहीको पहिचान गरिएकोमा हालसम्म ५६६९८५ जना लाभग्राहीलाई अनुदान वापतको पहिलो किस्ताको ५० हजार रुपैयाँ उपलब्ध गराइसकिएको छ । साथै, भूकम्पबाट तुलनात्मक रुपमा कम क्षति पुगेका १७ जिल्लाको पनि Varification Model बाट सर्वेक्षण गरी ९८२०१ जना लाभग्राहीको पहिचान गरी अनुदान सम्झौता तथा वितरणको कार्य सुरु गरिएको छ । बाँकी किस्ताहरुको रकम यस अगावै अतिप्रभावित १४ जिल्लामा पठाइसकिएको छ । प्राविधिक प्रमाणीकरण सम्पन्न हुनेबित्तिकै बाँकी किस्ता भुक्तानी पाउनसक्ने अवस्था छ । जिविकोपार्जनका कार्यक्रमहरु तथा बस्ती स्थानान्तरण समेत एकसाथ अगाडि बढाइएको छ ।

२. भूकम्पबाट प्रभावित ३१ वटै जिल्लाहरुको तथ्यांक संकलन कार्य सम्पन्न गरी लाभग्राहीको पहिचान गरिएको छ । संकलित सबैको व्यक्तिगत तथ्यांक राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको व्यवस्थापन सूचना प्रणालीमा एकीकृत गरी राखिएको छ । साथै, गैरसरकारी संस्थाहरुलाई परिचालित गरी त्यस्ता समुदायलाई लाभ पुऱ्याउने उद्देश्यले गैसस परिचालन कार्यविधि, २०७२ को उपदफा ७ मा व्यवस्था गरिएको छ ।

३. भूकम्पबाट जोखिमयुक्त भनिएका ४७५ बस्तीमध्ये ३१७ वटा बस्तीहरुको भौगर्भिक अध्ययन गर्दा ११२ वटा बस्तीहरु जोखिमयुक्त पाइएको छ । साथै, बाँकी बस्तीहरुको पनि अध्ययन कार्य भैरहेको छ । ५ वटा जोखिमयुक्त बस्ती स्थानान्तरणको प्रक्रिया भैरहेको छ ।

४. जोखिमयुक्त रहेका बस्तीहरुको स्थानान्तरणको लागि अपनाउनुपर्ने विधि र मोडालिटी तय गर्ने कार्य भइरहेको ।

**ग. पुनर्निर्माण सम्बन्धमा**

१. पुनर्निर्माणको कार्य संचालन गर्दा मानव अधिकारमुखी अवधारण अवलम्बन गरिएको छ । मानव अधिकारसँग सम्बन्धित नेपाल सरकारले अनुमोदन गरेका अन्तर्राष्ट्रिय कानून तथा संविधानले प्रत्याभूत गरेको मानव अधिकारसँग सम्बन्धित प्रावधानको अवधारणलाई पूर्णतः अवलम्वन गरिएको छ ।

२. विभिन्न विषयगत क्षेत्रसँग सम्बन्धित मन्त्रालयहरुलाई नै पुनर्निर्माणसम्बन्धी कार्यहरुको योजना तर्जुमा गरी पुनर्निर्माणको कार्यक्रम अगाडि बढाइएको छ । PDNA तयारी गर्दा स्थानीय स्तरबाटै सूचना संकलन गरिएको । PDRF मा सबै सरोकारवालाको सहभागिता सुनिश्चित । PDRF को कार्ययोजना बनाउँदा समेत समावेशिता, सहभागिता र पारदर्शिताका मूल्य, मान्यता अवलम्वन गर्नुको साथै स्थानीय योजनामा Resilient recovery का कार्यक्रम समावेश गर्न स्थानीय स्तरमा प्रशिक्षण समेत दिइएको ।

३. सोहीबमोजिम लैंगिकमैत्री, अपाङगमैत्री सार्वजनिक भवनहरु, विद्यालय डिजाइन तथा स्वीकृति दिने गरिएको । स्वास्थ्य र शिक्षा क्षेत्रमा बजेटको ठूलो हिस्सा छुट्ट्याइएको । सार्वजनिक भवन निर्माण समेत भवन संहिता अनुसार Reismic Resilient Structure अनिवार्य गरिएको ।

४. निजी आवासलाई मापदण्डअनुसार निर्माण गर्नको लागि विभिन्न १७ प्रकारका भूकम्प प्रतिरोधि घरहरुको डिजाइन सार्वजनिक गरिएको । साथै आ.व. २०७३/७४ मा थप ६ प्रकारका भूकम्प प्रतिरोधि घरहरुको डिजाइन सार्वजनिक गरिएको । निजी आवासलाई भूकम्प प्रतिरोधि बनाउनको लागि स्थानीय स्तरमा निजी घरहरुको निरीक्षण गर्न इन्जिनियरहरु खटाइएको छ । ती इन्जिनियरहरुले निरीक्षण गरेपछि मात्र दोस्रो र तेस्रो किस्ता अनुदान वितरण गरिने व्यवस्था मिलाइएको छ ।

५. पुरातात्विक महत्वका सम्पदा निर्माणमा तीव्रता ल्याउन सिंहदरबारलगायतका मौलिकता दर्शाउने धरोहरहरु परम्परागत सीप भएका कालिगढ र परम्परागत निर्माण सामाग्री प्रयोग गर्दै यथाशीघ्र पुनर्निर्माण सम्पन्न गर्न आवश्यक विधि एवं प्रक्रिया तय गर्न कार्यटोली गठन भई प्रतिवेदन तयार गर्ने कार्य भइरहेको । पुनर्निर्माण कार्य सरोकारवाला समुदाय, गुठी तथा उपभेक्ता समितिको सहभागितामा गर्न सकिने गरी खरिद कार्यविधिमा संशोधन भएको । साथै, पुरातात्विक महत्वका सम्पदा पुनर्निर्माणको लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमार्फत गर्ने व्यवस्था मिलाइएको छ ।

६. सरकारी भवन भत्किएको कारणले नागरिकका अत्यावश्यक कागजात क्षति भएको जानकारी हालसम्म प्राधिकरणलाई प्राप्त नभएको ।

७. बस्ती विकास मापदण्ड, २०७२ जारी गरी उपर्युक्त विषयहरु सम्बोधन गर्ने प्रयास गरिनुका साथै हरितबस्ती विकासको अवधारणलाई पुनर्निर्माण तथा पुनर्स्थापना नीति, २०७२ र प्राधिकरणका अन्य कार्यविधि तथा दस्तावेजहरुमा समावेश गरिएको ।

८. समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन निरन्तर अन्तरक्रियाहरु गरिएको ।

## ६. पुनर्निर्माणको क्षेत्रमा भएका कामहरूको तथ्यांकगत विवरण तालिका







*स्रोत : राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट प्राप्त विवरण*

## गुनासो फछ्र्यौट (अति प्रभावित १४ जिल्ला)

| सि.नं. | सूचक | आ.व.२०७३/७४ मा भएको प्रगति | | | |
|---|---|---|---|---|---|
| | | आ.व. २०७३/७४ सम्म | पहिलो चौमासिक अवधिसम्ममा भएको प्रगति | पहिलो चौमासिक अवधिसम्ममा भएको प्रगति | हालसम्म भएको प्रगति |
| १ | गुनासो दर्ता भएको संख्या | १२९९०८ | १८३८७२ | २०५३३५ | २०७४७६ |
| २ | फछ्र्यौट भएको गुनासो संख्या | | | ९३३७४ | १४२००० |
| ३ | गुनासो फछ्र्यौटबाट थप भएका लाभग्राहीहरूको संख्या | | | २१४५९ | ३१११३ |
| ४ | प्रवलीकरण लाभग्राही | | | १९८६६ | १९८६६ |

*स्रोत : राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट प्राप्त विवरण*

## पुरातात्विक सम्पदाहरूको पुनर्निर्माणको विवरण

| सि.नं. | विश्व सम्पदा सूचीमा समावेश भएका स्थल | पुनर्निर्माण भैरहेका सम्पदा संख्या | कैफियत |
|---|---|---|---|
| १ | पाटन दरबार क्षेत्र | २८ | |
| २ | वसन्तपुर दरबार क्षेत्र | १२ | |
| ३ | भक्तपुर दरबार क्षेत्र | १९ | |
| ४ | स्वयम्भु क्षेत्र | ४ | |
| ५ | पशुपति क्षेत्र | २१ | |
| ६ | चागुनाराण परिसर | ५ | |
| ७ | बैद्धनाथ क्षेत्र | १ | पुनर्निर्माण सम्पन्न |
| | **जम्मा** | ९० | |

*स्रोत : राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट प्राप्त विवरण*

जम्मा क्षति भएका सम्पदाहरूको संख्या : ७५० (पूर्ण क्षति १३३ र आंशिक क्षति ६१७)
पुनर्निर्माण सम्पन्न भएका पुरातात्विक सम्पदा संख्या : २० वटा

## विद्यालय भवनहरूको पुनर्निर्माणको विवरण

| सि.नं. | विवरण | जम्मा निर्माण हुने | निर्माण सम्मन्न भएका | निर्माण हुँदै गरेका |
|---|---|---|---|---|
| १ | पुनर्निर्माण गर्नुपर्ने जम्मा विद्यालय संख्या | ७९२३ | | |
| २ | JICA को सहयोगमा ६ जिल्लामा निर्माण हुने जम्मा विद्यालयहरू | २८३ | | ८३ |
| ३ | ADB को सहयोगमा ८ जिल्लामा निर्माण हुने जम्मा विद्यालयहरू | १६० | | ४९ |

| | | | | |
|---|---|---|---|---|
| ४ | विभिन्न NGO/INGO हरूबाट निर्माण हुने विद्यालयहरू | १२५० | ३२५ | ९२५ |
| ५ | १७ जिल्लामा विद्यालय व्यवस्थापन समितिहरूबाट निर्माण भएका विद्यालयहरू | | ८१६ | |
| | **जम्मा** | | ११४१ | १०५९ |

*स्रोत : राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट प्राप्त विवरण*

## सरकारी भवनहरूको पुनर्निर्माणको विवरण

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १ | पुनर्निर्माण गर्नुपर्ने सरकारी भवनहरू | २६८८ |
| २ | मर्मत गर्नुपर्ने सरकारी भवनहरू | ३७७६ |
| ३ | निर्माणको लागि ठेक्का सम्झौता भएका भवनहरू | ५१ |
| ४ | निर्मार्णको लागि टेन्डर आव्हान भएका भवनहरू | २९ |
| ५ | Design र Estimate को कार्य भैरहेका भवनहरू | ९१ |
| ६ | मर्मतको लागि ठेक्का सम्झौता प्रक्रियामा रहेका भवनहरू | ५१ |
| ७ | अस्थायी प्रकृतिका संरचना निर्माण गर्नुपर्ने भवनहरू | २८८ |
| ८ | निर्माण सम्पन्न भएका अस्थायी प्रकृतिका संरचनाहरू | ८९ |
| ९ | प्रवलीकरण/मर्मत गर्नुपर्ने भवन | २८९ |
| १० | प्रवलीकरण/मर्मत सम्पन्न | ३२ |

*स्रोत : राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट प्राप्त विवरण*

## जोखिमयुक्त बस्ती स्थानान्तरणको विवरण

| सि.नं. | विवरण | बस्तीहरूको संख्या |
|---|---|---|
| १ | जोखिमयुक्त भनी अनुमान गरिएका बस्तीहरू | ४७५ |
| २ | तीमध्ये भौगर्भिक अध्ययन गरिएका बस्तीहरू | ३१७ |
| ३ | भौगर्भिक अध्ययन गर्न बाँकी बस्तीहरू | ५१ |
| ४ | अध्ययनबाट बस्ती स्थानान्तरण गर्न सिफारिश भएका बस्तीहरू | १११ |

*स्रोत : राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट प्राप्त विवरण*

## तालिमको विवरण

| सि.नं. | जिल्ला | ७ दिनको डकर्मी तालिम | ५० दिनको डकर्मी तालिम | जम्मा |
|---|---|---|---|---|
| १ | भक्तपुर | ३३२ | | ३३२ |
| २ | धादिङ | ४३९१ | ५२३ | ४९१४ |
| ३ | दोलखा | २१८५ | ५०३ | २६८८ |
| ४ | गोरखा | ४०८१ | १२९६ | ५३७७ |
| ५ | काठमाडौं | ३६० | | ३६० |

| | | | | |
|---|---|---|---|---|
| ६ | काभ्रे | १८६० | २०३ | २०६३ |
| ७ | ललितपुर | ५०७ | १८ | ५२५ |
| ८ | मकवानपुर | १२२३ | ४१ | १२६४ |
| ९ | नुवाकोट | २७४२ | १४० | २८८२ |
| १० | ओखलढुङ्गा | ४१३ | ४८४ | ८९७ |
| ११ | रामेछाप | ३७३ | ५७४ | ९४७ |
| १२ | रसुवा | ८३८ | १४० | ९७८ |
| १३ | सिन्धुली | ४८० | २६० | ७४० |
| १४ | सिन्धुपाल्चोक | ५०१० | १२२१ | ६२३१ |
| १५ | अन्य (विभिन्न संघ संस्थाबाट) | ४०४५ | | ४०४५ |
| | **जम्मा** | **२८८४०** | **५४०३** | **३४२४३** |

*स्रोत : राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट प्राप्त विवरण*

## खानेपानी आयोजनाहरूको पुनर्निर्माणको विवरण

- पूर्ण तथा आंशिक रूपमा क्षति भएका खानेपानी आयोजनाहरू १४ जिल्लामा : ५२३३
- पूर्ण तथा आंशिक रूपमा क्षति भएका खानेपानी आयोजनाहरू १७ जिल्लामा : २५०८

**जम्मा ७७४१**

सम्पन्न भएका खानेपानी आयोजनाहरू : ३६३

चालु आ.व. भित्रै सम्पन्न हुने क्रममा रहेका खानेपानी आयोजनाहरू : १४६

## निजी आवास अनुदान वितरण (१७ जिल्ला)

- हालसम्म १७ जिल्लामा ९०,५५६ लाभग्राहीहरू पहिचान भई अनुदान सम्झौताको कार्य सुरु भएको ।
- २०७३/१२/२० गते कास्की जिल्लाको लुम्लेबाट अनुदान वितरण कार्य सुरु भएको ।

## स्वास्थ्य संस्थाहरूको पुनर्निर्माणको विवरण

- पूर्ण क्षति भएका स्वास्थ्य संस्थाहरूको संख्या : ४४०
- आंशिक क्षति भएका स्वास्थ्य संस्थाहरूको संख्या : २१०
- सामान्य क्षति भएका स्वास्थ्य संस्थाहरूको संख्या : २७९
- JICA को सहयोगमा पुनर्निर्माण हुने : वीर अस्पताल र परोपकार प्रसुती गृह
- KFW को सहयोगमा पुनर्निर्माण हुदै : गोरखा, रसुवा, दोलखा र रामेछाका जिल्ला अस्पताल भवन
- KOICA को सहयोगमा पुनर्निर्माण हुदै : नुवाकोट जिल्ला अस्पताल र नुवाकोट जिल्लाका १० वटा प्रिफाव भवन
- USAID को सहयोगमा पुनर्निर्माण हुदै : बाह्रबिसे स्वास्थ्य केन्द्र सिन्धुपाल्चोक
- हालसम्म पुनर्निर्माण सम्पन्न भएका स्वास्थ्य संस्थाहरूको संख्या : २००

## सुरक्षा निकायका भवनहरूको पुनर्निर्माणको विवरण

- निर्माण सम्पन्न भएका नेपाली सेनाका भवनहरूको संख्या ३३
- चालु आ.व.मा निर्माण हुने नेपाली सेनाका भवनहरूको संख्या ३७
- आगामी आ.व.मा निर्माण हुने नेपाली सेनाका भवनहरूको संख्या ९
- निर्माण सम्पन्न भएका नेपाल प्रहरी/सशस्त्र प्रहरीका भवनहरूको संख्या ५५०
- चालु आ.व.मा निर्माण हुने नेपाल प्रहरी/सशस्त्र प्रहरीका भवनहरूको संख्या ५७१
- आगामी आ.व.मा निर्माण हुने नेपाल प्रहरी/सशस्त्र प्रहरीका भवनहरूको संख्या ८०

परिच्छेद-३

# आयोगको अनुगमनबाट प्राप्त तथ्यहरु

**आयोगको टोलीले  भूकम्प प्रभावितहरुको पछिल्लो अवस्था के छ भन्ने बारेमा भूकम्प अति प्रभावित १४ जिल्लाको विभिन्न समयमा स्थलगत अनुगमन गर्दा निम्नबमोजिम तथ्यहरू प्राप्त गरेको छ :**

## ३.१. रसुवा

- रसुवामा भूकम्प प्रभावितका लागि नयाँ बस्ती सार्ने स्थान पहिचान भएको छैन भन्ने जानकारी  जिल्लाबाट प्राप्त भयो ।
- भूकम्प प्रभावित रसुवा जिल्लाका हाकु, डाँडागाउँ गाविस बस्नयोग्य छ छैन पूर्ण रूपमा एकिन हुन सकेको छैन भन्ने भनाइ पाइयो । भूकम्प पछि हिम पहिरोले मानवीय र भौतिक क्षति भएको लामटाङ गा.वि.स. को पनि बस्ती बसाउने सम्बन्धमा टुङ्गो नलागिसकेको बुझियो ।
- रसुवा जिल्लाको गोगनेमा जोखिमयुक्त बस्ती भए पनि अन्य विकल्प नपाइएको बुझियो ।
- सार्नुपर्ने भनी सुनिश्चित गरिएका बस्तीहरूका प्रभावितहरू केही समय अन्यत्र गए पनि पछि  पुरानै स्थान भूकम्प र पहिरोले क्षति पुऱ्याएको ठाउँ नजिक गएर बसिरहेको पाइयो ।
- पहिरो तथा भूकम्पले धेरै क्षति पुऱ्याएर बस्नै नसकिने रसुवाको हाकु गाविसका केही वडाका लगभग १५० परिवारहरू सदरमुकाम धुन्चे नजिक खालि जग्गामा नेपाली सेनालगायत अन्य संघसंस्थाले बनाइदिएको अस्थायी घरहरूमा बसेको र बाँकी पुनः गाँउमा नै फर्किसकेको भन्ने पाइयो ।
- अस्थायी घरहरूमा बसेका परिवारहरूको आम्दानीको श्रोत र रोजगारी नहुदा बिहान बेलुकाको छाक टार्न मुस्किल रहेको, सक्नेले गिटी कुटेर गुजारा गरेको र नसक्नेको अवस्था झन दयनीय रहेको पाइयो ।
- रसुवा जिल्लाको हाकु गाँउका ७ वटा वडा र डाँडागाउँका ८ र ९ वडाका अधिकांश परिवारको जग्गा स्वयम्भूनाथ गुठीको नाममा रहेको कारण पहिलो किस्ता पाउन नसकेको, त्यसैगरी सार्वजनिक स्थानमा बसेका र पासाङ्गल्हामु

राजमार्गको १५/१५ मिटरभित्र घर भएकाहरूले आफ्नो नाममा लालपुर्जा नहुँदा र यसको छिनोफानो पनि भइनसकेकाले पहिलो किस्ता पाउन नसकेको पाइयो ।

- रसुवा जिल्लाकै लामटाङ गाविसको हिमपहिरोले क्षति पुऱ्याएको स्थान छोडेर तलमाथि बसेका परिवारलाई स्थानीय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले हवाइमार्गबाट सामग्री पठाएर केही सहज भएको पाइयो ।
- रसुवा जिल्लाका गुठी जग्गाबाहेकका अधिकांशले पहिलो किस्ताको रकम पाएको र गुठीको जग्गामा मोही कायम गरेर पहिलो किस्ता उपलब्ध गराउने सहमति भएको पाइयो ।
- भूकम्पको कारण बस्ती सार्नुपर्ने भनिएका स्थानहरूमा सरकारी कार्यक्रमहरू लैजान गाऱ्हो परेको भनाइ पाइयो ।
- प्रभावितहरू केही यथास्थान र केही वरपर आफ्नै जग्गामा टहरो बनाएर बसेको पाइयो ।
- केही प्रभावितहरू नजिकैको अन्यको जग्गा भाडामा लिएर टहरो बनाएर बसेको पाइयो ।
- रसुवाको हाकु र डाँडागाँउ गाविसबाट विस्थपित भएका ७० घर परिवार नौबिसेस्थित ३ नम्बर क्याम्पमा बसोबास गर्दै आएको पाइयो । उक्त स्थानमा विभिन्न सामाजिक संस्थाको सहयोगमा अस्थायी संरचनामा बनाई बस्दै आएकोमा जग्गाधनिको चेतावनीपछि अस्थायी संरचना भत्काएर नजिकै रहेको त्रिशुली नदी छेउको खाल्टे बगरमा स्थानान्तरण गर्न थालिएको जानकारी पाइयो ।
- भूकम्प पछि नै सुरक्षित स्थानको खोजीको क्रममा जग्गा भाडामा लिएर बस्दै आएका भूकम्प पीडितलाई सरकारी निकायले पनि वेवास्ता गरेको समयमा जग्गाधनीले ठाउँ खालि गर्न निर्देशन दिएपछि आफुहरूको बिचल्ली भएको गुनासो गरे ।
- हाकु, डाँडागाँउ गाविसका विस्थापितलाई त्रिशुली बगरछेउमा अस्थायी रूपमा स्थानान्तरणका लागि प्रयास भइरहेको पाइयो ।
- प्रभावितहरू आफ्नो पुरानो थातथलो छोडि टाढा अन्यत्र जान राजी नभएको कारण दैवि प्रकोप उद्दार समितिले कुनै योजना बनाएको पाइएन ।
- प्रभावितहरूको इच्छा बमोजिम बस्ती सार्न उपयुक्त हुने नागरिक समाजको प्रतिक्रिया पाइयो ।
- उल्लेखित विभिन्न कारणहरूले गर्दा बस्ती सार्ने कार्य अगाडि नबढेको पाइयो ।
- बस्ती सार्नुपर्ने स्थानका नागरिहरूले भूकम्प प्रभावितहरूले पाउने अनुदान रकम प्राप्त गरेको र केही घर बनाउने योजनामा रहेका तर शुरु भने नगरेको अवस्था पाइयो ।

- सरकारले बस्ती सार्नुपर्ने भनी भनेको स्थानमा घर निर्माण शुरु गरेमा दोस्रो किस्ता प्राप्त गर्न सकिदैन कि भन्ने आशंकाले पनि घर निर्माण सुरु हुन नसकेको बुझियो ।
- कतिपयले घर बनाउन भनी प्राप्त पहिलो किस्ताको रकम अन्यत्र खर्च गरेको भन्ने जानकारी पाइयो ।
- कतिपय स्थानमा भत्किएका विद्यालय बनाउन जग्गा नभएकोले विद्यालय बनाउन कठिनाई भएको पाइयो ।
- जिल्लामा रहेका विद्यालयहरूको भौतिक अवस्था कुनै पूर्ण रूपमा क्षतिग्रस्त रहेका, केही मर्मत संभार गर्नुपर्ने र केही पूर्ण रूपमा नयाँ निर्माण गर्नुपर्ने भनी वर्गीकरण गरिएको पाइयो ।
- प्रभावित विद्यालयमा अस्थायी टहरा निर्माण गरी पठनपाठन सुचारु रहेको पाइयो ।
- सरकार, स्थानीय गैरसरकारी संस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको सहयोगमा विद्यालयहरू मर्मत संभार र नयाँ निर्माणको क्रममा रहेको पाइयो ।
- जोखिमयुक्त संरचनामा पठनपाठन भएको पाइएन तर कतिपय जोखिमयुक्त भवनको नजिकै अस्थायी टहरोमा पठन पाठन भइरहेको पाइयो ।
- नयाँ निर्माण भएका विद्यालय र निर्माणको क्रममा रहेका विद्यालय भूकम्प प्रतिरोधि रहेको भनाइ पाइयो ।
- लाङटाङमा हिमपहिरोले स्वास्थ्य संस्था बगाएको र कर्मचारी (स्वास्थ्यकर्मि) समेतको मृत्यु भएकोमा लाङटाङमा स्वास्थ्य सेवा सुचारु गर्न सकिएको पाइएन ।
- गाउँमा भूकम्पपश्चातको राहतको क्रममा आएको औषधिले भरथेग भएको पाइयो ।
- खरिद प्रकियाले केन्द्रबाट निःशुल्क औषधि नआएको र जिल्लाबाट खरिद गर्नंपर्ने औषधि दोश्रो चौमासिकमा बजेट भएकोले निःशुल्क वितरण गर्ने औषधि कुनै पनि स्वास्थ्य संस्थामा उपलब्ध भएको पाइएन ।
- रसुवा जिल्लामा ८२०० लाई पहिलो किस्ता दिइसकिएको र ३००० लाई दिन बाँकी रहेको पाइयो ।
- छुट भएर गुनासो दर्ता गराएकाहरूको नाम अनुदान उपलब्ध गराउनको लागि केन्द्रमा लेखी पठाएको जानकारी प्राप्त भयो ।
- दशैंको मुखमा रकम वितरण गरेकोले आवास अनुदान रकम सदुपयोग हुन नसक्ने होकि भन्ने धारणा नागरिक समाजको रहेको थियो ।
- रसुवा जिल्लामा पुनर्निमाण प्राधिकरणको जिल्ला समन्वय समितिको स्थापना गरी काम अगाडि बढाउने क्रममा रहेको पाइयो ।

- आवाश निर्माणको लागि भूकम्प प्रतिरोधि घरहरूको विभिन्न नक्साहरू सार्वजनिक गरेता पनि प्राविधिकहरू उपलब्ध भएको पाइएन ।

## ३.२. नुवाकोट

- सार्नुपर्ने भनी सुनिश्चित गरिएका बस्तीहरूका प्रभावितहरू केही समय अन्यत्र बसेर पुरानै स्थान भूकम्प र पहिरोले क्षति पुऱ्याएको भन्दा केही वरपर बसिरहेको पाइयो ।
- अस्थायी घरहरूमा बसेका परिवारहरूको आम्दानीको स्त्रोत र रोजगारी नहुँदा बिहान बेलुकाको छाक टार्न मुस्किल रहेको देखियो । तीमध्ये सक्नेले गिटी कुटेर गुजारा गरेको र नसक्नेको अवस्था झन दयनीय रहेको पाइयो ।
- भूकम्पको कारण बस्ती सार्नुपर्ने भनिएका स्थानहरूमा सरकारी कार्यक्रमहरू लैजान समस्या परेको पाइयो ।
- प्रभावितहरू केही यथास्थानमा र केही वरपर आफ्नै जग्गामा टहरो बनाएर बसेको पाइयो ।
- केही प्रभावितहरू नजिकैको अन्यको जग्गा भाडामा लिएर टहरो बनाएर बसेको पाइयो ।
- प्रभावित भएका बस्ती सार्ने स्थान पहिचान भएको छैन भन्ने जानकारी प्राप्त भयो ।
- बस्ती सार्नुपर्ने स्थानका नागरिहरूले भूकम्प प्रभावितहरूले अनुदान रकम प्राप्त गरेको र केही घर बनाउने योजनामा रहेको तर सुरु नगरेको बुझियो ।
- सरकारले बस्ती सार्नुपर्ने भनी भनेको स्थानमा घर निर्माण शुरु गरेमा दोस्रो किस्ता प्राप्त गर्न सकिदैन कि भन्ने आशंकाले घर निर्माण शुरु नभएको बुझियो ।
- कतिपयले घर बनाउन भनी प्राप्त पहिलो किस्ताको रकम अन्यत्र खर्च गरेको भन्ने जानकारी पाइयो ।
- भत्किएका विद्यालय बन्ने क्रममा रहेको पाइयो ।
- नयाँ निर्माण भएका विद्यालय र निर्माणको क्रममा रहेका विद्यालय भूकम्प प्रतिरोधि रहेको भनाइ पाइयो ।
- भूकम्पका कारण क्षति भएका स्वास्थ्य संस्थाको मर्मत कार्य लगभग सकिएको र नयाँ निर्माण गर्नुपर्ने स्वास्थ्य संस्थाको कार्य जारी रहेको पाइयो ।
- जिल्ला अस्पताल समुदायमा हस्तान्तरण गरिएकोले अस्पताल विकास समिति मार्फत संचालनमा रहेको पाइयो ।
- जिल्ला अस्पताल दातृ निकायको सहयोगमा बनेको प्रिफ्याबमा संचालन हुँदै आएको पाइयो ।

- केन्द्रबाट निःशुल्क वितरण गर्ने औषधि प्राप्त नभएकाले हाल भूकम्प पश्चात दाताहरूबाट प्राप्त औषधिले भरथेग गरिरहेको पाइयो ।
- जिल्लाबाट खरिद गरिने निःशुल्क औषधि दोश्रो चौमासिकमा टेण्डर भई दोश्रो चौमासिकको अन्त्यसम्म आइपुग्छ भन्ने जानकारी प्राप्त भएको ।
- केन्द्रबाट निःशुल्क औषधि उपलब्ध नहुँदा जिल्लाको बजेटले ५-६ महिना सम्म भरथेग गर्छ बाँकी समय अभाव रहन्छ भन्ने भनाइ पाइयो ।
- भूकम्प प्रभावित नागरिकहरूले शुरुमा २५ हजार, पछि आवास निर्माणको लागि पहिलो किस्ता वापत रु. ५० हजार पाएको र केही छुटेकाहरूले गुनासो दर्ता गराएकाहरूले हालसम्म पनि नपाएको बुझियो ।
- छुट भएर गुनासो दर्ता गराएकाहरूको नाम अनुदान उपलब्ध गराउनको लागि केन्द्रमा लेखी पठाएको जानकारी प्राप्त भयो ।
- पुनर्निमाण प्राधिकरणबाट नुवाकोट जिल्लामा जिल्ला समन्वय समिति गरे पनि दरबन्दी पूर्ण पूर्ति हुन नसक्दा सुस्त रूपमा कार्य भइरहेको पाइयो ।
- आवाश निर्माणको लागि भूकम्प प्रतिरोधि घरहरूको विभिन्न नक्साहरू सार्वजनिक गरेता पनि प्राविधिकहरू उपलब्ध नभएको पाइयो ।

## ३.३. धादिङ

- भूकम्प गएपछि विभिन्न सूचनाको आधारमा ३२ स्थानहरूमा जोखिम छ भनेर पहिचान गरेको पाइयो ।
- धादिङ जिल्लाको उत्तरी क्षेत्रका लापा गा.वि.स. अन्तर्गत तिङचेतका ६८ घरधुरीमध्ये ५६ घरधुरी धादिङवेशी क्याम्पमा बस्दै आएको । तेनचेत गाउँका ३८ घरधुरीमध्ये १३ घरधुरी गाउँमा नै बसी रहेको र बाँकी विभिन्न क्याम्पहरूमा रहेको, चपाङ ४९ घरधुरी, छुमराङ १६ घर धुरी र रि गा.वि.स. अन्तर्गतका कचेत, चेपराङ, अन्तर, रिजत र कराङ गाउँहरू जोखिमपूर्ण रहेको भए पनि त्यस स्थानमा घर नबनाउनु भनेर नभनेको बुझियो ।
- भूकम्पबाट धादिङ जिल्लामा १३१८ विद्यालय, ३०९४ कोठा पूर्ण ध्वस्त भएको बुझियो ।
- अध्यापनका लागि DLPIU: District Level Program Implement Unit Temporary Learning Center मा निर्भर रहनु परेको बुझियो ।
- Temporary Learning Center वातावरण अनुकूल नभएको बुझियो ।
- विशेष गरी हिमाली भेगमा विद्यालयहरू भत्किँदा समस्या धेरै रहेको पाइयो ।
- पुनर्निर्माण प्राधिकरणले राम्रोसँग समन्वय गर्न नसकिरहेका कारण लाभग्राही अन्यौलमा नै रहेको भन्ने भनाइ पाइयो ।

- रुम टु रिडले १० वटा विद्यालय बनाउने भनेको बुझियो ।
- तिङचेत गाउँमा आधारभूत विद्यालय कक्षा ५ सम्म सञ्चालनमा आएको विद्यालयमा भूकम्प भन्दा पहिले विद्यार्थी संख्या १०४ रहेकोमा भूकम्पपश्चात घटेर २१ जना मात्र विद्यार्थी संख्या रहेको जानकारी पाइयो ।
- ५ कक्षा पास भए ६ कक्षा पढनका लागि ३ घण्टा टाढाको विद्यालयमा पढन जानुपर्ने वाध्यताका कारण धेरैजसो विद्यार्थीहरूले विद्यालय छोड्ने गरेको बुझियो ।
- विद्यालयबाट कक्षा ५ वाट ६ मा पास भएका १५ जना विद्यार्थीहरू मध्ये ३ जनाले मात्र पढाई अगाडि बढाएको पाइयो ।
- हाल भूकम्पका कारण परिवारको बसाईसराई भएकोले बसाईको स्थायित्व नभएकोले पनि धेरै विद्यार्थीले विद्यालय आउन छाडेको पाइयो ।
- पूर्ण साक्षरता जिल्ला घोषणा भएको भए पनि गाउँमा अधिकांश निरक्षर रहेको पाइयो ।
- विद्यालय भवन पनि निर्माण नभएको, गाउँमाथि जोखिमपूर्ण भिर रहेको भएतापनिन जोखिमयुक्त गाउँको रूपमा नमानिएको पाइयो ।
- लाप्पा गा.वि.स.को वडा नं. २ मा ३ कक्षासम्मको विद्यालयमा हाल ७ जना मात्र विद्यार्थी रहेका पाइयो ।
- लाप्पा र रि गा.वि.सका धेरैजसो बालबालिकाहरूले भूकम्पपश्चात बासस्थानको स्थायित्व नभएको कारणले विद्यालय पढदा पढदै छाडेको बुझियो ।
- धादिङ जिल्लामा पूर्ण क्षतिग्रस्त स्वास्थ्य संस्थाहरू ३३, आंशिक क्षति भएका १३ र सामान्य अवस्थामा रहेका ७ रहेको बुझियो । साथै सेवा प्रावह गर्ने इकाइहरू १६ वटा क्षति भएको बुझियो ।
- ५१ स्वास्थ्य संस्थाहरू मध्ये ३० वटा स्वास्थ संस्थाहरूको निर्माण कार्य सम्पन्न भएको, १२ वटाको निर्माण बाँकी, ५ वटा स्वास्थ्य संस्थाहरूको सहयोगी साझेदार नभएको, ४ वटा सम्झौता पनि नभएको र काम सुरु पनि नभएको जानकारी पाइयो ।
- बस्ती जोखीमपूर्ण भनिए पनि प्राविधिक आएर जाँच नगरेका कारण स्थानीयहरूमा अन्यौलता रहेको पाइयो ।
- Blanket Approach ले पछाडि परेको वर्गलाई अझ पछाडि पार्ने सम्भावना रहेको भनाइ पाइयो ।
- टिपिलिङ्का १७/१८ वटा दलितहरूको घरको आफ्नो नाममा जग्गा जमिन नभएका कारण भूकम्प आएपछि उनीहरूको अवस्था झनै दयनीय रहेको बुझियो ।
- सार्नुपर्ने र जोखिमपूर्ण बस्ती भनिए पनि त्यस्तो बस्ती जोखिमपूर्ण हो वा होइन ? यसबारेमा अन्यौलता पाइयो ।

- भूकम्प प्रभावित वस्ने क्याम्पलाई सहयोग गर्ने कुरा रोकिएको पाइयो । केही संस्थाले कामको जिम्मा लिएर पनि सुरु नगरेको र अनुगमन पनि नभएको बुझियो ।
- भूकम्प प्रभावितको १५ हजार गुनासोमध्ये एक हजारको मात्र सम्बोधन गरिएको पाइयो ।
- अनुदानको रकम प्राप्त भएर पनि आवास निर्माण कार्य अगाडि नबढेको बुझियो ।
- भूकम्पपछि पानीको मुहान सुकेर पानीको अभाव भएको र एउटा घर बनाउन २० हजार लिटर भन्दा बढी पानी लाग्ने भएकाले पानीको समस्या रहेको पाइयो ।
- धादिङको उत्तरी क्षेत्रमा ढुवानी महँगो रहेकोले निर्माण सामग्री महंगो पर्दा घर निर्माणमा समस्या रहेको देखियो ।
- जिरो ब्यालेन्समा खाता खोलेको भनिए पनि बैंकहरूले रु ५०० खाता बापत काटेर दिएको, यस्तो समस्या एभरेष्ट बैंक र कृषि विकास बैंकमा पनि रहेको र बोल्न सक्नेलाई पुरै रकम पनि दिएको भन्ने जानकारी पाइयो ।
- भूकम्प प्रतिरोधी घर किसानमैत्री नभएको, कागजी रूपमा क्याम्पबाट गए पनि व्यवहारिक रूपमा मान्छे क्याम्पमा नै रहेको, गुनासो सुनुवाई समयमा नभएको, इञ्जिनियर समयमा नभेटिएको, इन्जिनियर र कामदारको समय मिल्न नसकेर अप्ठेरो परेको, निर्माण सामाग्री सहज नभएको जस्ता समस्या रहेको भनाइ पाइयो ।
- बृद्धबृद्धालाई सदरमुकाम आउन अप्ठेरो परेकोले अनुदानको रकम गाउँमै दिने व्यवस्था गरिनुपर्छ भन्ने भनाइ पाइयो ।
- बृद्ध, एकल महिला, आपाङ्ग, टुहुराहरूले घर निर्माणका लागि कामदार पनि पाउन सकेको छैनन् भन्ने बुझियो । विवाह दर्ता नभएको, नागरिकता नभएको र अंशको समस्या जस्ता केही समस्याहरू भूकम्प प्रभावितसँग जोडिएर आएको बुझियो ।
- लाप्पा गा.वि.स.को तिङचेत र तेनचेत, रि गा.वि.सको चपाङ, छुमराङ, कचेत, चेपराङ, अन्तर, कराङ गाउँहरू जोखिमपूर्ण रहेको भनी स्थानीयहरू हाल पनि क्याम्पमा नै बस्दै आएको पाइयो ।
- क्याम्पमा बस्ने भूकम्प प्रभावितहरूको रोजगार, खाद्यान्न अधिकार, स्वास्थ्यको अधिकार, बालबालिकाको शिक्षाको अधिकार जोखिममा रहेको पाइयो ।
- धादिङ जिल्लामा २०७३ माघ महिनाबाट भूकम्प प्राधिकरणको जिल्ला समन्वय समिति स्थापना भएको पाइयो । प्राधिकरणको काम समन्वय र कार्यान्वयन निकायहरू District level project implementation unit, Central level project implementation unit, स्थानीय विकास मन्त्रालय, शहरी विकास मन्त्रालय र शिक्षा मन्त्रालय अन्तर्गत रहेको पाइयो ।
- गा.वि.स सचिव र ईन्जिनियर बीच समन्वय हुन सकेको पाइएन ।

- पुनर्निर्माण प्राधिकरणले केन्द्रबाट नै प्रभावितहरूको लागि काम गर्ने गैससको छनौट गर्ने भएकोले जिल्लास्थित समन्वय कार्यालयलाई बोधार्थ कार्यालयको रूपमा लिइएको पाइयो ।
- गै.स.स.ले कार्यक्रम लिएर आएर साइड छानिसकेपछि फिल्डमा जानु पूर्व मात्र स्वीकृती मागेको भनाइ पाइयो । कतिपय अवस्थामा साइड पनि स्वीकृती नलिएको बुझियो । गैससले घोषणा गरेर काम शुरु नगरेको छैन, तर शुरु गरेको काम पूर्ण रूपमा सम्पन्न पनि भएको छैन भन्ने गुनासो रहेको पाइयो ।
- जोखिमपूर्ण स्थानहरू पहिचान गरी राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा समेत प्रतिवेदन पठाएको भएपनि हालसम्म प्राधिकरणले कुनै निर्णय नगरेको पाइयो ।

## ३.४. गोरखा

- प्रत्येक २/२ महिनामा भूकम्प प्रभावित क्षेत्रमा घुम्ती शिविरको आयोजना गर्ने गरिएको जानकारी पाइयो ।
- प्राधिकरणका प्राविधिकहरूलाई कार्यालय कोठा, मसलन्द, स्टेशनरी आदिको लागि  गाविसको सचिवको सामान्य समन्वयमा रहेर कार्य सम्पन्न गर्न भनिएको जानकारी पाइयो ।
- प्राधिकरणका प्राविधिकहरूको कार्यादेश घर निर्माण निरीक्षण गर्नु, सिफारिश गर्नु र प्रतिवेदन दिनु रहेकोले सामान्य स्रोत साधन गाविस सचिवको समन्वयबाट प्राप्त हुने भनाई रह्यो ।
- कतिपय प्रभावितहरूसँग गाविस सचिवले भूकम्प प्रभावित भनेर उपलव्ध गराउने रातो कार्ड र इन्जिनियरले भूकम्प प्रभावित भनेर उपलव्ध गराउने सेतो कार्ड हुँदा पनि लाभग्राहीको सूचीमा नाम नपरेको भन्ने जानकारी पाइयो ।
- लाभग्राहीको सूचीमा नाम नपरेकाहरूले काठमाडौँमा पुनरावेदन गर्ने व्यवस्था रहेकोमा अब जिल्लामा नै पुनरावलोकन गर्ने व्यवस्था मिलाउन स्थानीय प्रशासन प्रयासरत रहेको जानकारी पाइयो ।
- गैरागाउँ वडा नं. ५ बारपाक गाविसको दलित बस्ती भूकम्पको कारण स्थानान्तरण भई वडा नं ४ आर.सी.सी. टोलमा आई बसेको तर उक्त जग्गा सरकारी स्वामित्वको रहेको कारण उनीहरूलाई कहाँ घर बसाउने भन्ने दुविधा रहेको भन्ने पाइयो । साथै, पुरानो गैरीगाउँमा सम्माननीय राष्ट्रपतिज्यूबाट भूकम्प स्मृति पार्कको लागि शिलान्यास भएकोले त्यहा उक्त बस्ती पुनर्स्थापना गराउन नसकेको भन्ने जानकारी पाइयो ।
- भूकम्प स्मृति पार्कको सेरोफेरोमा दलित बस्तीलाई पुनर्स्थापना गर्न सकिएमा कम लागतमा विस्थापनमा परेका दलित बस्तीलाई व्यवस्थापन गर्न सजिलो हुने धारणा पाइयो ।

- बारपाक गाविसमा लाभग्राहीको जम्मा संख्या १२९४ मा पछि जम्मा थप ६ थपिएर १३०० लाभग्राही संख्या रहेको जानकारी प्राप्त भयो । छुट नामावली ७८ वटा निवेदन परेको मध्ये ६ वटा मात्र पुनर्निर्माण प्राधिकरणद्वारा सदर भई आएको जानकारी पाइयो ।
- सरकारले बारपाक गाविसको वडा नं. ५ गैरीगाउँस्थित भूकम्पले क्षतविक्षत बनाएको दलित वस्तिलाई भूकम्प स्मृति पार्क र संग्रहालय बनाउने योजना रहेकोले सो स्थानबाट विस्थापित बस्ती त्यही स्थानमा पुनर्वास गर्ने सम्भावना कम रहेको जानकारी पाइयो ।
- उक्त भूकम्प स्मृतिपार्क सम्माननीय राष्ट्रपतिज्यूबाट २०७३ बैशाख १२ गते शिलान्यास भएता पनि बजेट विनियोजन नभएको भन्ने जानकारी पाइयो ।
- भूकम्प प्रभावितलाई आर्थिक सहयोग गर्ने कार्यविधि आउनुभन्दा अगाडि नै निर्माण भएका ५५० लाभग्राहीले दोस्रो किस्ता रकम माग गरे पनि कार्यविधिले गर्दा उपलब्ध गराउन नसक्ने अवस्था रहेको जानकारी पाइयो ।
- शहरी विकास मन्त्रालयले एकीकृत बस्ती विकासअन्तरगत बाटो, ढल आदि विकासको कार्य गर्ने भनिए पनि त्यसमा थप केही कार्य नभएको जानकारी पाइयो ।
- पुनर्निर्माण प्राधिकरणका प्राविधिकहरूलाई गाविसबाट सक्दो सहयोग र समन्वय गरिरहेको तर गाविससँग बजेट न्यून हुने कारणले गाह्रो परिरहेको जानकारी पाइयो ।
- पुनर्निर्माणको काम राम्रोसँग गर्न गाविसमा एक कर्मचारी थप गरिनुपर्ने धारणा रहेको पाइयो ।
- केन्द्रीय तथ्याङ्क विभागद्वारा सञ्चालित "भूकम्प प्रभावित आवास पुनर्निर्माण लगत संकलन कार्यक्रम" अन्तर्गत संकलित लाभग्राही संख्या १२९४, गुनासो (थप) निवेदन (जिविस मार्फत) ७८, पहिलो किस्ता सम्झौता सम्पन्न १२८८, पहिलो किस्ता प्राप्त गरेको १२६८, हाल निर्माणाधीन घर संख्या २७१, निरीक्षण गरी परामर्श दिइएको १६५, DPC Level सम्पन्न भएको १५५, भूकम्प लगत्तै बनेका घरहरू (आफ्नै स्रोतबाट), ५५ रहेका जानकारी पाइयो ।
- ९० जनालाई जाइका र Care Nepal बाट घर निर्माण सम्बन्धी TOT तालिम दिइएको जानकारी पाइयो ।
- ५ जना महिलाले घर निर्माणसम्बन्धी तालिम लिएता पनि अवसर नपाएको भन्ने जानकारी पाइयो ।
- बारपाक गाविस वडा नं. १ पोखरी भन्ने स्थान भूकम्पको केन्द्रबिन्दु भएता पनि संघसंस्थाको कार्यक्रम खासै नभएको तर Care Nepal ले एउटा विद्यालय भवन निर्माण गरेको जसबाट १६९ घरधुरी लाभान्वित रहेको जानकारी प्राप्त भयो ।

- वारपाक गाविस वडा नं. १ पोखरीमा आधा संख्यामा पुरानै तरिकाबाट घर निर्माण हुँदै गरेको जानकारी पाइयो ।
- अन्तर्राष्ट्रिय संघसंस्था र स्थानीय गैसस तथा राजनीतिक दलबाट स्थानीय स्तरमा घर निर्माण सम्बन्धी मापदण्ड विपरीतका कुरा गर्नाले प्राविधिकहरूलाई कठिनाई र स्थानीयवासीमा अन्यौलता थपिएको भनाई पाइयो ।
- प्रत्येक हप्ताको मंगलबार पुनर्निर्माण सम्बन्धी प्रतिवेदन जिल्ला सदरमुकाम पठाउने गरेको जानकारी पाइयो ।
- पुनर्निर्माण प्राधिकरणका कर्मचारीहरूलाई आवश्यक सामग्री (स्टेशनरी, फोटोकपी, फाइल, क्यामरा, फर्निचर) आदिको अभाव रहेको भनाइ पाइयो । प्राधिकरणले गाविस सचिवको समन्वयमा गाविसको एक कोठा प्रयोग गरिरहेको पाइयो ।
- कतिपय एकाघरका दाजुभाई वा छिमेकीले जग्गाको कमीका कारण सहमतिमा जोडेर घर निर्माण गर्दा व्यवहारिक रूपमा ठिकै भएता पनि मापदण्डमा कम्तीमा ४ इन्च फरक हुनु पर्ने नियम रहेका कारण प्राविधिकहरूलाई निर्णय गर्न कठिनाई भएको जानकारी पाइयो ।
- कतिपय व्यक्तिले प्राविधिकहरूको सल्लाह विना पनि घर निर्माण गरिरहेको जानकारी पाइयो ।
- अब दोस्रो किस्ताको रकम वितरण शुरु हुने समेत जानकारी पाइयो ।
- बारपाक गाविस–१, स्नानगाउँबाट ३७ घरधुरी विस्थापित भई वारपाक -८, जोमारमा बसोबास गरिरहेको जानकारी पाइयो ।
- बारपाक गाविस -२, मान्द्रेगाउँ (स्यालखोला टोल, ल्याऔटोल) का ६९ घरधुरी अहिले त्यसै वडाको वरिपरि बसोबास गरिरहेको जानकारी पाइयो ।
- बारपाक गाविस-३, कोजेगाउँका ४१ घरधुरी विस्थापित भई वडा नं.३ कै अलगाउँमा बसोबास गरिरहेको जानकारी पाइयो ।
- बारपाक गाविस -४, स्यामेर, जोङ्गगाउँ, इतीली, लेस्यापुङ टोलहरूका २९ घरधुरी विस्थापित भई वडा नं. ४ को स्यापराङ्गमा बसोबास गरिरहेको जानकारी पाइयो ।
- बारपाक गाविस -५, गैरी गाउँ र डाँडागाउँका दलित बस्ती विस्थापित भई वडा नं. ४ को आर.सी.सी. टोलमा अस्थायी बसोबास गरिरहेको जानकारी पाइयो ।
- गैरीगाउँबाट विस्थापितहरूले पहिलो किस्ताको रकम रु. ५० हजार प्राप्त गरेता पनि सो स्थान भूगर्भविद्बाट बस्न लायक नरहेको भनिएबाट सो रकमले कहाँ घरको जग बसाल्ने भन्ने अन्यौल रहेको भनाइ पाइयो । सो स्थानको भूगर्भविद्बाट फेरि सर्भे हुने भनिएको समेत जानकारी पाइयो । सोही स्थानमा भूकम्प स्मृति पार्क र संग्रहालय बनाउन सम्माननीय राष्ट्रपतिज्यूबाट शिलान्यास समेत भएको हुँदा घर बनाउन कठिनाइ भएको पनि बुझियो ।

- बारपाक गाविस - ८, कोटगाउँका २५ घरधुरी विस्थापित भई सोही स्थान वरपर बसोबास गरिहेको र उक्त स्थान असुरक्षित रहेको भनाइ पाइयो ।
- वारपाक – ५, गैरीगाउँको दलित बस्ती विस्थापित भई प्रहरी चौकी नजिकै ३० घरधुरी अस्थायी छाप्रोमा रहेको पाइयो ।
- प्रहरीले नियमित गस्ति गरी स्थानीयको जनधनको सुरक्षाको प्रत्याभूति दिलाएको भन्ने पाइयो ।
- बस्तीमा छिटफुट घरेलु हिंसाको घटना हुने गरेता पनि प्रहरी कार्यालयसम्म आइनपुगेको र केही घटनामा प्रहरीले सोधपुछलगायतका कारवाही पनि गरेको भन्ने पाइयो । तर उक्त प्रहरी कार्यालयमा महिला प्रहरी रहेको पाइएन ।
- बारपाक गाविसका अधिकांश पुरुषहरू विदेश जाने र महिलाहरू घरायसी धन्दामा रहेको भन्ने पाइयो ।
- बारपाक गाविस-५, गैरीगाँउ अन्तरगतकै डाँडागाउँबाट बस्ती सरेर आर.सी.सी.टोल, प्रहरी चौकी नजिक ३० घरधुरी ऐलानी जग्गामा अस्थायी छाप्रो बनाई बसेकोमध्ये २९ घरधुरी दलित र १ घरधुरी गुरुङ्ग रहेको पाइयो ।
- पहिलो किस्ताको रु. ५० हजार प्राप्त भएकोमा बैंकले न्यूतम मौज्दात रु. १००० कटाएर रु. ४९,००० मात्र उपलव्ध गराएको तथा राहत रकम लिन सदरमुकाम जाँदा बास समेत बस्नु पर्ने भएकोले १ हजार थप खर्च हुने गरेको जानकारी पाइयो ।
- पहिलो किस्ताको रकम प्राप्त भए पनि आफ्नो जग्गा रहेको स्थान गैरीगाउँ भूगर्भविद्बाट बस्न अयोग्य भनिएको तथा भूकम्प स्मृति पार्क निर्माण गर्ने सरकारको योजना रहेकोले कहाँ घर निर्माण गर्ने भन्ने अन्यौल रहेको जानकारी प्राप्त भयो ।
- पुरानो बस्ती रहेको स्थानमा मापदण्ड अनुसार घर निर्माण गर्न अपर्याप्त रहेको अर्थात  जग्गाको स्वामित्वअनुसार मापदण्ड बमोजिम घर निर्माण गर्न सम्भव नरहेको जानकारी पाइयो ।
- पुरानो बस्ती रहेको स्थानमा टोलीले अवलोकन गर्दा भग्नावशेष हटाउन बाँकी रहेको पाइयो र ४-५ घरको भग्नावेष एकै ठाउँमा रहेकोले छुट्याउन असजिलो रहेको समेत पाइयो । साथै, उक्त स्थानलाई संग्रहालय तथा खुला म्युजियम समेत बनाउने भनी सम्माननीय राष्ट्रपतिज्यूवाट मिति २०७३/०१/१२ गते शिलान्यास भएको भन्ने पाइयो ।
- अस्थायी शिविरका ३० घरधुरीमा करीब २७-२८ जना बालबालिका रहेकोमा चिसोको समस्याले निमोनियाबाट पीडित भएको र कुपोषणको समेत लक्षण देखिएको जानकारी प्राप्त भयो ।
- बारपाक गाउँमा जग्गाको अभाव रहेको तथा मूल्य महङ्गो (एक हातको ५०-६० हजार) रहेकोले जग्गा खरिद गर्न समेत असमर्थ रहेको जानकारी पाइयो ।

- बारपाक गाउँ भौगोलिक अवस्थाले दुर्गम तथा सडक कच्ची रहेकोले निर्माण सामग्री महङ्गो रहेको जानकारी पाइयो । विपन्न वर्गका घरधुरीहरूलाई निर्माण सामग्री उपलव्ध गराउनुपर्ने धारणा पाइयो ।
- गैरसरकारी संस्थाले आधारभूत निर्माण सामग्री उपलव्ध गराए घर निर्माण गर्न सहज हुने जानकारी पाइयो ।
- सम्भव भएसम्म सामाजिक र सांस्कृतिक कारणले पुरा बस्ती सो गाउँबाट नजिकैको स्थानमा पुनर्स्थापित हुन चाहेको र सो सम्भव नभएमा नजिकको दुरीमा ५-७ घर समूहमा पुनर्स्थापना हुन चाहेको जानकारी प्राप्त भयो ।
- सो बस्तीका वर्ष ९ का सुजन विक र वर्ष ७ का सन्दीप विकको बाबुको निधन भइसकेको र आमा सपना सुनारको आर्थिक अवस्था निकै कमजोर रहेको पाइयो । जसका कारण ती बालकहरू टुहुरा जस्तै भएका र खानाको समयमा बस्तीमा माग्दै हिँड्ने गरेका कारण उद्दार गरिनु आवश्यक रहेको भनाइ पाइयो ।

## ३.५. मकवानपुर

- मकवानपुरमा घर निर्माणका लागि ३०२३८ जना लाभग्राही पहिचान भएकोमा जम्मा २१५६५ सँग सम्झौता भैसकेको र सोमध्ये १९३९० जनाले पहिलो किस्ता वापतको ५० हजार रकम बुझेको पाइयो ।
- रकम बुझिलगेकामध्ये जम्मा २६ जनाले घर निर्माण गरेको भन्ने जानकारी पाइयो ।
- भूकम्पबाट प्रभावितको सूचीमा आफ्नो नाम छुटेको भनी मकवानपुरमा २५५९७ ले गुनासो दर्ता गराएको जानकारी पाइयो । सो गुनासामध्ये ४०४६ फछ्र्यौट भएको बुझियो । साथै बाँकी गुनासा पनि क्रमशः फछ्र्यौट हुँदै गरेको जानकारी पाइयो ।
- पुनर्निर्माणमा प्राविधिक सहयोगका लागि जिल्लामा ६५ इञ्जिनियर खटाइएको बुझियो । गाउँमा सरकारले खटाएका इञ्जिनियरहरू नभेटिने गुनासो आएको हुँदा गाविस सचिव र सहायक सचिवलाई इञ्जिनियरको हाजिर प्रमाणित गर्ने जिम्मेवारी तोकिएको बुझियो ।
- सरकारी निकाय, पुनर्निर्माण प्राधिकरण र गैसस बीच समन्वयात्मक ढंगले काम भइरहेको जानकारी पाइयो ।
- पुनर्निर्माण प्राधिकरणसँग दरबन्दी अनुसारको कर्मचारी नभएका कारण काममा समस्या परेको बुझियो ।
- सार्नुपर्ने भनिएका बस्तीहरूको थप विस्तृत अध्ययन भैरहेको जानकारी प्राप्त भयो ।

- मकवानपुर जिल्लामा पुनर्निर्माण प्राधिकरणको सचिवालय यो अनुगमन गर्दाका बखत भर्खरै मात्र स्थापना भएको बुझियो। कार्यालय प्रमुख पनि भर्खरै कार्यालयमा पुगेकोले अन्यौलमै रहेको पाइयो।
- भूकम्प प्रभावितहरू कतिपयले अझै पनि पहिलो किस्ताको रकम रु. ५० हजार नपाएको बुझियो।
- सूचना सम्प्रेषणमा अन्यौलता भएका कारण पनि कतिपय समस्याहरू झनै थपिएको पाइयो।
- समस्या समाधानमा पत्रकारहरूलाई परिचालन गर्न सके राम्रो हुने भन्ने पत्रकार हरूको भनाइ पाइयो।
- अनुदान कनिका छरे जस्तो भएको हुँदा अनुदान रकम बढाउनुपर्ने नागरिक समाज र प्रभावितको भनाइ पाइयो।
- भूकम्म प्रभावित क्षेत्रमा अझै पनि TLC भएको हुँदा तत्काल स्थायी भवनको व्यवस्था गर्नुपर्ने भनाइ पाइयो।
- दुर्गमबाट अनुदानको रु. ५० हजार लिन सदरमुकाम आउँदा धेरै ठूलो रकम खर्च भएको हुँदा गाउँमै लिन सक्ने व्यवस्था मिलाउनुपर्ने भन्ने भनाइ पाइयो।
- एकातिर ५० हजारले घरको जग नउठ्ने, ३ लाखले घर नबन्ने, अर्कातिर त्यही ५० हजार पनि सदुपयोग नभएको समस्या देखियो।
- कतिपय ठाउँमा सामान्य घर चर्केकोले पनि अनुदान पाएको तर कतिपय स्थानमा भने पूरै भत्केकोले पनि अनुदान नपाएको हुँदा त्यसलाई पारदर्शी बनाउनुपर्ने भनाइ पाइयो। पहुँचवालाले मात्र अनुदान पाउने अवस्थाको अन्त्य गरिनुपर्ने भनाइ नागरिक समाजको थियो।
- गैर भूकम्पपीडितलाई अनुदान लिने काममा निरुत्साहित गर्नुपर्ने भनाइ प्रभावितहरूको थियो।
- भूकम्प प्रभावितलाई घरको नक्सा पास गर्न दस्तुर लिन नहुने भनाइ पाइयो।
- भूकम्पका कारण कतिपय ठाउँमा पानीको मुहान सुकेको हुँदा सो विषयमा ध्यान दिनुपर्ने भनाय पाइयो।
- पुनर्निर्माण सम्बन्धी काममा ढीलासुस्ती देखिएको हुँदा द्रुत गतिमा अगाडि बढाउनुपर्ने भनाइ रह्यो र
- कतिपयले ५० हजार र पछि पाउने ३ लाखले प्राविधिकले भने जस्तो घर बनाउन नसकिने र घर नबनाइ रकम लिँदा कालो सूचीमा परिने भन्ने डरले केहीले (४ जना) लिएको ५० हजार पनि फिर्ता गर्न आएको भन्ने जानकारी पाइयो।
- भूकम्प प्रभावितमा पुनर्निर्माण चेतनाको अभाव भएकाले सो सम्बन्धमा चेतना अभियान सञ्चालन गर्नुपर्ने देखियो।

- स्थलगत अनुगमनका क्रममा कतिपय ठाउँमा घर निर्माण कार्य अगाडि बढे पनि अधिकांश ठाउँमा घर निर्माणमा उदासिनता पाइयो ।
- पुनर्निर्माणसँग सम्बन्धित सरकारका कतिपय निर्णय प्रभावितसम्म नपुग्ने हुँदा अन्यौल कायम रहेको भन्ने बुझियो ।
- प्रभावित तथा सर्वसाधारणमा पुनर्निर्माण सम्बन्धी शिक्षा र सूचनाको अभाव भएकोले सोतर्फ ध्यान दिनुपर्ने भनाइ पाइयो ।
- अझै पनि तथ्यांकमा भूकम्प प्रभावितहरू छुटेकोले गहिरिएर छानविन गर्नु आवश्यक रहेको देखियो ।
- प्राधिकरणले बस्नयोग्य भनेका घरहरू बस्नयोग्य छैनन् भन्ने नागरिक समाजको भनाइ रह्यो ।
- गाविसले आयश्रोत प्रमाणित नगरिदिँदा भूकम्प प्रभावितलाई बैंकबाट ऋण लिन समस्या भएको भनाइ पाइयो ।
- मकवानपुरको थाहा नगरपालिमा भूकम्प प्रभावितलाई नक्सा पासमा २५ प्रतिशत छुट दिएको भए पनि सबै छुट दिनुपर्ने भनाइ पाइयो ।
- कतिपयले पहिलो किस्ताको रकम बुझी घर निर्माण कार्य अगाडि बढे तापनि उनीहरूमा दोस्रो किस्ताको रकम कुन प्रक्रियाबाट लिने भन्नेमा अन्यौल पाइयो ।
- नमूना बमोजिमको नक्सा सबैको जग्गाको साइज अनुसार नमिल्ने देखियो ।
- डकर्मी सिकर्मी नपाइने र निर्माण सामग्री अति नै महँगो भनाइ पाइयो ।
- ५० हजार नपाएका वा नलिई घर बनाएकाहरूको अनुदानमा अन्यौल कायम रहेको पाइयो ।
- मकवानपुको नामटार गाविस १ झिरघारी क्षेत्रको वतासे, कटुसघारी, दुम्सी डाँडा, बसीफाँट क्षेत्रमा भूकम्पले जमिन हल्लाएका कारण बस्तीमाथिबाट पहिरो जाने जोखिम रहेको भनी सो बस्तीका ४४ घर परिवार सोही गाविसको वडा नं. १ गोलमोड सिमथलीमा झिरघारी सामुदायिक वन क्षेत्रभित्र (त्रिभुवन राजपथसँगै) अस्थायी बस्ती बसाली बसेको पाइयो
- सो अस्थायी बस्तीमा रहेका ५ जना बाहेक कसैले पनि घर निर्माणको पहिलो किस्ता वापतको रु. ५० हजार नपाएको बुझियो
- उक्त बस्तीमा बस्न जोखिम रहेको भनिएपछि सुरक्षित स्थानमा स्थानान्तर गरिदिन पुनर्निर्माण प्राधिकरणमा निवेदन दिएको र प्राधिकरणको केन्द्रीय कार्यालयमा सो समस्या लिई सभासदको टोली समेत आइ समस्या अवगत गराएको भए तापनि अझै पनि समस्या जस्ताको तस्तै रहेको पाइयो । निवेदन दिएको लामो समय भए तापनि समस्या समाधान नभएको भनी ती बस्तीका बासिन्दाको गुनासो रहेको पाइयो ।

- सो बस्तीका बासिन्दाले टहरा आफैँ निर्माण गरेको तर सो बस्तीमा शौचालय, पानी, सरसफाइ, ग्यास चुलो आदि भने विभिन्न संघ संस्थाले उपलब्ध गराएको पाइयो ।
- अस्थायी बस्तीका बासिन्दाहरूको खेतीपाती पूर्व बासस्थान वरिपरि नै रहेकाले खेतीपाती गर्न पुरानै स्थानमा जाने र बेलुकी बास बस्न भने उक्त अस्थायी वासस्थानमा आउने गरेको बुझियो ।
- सो अस्थायी बस्ती वन क्षेत्रमा बसेको भनी वन उपभोक्ता समितिले तत्काल उठाउन आवाज उठाइरहेको तर प्रभावितहरूले हाल बसेको ठाउँमै घर बनाउन अनुदान रकम दिनुपर्ने भनी आवाज उठाइरहको पाइयो । सो ठाउँ दिन नसके उपयुक्त विकल्प दिएपछि उठेर जाने भनाइ पाइयो ।

## ३.६. सिन्धुली

- सिन्धुली जिल्लामा जम्मा लाभग्राही ३४२७० रहेको पाइयो । सोमध्ये पुर्ननिर्माण सम्झौता गरिसकेका घरधुरीको संख्या २८२६६ रहेको पाइयो ।
- आफ्नो नाममा लालपुर्जा नभएको लगायत विभिन्न कागजी प्रक्रियाका कारण भूकम्प प्रभावित ६००४ घरधुरीले पहिलो किस्ताको रकम प्राप्त गर्न नसकेको पाइयो ।
- भूकम्प प्रभावित नागरिकहरूले शुरुमा २५ हजार र हाल आवास निर्माणको लागि पहिलो किस्ता वापत रु. ५० हजार पाएको बुझियो ।
- सर्भेक्षण गरेको विवरण त्रुटीपूर्ण रहेको भनी गुनासो दर्ता भएको संख्या २२५११ रहेको पाइयो ।
- छुट भएर गुनासो दर्ता गराएकाहरूको नाम अनुदान उपलब्ध गराउनको लागि केन्द्रमा लेखी पठाएको जानकारी प्राप्त भएको ।
- नयाँ बस्ती सार्ने स्थान खुर्कोट शुरुमा प्रारम्भिक निरीक्षण गर्न टोली आएको तर पछि विज्ञ टोली आएर पहिचान भएको छैन भन्ने जानकारी सम्बन्धित निकायबाट प्राप्त भयो ।
- भीमेश्वर खुर्कोटको एउटा बस्तीका सबै भूकम्प प्रभावित आफैँ अर्को स्थानमा सरेको तर भुगर्भविदले सो स्थानलाई सार्नु पर्ने भनेको पाइएन ।
- भूकम्प बढी प्रभावित सिन्धुली जिल्लाका खुर्कोट, खाल्डे, शितलपाटी, ग्वालटार, देउरालीटारलगायत भूकम्पबाट बढी क्षति भएका स्थानहरू बस्न योग्य छ, छैन पूर्ण रूपमा एकिन हुन सकेको छैन ।
- सार्नुपर्ने भनी सुनिश्चित नगरिएका बस्तीहरूका प्रभावितहरू केही समय बसेर पुरानै भूकम्पले क्षति पुऱ्याएको स्थानमा बसिरहेको पाइयो ।

- भूकम्पले धेरै क्षति पुऱ्याएर बस्नै नसकिने भनी सिन्धुलीको कुनै पनि स्थानलाई पहिचान गरिएको पाइएन ।
- वास्तविक भूकम्प पीडित निम्न आयश्रोत भएका र अस्थायी घरहरूमा बसेका परिवारहरूको आम्दानीको श्रोत र रोजगारी नहुँदा बिहान बेलुकाको छाक टार्न मुस्किल रहेको पाइयो ।
- सिन्धुली जिल्लाको विभिन्न स्थानका परिवारको जग्गा गुठीको नाममा रहेकाको कारण पहिलो किस्ता पाउन नसकेको पाइयो ।
- त्यसैगरी सार्वजनिक स्थानका पर्ति, ऐलानिमा बसेका र राजमार्गको १५/१५ मिटरभित्र घर भएकाहरूले आफ्नो नाममा लालपुर्जा नहुँदा र यसको छिनोफानो पनि भइनसकेकाले पहिलो किस्ता पाउन नसकेको पाइयो ।
- सिन्धुली जिल्लाका गुठि, ऐलानी, पर्ति सार्वजनिक र राजमार्गको जग्गा बाहेकका अधिकांशले पहिलो किस्ताको रकम पाएको र गुठिको जग्गामा मोही कायम गरेर पहिलो किस्ता उपलब्ध गराउने सहमति भएको पाइयो ।
- प्रभावितहरू केही यथास्थानमा र केही वरपर आफ्नै जग्गामा टहरो बनाएर बसेको पाइयो ।
- लाभग्राहीको सूचीमा नपरेका वास्तविक भूकम्प पीडितहरूले दर्ता गराएको गुनासोको सम्बन्धित निकायबाट उचित र निष्पक्ष रूपमा छानविन भएको पाइएन ।
- सिन्धुली जिल्लामा पहिलो किस्ता पाउने लाभग्राहीको सूचीमा वास्तविक पीडित छुट्न गएको र अधिकांश आंशिक क्षति भएकाले अनुदान पाएको भन्ने गुनासो सुनियो ।
- भूकम्पले घरवार गुमाएपछि लाभग्राही सूचीमा नाम समावेश भएर पनि गुठीको नाममा रहेको जग्गाको कारण अनुदान पाउनबाट वञ्चित भएका पीडित, सरकारी निकाय र सामाजिक संस्थाले बेवास्ता गरेको भन्दै रुष्ट भएको पाइयो ।
- कतिपयले घर बनाउन भनी प्राप्त पहिलो किस्ताको रकम अन्यत्र खर्च गरेको भन्ने जानकारी पाइयो ।
- सिन्धुली जिल्लामा भूकम्पबाट प्रभावित विद्यालय ५३५ मध्ये आ.व.२०७२/०७३ देखि ०७३/०७४ सम्ममा निर्माणको लागि सिफारिश र सर्वे भइसकेका विद्यालय संख्या १०१ रहेको पाइयो ।
- निर्माण भइसकेको विद्यालय ३२, अन्य निकायबाट निर्माणाधिन विद्यालय ६७, सम्झौता भई काम शुरु हुन बाँकी ५ रहेको पाइयो । यस्तै मर्मत सम्भार गरी हस्तान्तरण गरिएका विद्यालय २१० रहेको पाइयो । मर्मत गर्नु पर्ने विद्यालयको संख्या ४५१ रहेकोमा २१० मर्मत संभार गरी हस्तान्तरण गरिएको पाइयो ।

- पुनःनिर्माणबाट सम्बोधन भएका विद्यालय २२१ र सम्बोधन नभएका विद्यालय ३२४ रहेको पाइयो ।
- सम्पूर्ण विद्यालयहरूमा पूर्ण रूपमा पढाइ भइरहेको पाइयो ।
- जिल्लामा रहेका विद्यालयहरूको भौतिक अवस्था कुनै पूर्ण क्षतिग्रस्त रहेका, केही मर्मत संभार गर्नुपर्ने र केही पूर्ण रूपमा नयाँ निर्माण गर्नु पर्ने भनी वर्गीकरण गरिएको पाइयो ।
- प्रभावित विद्यालयमा अस्थायी टहरा निर्माण गरी पठनपाठन सुचारु रहेको पाइयो ।
- १३ वटा विद्यालय नेपाली सेनाले बनाइरहेको पाइयो । ४१ वटा विद्यालयको निर्माणको सम्झौता भएको पाइयो । ४४ वटा विद्यालय ADB ले बनाइरहेको पाइयो । हाल १०२ विद्यालय निर्माणको चरणमा रहेको जानकारी प्राप्त भयो ।
- सरकार, स्थानीय गैरसरकारी संस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको सहयोगमा विद्यालयहरू मर्मत संभार र नयाँ निर्माणको क्रममा रहेको पाइयो ।
- जोखिमयूक्त संरचनामा पठनपाठन भएको पाइएन तर कतिपय जोखिमयुक्त भवनको नजिकै अस्थायी टहरोमा पठनपाठन भइरहेको पाइयो ।
- नयाँ निर्माण भएका विद्यालय र निर्माणको क्रममा रहेका विद्यालय भूकम्प प्रतिरोधि, अपाङ्गमैत्री रहेका पाइयो ।
- सिन्धुली जिल्लामा २२ वटा स्वास्थ्य संस्था पूर्ण रूपमा क्षति भएको र ८ वटा स्वास्थ्य संस्था आंशिक रूपमा क्षति भएको पाइयो । तत्काल पूनःनिर्माण गर्नुपर्ने देखिएका स्वास्थ्य संस्था ११ वटा रहेको पाइयो भने २ वटा स्वास्थ्य संस्थाको पुन : निर्माण शुरु भइसकेको पाइयो ।
- सबै स्वास्थ्य संस्थाहरू अस्थायी बनाइएका संरचनाहरूमा संचालनमा रहेको पाइयो ।
- खरिद प्रक्रियाले केन्द्रबाट निःशुल्क औषधि नआएको र जिल्लाबाट खरिद गर्नुपर्ने औषधि दोश्रो चौमासिकमा बजेटबाट खरिद प्रक्रियाबाट प्राप्त भएपछि निःशुल्क वितरण गर्ने भन्ने जानकारी प्राप्त भयो ।
- केन्द्रबाट निःशुल्क वितरण गर्ने औषधि प्राप्त नभएकाले हाल भूकम्प पश्चात दाताहरूबाट प्राप्त औषधिले भरथेग गरिरहेको पाइयो ।
- केन्द्रबाट निःशुल्क औषधि उपलब्ध नहुँदा जिल्लाको बजेटले ५-६ महिना मात्र औषधी पुग्ने भनाइ पाइयो ।
- पुनःनिर्माण गर्नु पर्ने स्वास्थ्य संस्थाहरूको आफ्नो जग्गा उपलब्ध हुन नसक्दा काम अगाडि बढ्न नसकेको जिल्ला जनस्वास्थ्य कार्यालय सिन्धुलीबाट जानकारी पाइयो ।

- दशैंको मुखमा आवास निर्माणको लागि पहिलो किस्ता रकम वितरण गरेकोले सदुपयोग हुन नसक्ने होकि भन्ने धारणा नागरिक समाजको पाइयो ।
- पहिलो किस्ता रकम प्राप्त गरेकाहरू मध्ये तोकेको मापदण्ड अनुसारको कार्य सम्पन्न गरी दोश्रो किस्ता माग गर्ने संख्या ज्यादै न्यून १५० घरधुरी मात्र रहेको पाइयो ।
- दोश्रो किस्ताको रकम प्राप्त गर्न प्राविधिक लगायत अन्य प्रक्रियाको बारेमा जानकारी नहुँदा कतिपयले दोश्रो किस्ताको रकम माग गर्न नसकेको भन्ने पाइयो ।
- त्यसैगरी सरकारले दिएको रकमले मात्र आवास निर्माण नहुने र बैंकबाट दिइने सहुलियतपूर्ण ऋणको व्यवस्था नहुँदा प्रभावितले चर्को व्याजमा रकम लिन बाध्य हुनुपरेको भन्ने जानकारी समेत पाइयो ।
- सिन्धुली जिल्लामा भूकम्प प्रभावित ११६ परिवारले मात्र हालसम्म आवास निर्माण सम्पन्न गरेको पाइयो ।
- पून:निर्माण प्रक्रिया अघि नै घर निर्माण गर्ने परिवारको संख्या ३१८ रहेको पाइयो ।
- जिल्लामा पुनर्निर्माण प्राधिकरणको जिल्ला समन्वय समितिको कार्यालय स्थापना गरी काम अगाडि बढाउने क्रममा रहेको पाइयो । तर सुस्त रूपमा कार्य भइरहेको भन्ने पाइयो ।
- आवास निर्माणको लागि भूकम्प प्रतिरोधी घरहरूको लागि हालसम्म १७ प्रकारका नक्साहरू सार्वजनिक गरेको पाइयो ।

## ३.७. रामेछाप

- रामेछाप जिल्लामा जम्मा ४३६०९ क्षतिग्रस्त घरधुरीले घर बनाउनको लागि राहत पाउने भनी प्राधिकरणले तथ्यांक निकालेकोमा सोमध्ये ४१०९८ घरधुरीसँग अनुदान सम्झौता भैसकेको र बाँकी सम्पर्कमा आउने क्रममा रहेको भन्ने जानकारी पाइयो ।
- सम्झौता भएकाहरूलाई हाल पहिलो किस्ताको ५० हजार उपलब्ध गराएको बुझियो ।
- रामपुर गाविसका ९७५ घर र मन्थली नपाको वडा नं २ मा रेडक्रसले रकम दिने लगायतको प्राविधिक सहयोग समेत उपलब्ध गराउने गरी सम्झौता भएको र बिजुलीकोट गाविसको वडा नं. ३ र ६ का ३१० घरहरू MEDAIR भन्ने संस्थाले सम्झौता गरी पुनर्निर्माण गराएको र त्यसमा घर निर्माण सम्पन्न भई तेस्रो किस्ताको रकम समेत (पूरै ३ लाख) बुझाइसकेको पाइयो ।
- अनुदानको पहिलो किस्ता रु. ५० हजार रकम बुझिलगेका मध्ये लगभग ३००० जना (८ प्रतिशत) जतिले घर बनाउन सुरु गरेको भन्ने बुझियो । सोमध्ये केहीले दोस्रो किस्ताको लागि निवेदन दिएको बुझियो ।

- भूकम्पबाट प्रभावितको सूचीमा आफ्नो नाम छुटेको भनी १४००५ जनाले गुनासो दर्ता गराएको जानकारी पाइयो । सो गुनासामध्ये ७९३६ फछ्र्यौट भएको बुझियो । फछ्र्यौट भएकामध्ये लाभग्राहीमा परेका १००८, पुन सर्वेक्षण गर्नुपर्ने २३७०, बस्नयोग्य घर वा अन्यत्र घर भएको भनी ४५५८ निर्णय भएको पाइयो । साथै बाँकी गुनासा पनि क्रमशः फछ्र्यौट हुँदै गरेको जानकारी पाइयो ।
- स्थानीय गुनासो फछ्र्यौट समिति, जिल्लास्तरीय गुनासो फछ्र्यौट समिति र केन्द्रीय गुनासो फछ्र्यौट समिलिते विभिन्न तहमा गुनासो फछ्र्यौटमा काम गरिरहेको बुझियो ।
- अनुगमनका बखात पनि गुनासो र पुनरावलोकन निवेदन लिने क्रम जारी रहेको बुझियो ।
- रामेछापमा दोस्रो किस्ताको लागि ६८ करोड रकम आएको भए तापनि वितरण भएको पाइएन ।
- सरकारले तोकेको मापदण्डअनुसार निर्माण कार्य अगाडि बढेको भन्ने प्राविधिकको सिफारिशपछि मात्र दोस्रो किस्ताको रकम रु. १५०००० दिने बुझियो ।
- कतिपय गाउँमा सार्वजनिक पुनर्निर्माण समिति र प्राविधिक सहायता समिति बनेको जानकरी पाइयो । साथै सभासद तथा प्रजिअ सहितको संयुक्त अनुगमन टोलीले पुननर्निर्माणको अनुगमन गर्दै गरेको जानकारी पाइयो ।
- रामेछापमा काम गर्ने गैसस र प्राधिकरण बीच समन्वयात्मक ढंगले काम भएको पाइयो । तर जिल्लास्थित सरकारी कार्यालयहरूसँगको समन्वयमा केही कठिनाइ रहेको बुझियो ।
- रामेछापमा सार्नुपर्ने भनी किटान गरिएका बस्तीमा पहिलो किस्ताको रकम नदिएको पाइयो ।
- सार्नुपर्ने भनिएका बस्तीको अध्ययन गरी सार्नुपर्ने भए सार्नुपर्ने स्थानको विकल्प सहित प्रतिवेदन दिन प्राधिकरणबाट पुनः प्राविधिक टोली खटाइएको जानकारी पाइयो ।
- पुनर्निर्माणको प्राविधिक कार्यमा सहयोग गर्न जिल्लामा ११६ इन्जिनियर खटाइएको पाइयो ।
- पुनर्निर्माण प्राधिकरणसँग दरबन्दी अनुसारको कर्मचारी नभएका कारण काममा समस्या परेको बुझियो ।
- अनुदान वितरणमा भूकम्प प्रभावितले मात्र नभएर गैरप्रभावितले पनि अनुदान रकम पाएको बरु वास्तविक प्रभावितहरू धेरै छुटको भन्ने गुनासो पाइयो ।
- रेडक्रसले पुनर्निर्माण गराएको ठाउँमा पुनर्निर्माण सम्पन्न भई तेस्रो किस्ता (२७५ हजार) को रकम समेत प्राप्त गरिसकेको पाइयो ।

- शौचालय, भूकम्पप्रतिरोधि भवन र सोलार समेत भएपछि चौथो किस्ता (बाँकी २५ हजार समेत) वापतको रकम दिने गरिएको र सो रकम हालसम्म ४ घरले प्राप्त गरेको पाइयो ।
- पानीका कारण कतिपय प्रभावितलाई घर बनाउन समस्या भएको बुझियो ।
- गाउँमा पर्याप्त दक्ष जनशक्तिको अभाव भएको पाइयो ।
- गाविस सचिव र प्राविधिक गाउँमा नबस्ने हुँदा भूकम्प प्रभावितले सिफारिश लिन गाह्रो भएको र यसले गर्दा भूकम्प प्रतिरोधि घर बन्नेमा समेत आशंका देखिएको बुझियो ।
- निर्माण सामग्री अत्यन्तै महँगो भएको र यसले गर्दा लागत धेरै बढ्ने बुझियो ।
- गुनासो सुनुवाइ कोठामा बसेर होइन फिल्डमा गएर गर्नुपर्ने भनाइ पाइयो । गुनासो सुनुवाइ पनि प्रभावकारी भएन भन्ने गुनासो आयो ।
- लाभग्राहीमा कतै एउटै घरमा दाजु भाइ दुवैको पनि नाम निस्केको र कसैकोमा एक जनाको पनि ननिस्केको भन्ने देखियो ।
- अनुदानको रकम रु. ५० हजार लिन सदरमुकाम आउँदा धेरै रकम आउन जानमै खर्च हुने गरेको गुनासो सुनियो ।
- सेवाग्राही आफैं पैसा लिन आउनुपर्ने भन्ने नियमले गर्दा डोकोमा बोकेर समेत सेवाग्राहीलाई सदरमुकाम ल्याइएको जानकारी पाइयो ।
- कतिपय लाभग्राही विदेशमा रहेकाले उनीहरूका हकदारले पैसा पाउनुपर्ने व्यवस्था गर्नुपर्ने भनाइ पाइयो ।
- अनुदानको रकम गाउँमा गाविस सचिवमार्फत उपलब्ध गराउनुपर्ने भनाइ रहेको पाइयो ।
- कागजपत्र र विवरण भर्न दुर्गमका बासिन्दालाई गाह्रो भएको बुझियो ।
- कतिपय प्रभावितमा पाँच वर्ष भित्र घर बनाए पनि हुन्छ भन्ने भ्रम रहेकाले पनि पहिलो किस्ता पाएपश्चात पनि घर बनाउन ढीला गरेको भन्ने बुझियो ।
- कतिपय जग्गाको लम्बाइ चौडाइ नमिलको हुँदा मापदण्ड अनुसारको घर बनाउन गाह्रो भएको भनाइ आयो ।
- बेथानलगायतका केही ठाउँमा इञ्जिनियरको सल्लाह र तालिमप्राप्त डकर्मी सिकर्मी बिना नै घर बनाएकोले पछि अरु किस्ता लिन समस्या हुन सक्ने भन्ने जानकारी पाइयो । तर प्राविधिकको सल्लाह विना बनेका घर पनि भूकम्म प्रतिरोधि भए पैसा पाउनुपर्ने भनाइ पाइयो ।
- कतिपय प्राविधिक पनि आफैँमा दक्ष नभएको भनाइ रह्यो ।
- प्राविधिकलाई फोन गरेर बोलाउँदा जिल्ला बाहिर छु भन्ने गरेको सुनियो ।
- दिएको रकमको सदुपयोग नदेखिएकोले अनुगमनलाई प्रभावकारी बनाउनुपर्ने भनाइ पाइयो ।

- धेरैले पहुँचको भरमा पैसा पाएको तर कतिले पाउनुपर्नेले नपाएकोमा निराशा देखिएको बुझियो ।
- बेथान गाविसमा खटिएका एक इञ्जिनियरले घर मापदण्ड अनुसार बनेको छ भनी सिफारिश गर्न पैसा मागेको पछि त्यो कुरा सेवाग्राहीले सार्वजनिक रूपमा उठाउँदा जिस्केर भनेको पो त भनी कुरा मोडेको भन्ने सुनियो ।
- गाविस सचिवले इञ्जिनियरको हाजिर प्रमाणित गर्नुपर्ने तर इञ्जिनियर शहरी विकासको र सचिव स्थानीय निकायको भएकोले एक अर्का बीच तालमेल नमिलेको देखियो ।
- कतिपय स्थानका बासिन्दाले कि राहतकार्ड देऊ कि मृत्युकार्ड देऊ भनी आक्रोश पोखेको पाइयो ।
- दास्रो किस्ताको रकम वितरणमा सुरक्षा समस्या पनि रहेको भनाइ आयो ।
- भूकम्प प्रभावितको सवालमा राज्य नै स्पष्ट नरहेको भन्ने प्रभावितको भनाइ पाइयो ।
- गाविसमा सचिव रिक्त रहेकोले काममा कठिनाइ रहेको पाइयो ।
- पुनर्निर्माण सम्बन्धी शिक्षा र चेतनाको अभाव भएकोले सोतर्फ ध्यान दिनुपर्ने भनाइ पाइयो ।
- अझै पनि तथ्यांकमा भूकम्प प्रभावितहरू छुटेकोले गहिरिएर छानविन गर्नु आवश्यक रहेको देखियो ।
- रामेछाप मन्थलीस्थित भूकम्प प्रभावित माझी बस्तीमा अधिकांश घर बस्न योग्य नभए पनि सबैले अनुदान नपाएको देखियो । उक्त स्थानमा राजकुमारी माझी, कालु माझी, सन्तोष माझी, लालबहादुर माझी नामका २ जना, रामबहादुर कार्की, बीरबहादुर माझी आदिले घर भत्केर पनि रकम नपाएको गुनासो गरे ।
- नयाँ मानिसलाई तालिम दिएकाले मिस्त्रीको काम प्रभावकारी नभएको सुनियो ।

### ३.८. दोलखा

- आवास सम्झौता भएकाहरूलाई हाल पहिलो किस्ताको ५० हजार उपलब्ध गराएको बुझियो ।
- रकम बुझिलगेकामध्ये लगभग ६२०० जना (१२ प्रतिशत) जतिले घर बनाउन सुरु गरेको भन्ने बुझियो ।
- भूकम्पबाट प्रभावितको सूचीमा आफ्नो नाम छुटेको भनी दोलखामा २१७१२ जनाले गुनासो दर्ता गराएको जानकारी पाइयो । सो गुनासामध्ये १६८४४ फछ्र्यौट भएको बुझियो । फछ्र्यौट भएकामध्ये सर्वेक्षणमा छुटेको भनी ४३८७, अन्य स्थानमा घर रहेको भनी ९०१, अपुरो बेमेल सूचना भनी ५७५, तथ्यांक नभेटिएको

४७७५, पुनरावलोकनबाट लाभग्राही कायम भएको २७१ र बहुस्वामित्व लाभाग्राही सूचिमा ७९५१ रहेको पाइयो । साथै बाँकी गुनासा पनि क्रमशः फछ्यौट हुँदै गरेको जानकारी पाइयो ।

- भूकम्मबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान कार्यविधि, २०७३ संशोधन भएको र संशोधनबाट सार्वजनिक, सरकारी, वन क्षेत्र बाहिरको जग्गा जस्तैः गुठी, विर्ता, मोही लागेको जग्गाका प्रभावितलाई अनुदान दिने र यसका लागि मालपोत तिरेको निस्सा वा छिमेकी सँधियारको सर्जमिनबाट उक्त स्थानमा घर भएको र सो कुरामा साँध सँधियारको विरोध नरहेको भन्ने प्रमाणित भएमा अनुदान पाउने जानकारी प्राप्त भयो । भेडपु गाविसका १३०० घरधुरीको जग्गा गुठी भएको कारण देखाइ विगतमा अनुदान नदिने भनिएकोमा अब उक्त संशोधन बमोजिम उनीहरूले पनि अनुदान पाउने भन्ने जानकारी प्राप्त भयो ।
- शैलुंगेश्वरी गाविसमा ७६६ घरधुरीले अनुदान पाउने भनी विवरण निकालेकोमा तथ्यांकमा अन्य धेरै जना छुट भएको भन्दै राजनीतिक दलहरूले समेत विरोध र असहमति जनाएका कारण पाउने भनी तथ्यांक निकालिएका ७६६ घरधुरी पनि अनुदान रकम बुझ्न नआएको भन्ने बुझियो ।
- पुनर्निर्माणमा प्राविधिक सहयोगका लागि जिल्लामा १५० इञ्जिनियर खटाइएको बुझियो । गाउँमा सरकारले खटाएका इञ्जिनियरहरू नभेटिने गुनासो आएको हुँदा गाविस सचिव र सहायक सचिवलाई इञ्जिनियरको हाजिर प्रमाणित गर्ने जिम्मेवारी तोकिएको बुझियो ।
- प्राधिकरण सचिवालयबाट गाउँ गाउँमा सार्वजनिक पुनर्निर्माण समिति बनाउन सुझाव दिइएको बुझियो ।
- कतिपय गाउँमा प्राविधिक सहायता समूह (गैससले खटाएका इञ्जिनियर, सरकारी इञ्जिनियर, दक्ष मिस्त्री रहेको) बनाइएको पाइयो ।
- गैससहरूले जिल्लास्थित पुनर्निर्माण प्राधिकरण जिल्ला समन्वय समितिसँग समन्वय गरी सहकार्य गरेको देखिएन । गैससहरू सुगममा मात्र जान चाहने दुर्गममा जान नचाहने भन्ने जानकारी प्राप्त भयो । पुनर्निर्माण प्राधिकरणले गैसससँग सम्झौता गर्दा जिल्ला समन्वय समितिको सिफारिशमा मात्र गर्दा उपयुक्त हुने सुझाव राखिदिन प्राधिकरणका जिल्लास्थित कार्यालय प्रमुखबाट अनुरोध प्राप्त भयो ।
- विगतमा उठाउनुपर्ने भनिएका बस्तीहरूमा पनि प्रभावितरुलाई अनुदान रकम दिइएको तर घर बनाउन भने सुरु नगरिएको भन्ने जानकारी प्राप्त भयो ।
- विगतमा सार्नपर्ने भनिएका बस्तीहरूको हर्ड भन्ने एक गैससले पुनः विस्तृत अध्ययन गरिरहेको जानकारी प्राप्त भयो ।
- सरकारी निकाय र पुनर्निर्माण प्राधिकरण बीच समन्वयात्मक ढंगले काम भइरहेको जानकारी पाइयो ।

- पुनर्निर्माण प्राधिकरणसँग दरबन्दी अनुसारको कर्मचारी नभएका कारण काममा समस्या परेको बुझियो ।
- कतिपय स्थानमा प्राविधिकको ठाउँमा अप्राविधिकले समेत प्राविधिकको काम गर्दा तथ्यांक संकलनमा धेरै कमजोरी रहेको भनाइ पाइयो ।
- कतिपय ठाउँमा घर पूर्ण ढले पनि उनीहरूको पूर्ण क्षतिको सूचीमा नाम नपरेको भन्ने गुनासो सुनियो ।
- पुनर्निर्माण सम्बन्धी पुनरावेदन सुन्न पाटन उच्च अदालतका न्यायाधीशको संयोजकत्वमा समिति गठन भएको जानकारी प्राप्त भए पनि उक्त समितिले गरेको काम बारे बाहिर जानकारी आउनुपर्ने भनाइ पाइयो
- दलका नेताहरूले १५ लाख र २५ लाख दिने भन्ने पपुलिष्ट भाषण गर्दा पनि प्रभावितहरूमा अन्यौल रहेको बुझियो । भूकम्प प्रभावितलाई ऋण सम्बन्धी सरकारको प्रष्ट नीति हुनुपर्ने धारणा आयो ।
- झण्डै १७०० जति प्रभावित पहिलो किस्ताको काम सम्पन्न गरी दोस्रो किस्ताको लागि तयार भए तापनि कसरी कुन प्रक्रियाबाट दोस्रो किस्ताको रकम लिने भन्नेमा पनि अन्यालता पाइयो ।
- निर्माण सामग्रीमा कालो बजारी भएको र अनुगमन प्रभावकारी नभएकाले पुनर्निर्माणमा अनुमान गरेभन्दा ठूलो रकम लाग्ने बुझियो ।
- घरको नक्सा पास गर्न नगरपालिकाले प्रति स्क्वायर फिट रु. ८ लिने गरेकोले सरकारको एउटा निकायले दिएको रकम अर्को निकायले लिने गरेको भन्ने गुनासो पाइयो । त्यस्तै नक्सा बनाएको समेत प्राविधिकहरूले रु. १०००० सम्म पैसा लिने गरेकोले पहिलो किस्ताको रकमको ठूलो हिस्सा  प्राविधिक काममै खर्च भएको बुझियो ।
- स्थलगत अनुगमनका क्रममा कतिपय ठाउँमा घर निर्माण कार्य अगाडि बढे पनि अधिकांश ठाउँमा घर निर्माणमा उदासिनता पाइयो ।
- पुनर्निर्माणसँग सम्बन्धित सरकारका कतिपय निर्णय प्रभावितसम्म नपुग्ने हुँदा अन्यौल कायम रहेको भन्ने बुझियो ।
- घर भत्केकै ठाउँमा घर बनाउन पर्ने कि अन्यत्र पनि बनाउन पाउने भन्नेमा दुविधा रहेको पाइयो । जस्तै : सोही ठाउँमा, जोडिएको वडामा, गाविसमा, नगरपालिकामा, जिल्लाभारिमा वा नेपालभर जहाँसुकै ।
- दोलखाका ११ गाविसमा सचिव रिक्त रहेकोले पुनर्निर्माणमा काममा समेत यसले प्रभाव पारेको बुझियो ।
- प्रभावित तथा सर्वसाधारणमा पुनर्निर्माण सम्बन्धी शिक्षा र सूचनाको अभाव भएकोले सोतर्फ ध्यान दिनुपर्ने भनाइ पाइयो ।

- सरकारले पटक पटक नीति निर्देशिका परिवर्तन गर्दा कतिपय सन्दर्भमा राज्य नै अन्यौलमा रहेको हो कि भन्ने प्रश्न नागरिक समाजबाट गरियो ।
- अनुदान रकम लिन सदरमुकाम आउनुपर्दा अनुदान रकमको ठूलो हिस्सा आउन जानमै खर्च हुने गरको पाइयो । छुट भएकाहरूले अर्को जिल्ला मन्थली समेत जानु पर्ने भनी सूचना आएको बुझियो ।
- गाउँमा इञ्जिनियर खटाइए पनि इञ्जिनियर गाउँमा नबस्ने गरेको जानकारी पाइयो । इञ्जिनियर गाविस सचिवको मातहतमा हुने भए पनि गाविस सचिवलाई समेत गाउँमा नभेटिने जानकारी प्राप्त भयो ।
- एउटा सचिवलाई धेरै वटा गाविस, त्यसमा पनि टाढा टाढाको सीमा नजोडिएको गाविसको जिम्मेवारी दिएका कारण पनि सचिवहरू बढी सदरमुकाम बस्ने गरको भन्ने जानकारी प्राप्त भयो ।
- कतिपय भूकम्प प्रभावितले प्राविधिकको सल्लाह विना नै घर बनाएको भन्ने बुझियो । ती घरहरू पछि अनुदानका लागि समस्या हुन सक्ने देखियो ।
- अझै पनि तथ्यांकमा भूकम्प प्रभावितहरू छुटेकोले गहिरिएर छानविन गर्नु आवश्यक रहेको देखियो ।
- प्राधिकरणले बस्नयोग्य भनेका घरहरू बस्नयोग्य छैनन् भन्ने नागरिक समाजको भनाइ रह्यो ।
- कतिपय सरकारी निकायले भूकम्पसँग सम्बन्धित कामलाई थप बोझ ठानेको पाइयो ।

### ३.९. सिन्धुपाल्चोक

- सार्नुपर्ने भनी सुनिश्चित गरिएका बस्तीहरूमा प्रभावितहरू बसिरहेको पाइयो ।
- प्रभावितहरू केही यथास्थान र केही वरपर आफ्नै जग्गामा टहरो बनाएर बसेको पाइयो ।
- केही प्रभावितहरू नजिकैको अन्यको जग्गामा टहरो बनाएर बसेको पाइयो ।
- सार्नुपर्ने भनिएका प्रभावितहरूको लागि अस्थायी व्यवस्थापन गर्नको लागि बनाइएको सामूहिक आवामा कोही पनि बस्न नआएको जानकारी पाइयो ।
- प्रभावितहरू आफ्नो पुरानो थातथलो छोडी टाढा अन्यत्र जान नचाहेको र सरकारले पनि सार्ने सम्बन्धमा पनि कुनै योजना बनाएको पाइएन । नागरिक समाजको प्रतिक्रिया प्रभावितहरूको इच्छाबमोजिम चाहना गरेको स्थानमा बस्ती सार्नु उपयुक्त हुने प्रतिक्रिया पाइयो । तर दैवी प्रकोप उद्दार समितिबाट भने सरकारले उपलब्ध गराउने स्थानमा मात्र बस्ती सार्न सकिने जानकारी पाइयो । यस्ता कारणहरूले गर्दा बस्ती सार्ने कार्य अगाडि नबढेको पाइयो ।

- बस्ती सार्नुपर्ने भनिएका स्थानका नागरिकहरूले भूकम्प प्रभावितहरूले प्राप्त गर्ने अनुदान रकम प्राप्त गरेको र केही घर बनाउने योजनामा रहेको भनीए पनि शुरु गरेको भने पाइएन ।
- कतिपयले घर बनाउन भनी प्राप्त गरेको पहिलो किस्ताको रकम अन्यत्र खर्च गरेको भन्ने जानकारी पाइयो ।
- जिल्लामा रहेका विद्यालयहरूको भौतिक अवस्था कुनै पूर्ण रूपमा क्षतिग्रस्त रहेका, केही मर्मत संभार गर्नँपर्ने र केही पूर्ण रूपमा नयाँ निर्माण गर्नँपर्ने भनी वर्गीकरण गरिएको पाइयो ।
- प्रभावित विद्यालयमा अस्थायी टहरा निर्माण गरी पठन पाठन सुचारु रहेको पाइयो ।
- सरकार, स्थानीय गैरसरकारी संस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूको सहयोगमा विद्यालयहरू मर्मत संभार र नयाँ निर्माणको क्रममा रहेको पाइयो ।
- कतिपय विद्यालयको मर्मत कार्य पुरा भएको, कतिपयको पुरा हुने क्रममा रहेको, नयाँ निर्माण कार्य पनि कतिपयको पूरा भएको र कतिपयको पुरा हुने क्रममा रहेको पाइयो ।
- जोखिमयुक्त संरचनामा पठनपाठन भएको पाइएन । तर कतिपय जोखिमयुक्त भवनको नजिकै अस्थायी टहरोमा पठनपाठन भइरहेको पाइयो ।
- कतियप विद्यालयहरू मर्मत संभार गरी सकिए पनि अस्थायी टहरामा नै पठन पाठन सुचारु रहेको पाइयो ।
- नयाँ निर्माण भएका विद्यालय र निर्माणको क्रममा रहेका विद्यालय भूकम्प प्रतिरोधि रहेको पाइयो ।
- सिन्धुपाल्चोक जिल्लामा १ जिल्ला अस्पताल, ७५ वटा स्वास्थ्यचौकी, ३ वटा प्राथमिक स्वास्थ्य केन्द्र रहेको पाइयो ।
- भूकम्पपश्चात ६० वटा स्वास्थ्य केन्द्रको भौतिक संरचना ध्वस्त भई टेन्ट र पालमा सेवा दिँदै आएकोमा हाल ३५ वटा स्वास्थ्य चौकीको भौतिक संरचनाको निर्माण कार्य सम्पन्न भइसकेको र बाँकी सम्पन्न हुने क्रममा रहेको पाइयो । नयाँ बनेका भौतिक संरचनाहरू भूकम्पप्रतिरोधि र अपाङ्ग मैत्रि छन् भन्ने भनाइ पाइयो ।
- जिल्ला अस्पतालको भवनको भौतिक संरचना ध्वस्त भएकोमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको सहयोगमा ध्वस्त भौतिक संरचनाकै नजिकै टेन्टमा सेवा प्रदान गरीरहेको पाइयो । जिल्ला अस्पतालको ध्वस्त भौतिक संरचना भत्काइ हटाउन अत्यावश्यक भए पनि सो कार्य शुरु नभएको पाइयो ।
- भूकम्प प्रभावित नागरिकहरूले शुरुमा २५ हजार र हाल आवास निर्माणको लागि पहिलो किस्ता को अनुदान वापत रु. ५० हजार पाएकोमा केही छुटेकाहरूले

गुनासो दर्ता गराएकाहरूले पनि नपाएको अवस्था पाइयो । छुट भएर गुनासो दर्ता गराएकाहरूको नाम अनुदान उपलब्ध गराउनको लागि केन्द्रमा लेख पठाएको जानकारी प्राप्त भएको ।

- दशैंको मुखमा रकम वितरण गरेकोले सदुपयोग हुन नसक्ने हो कि भन्ने धारणा नागरिक समाजको रहेको थियो ।
- खातामा आएको रकम घर निर्माण गर्ने बेलामा झिक्दा आउन जान रकम झिक्न ३ दिनसम्म लागेको पाइयो ।
- भूकम्पपछि आर्थिक रूपमा तहस नहस भएपछि मादक पदार्थ सेवनको मात्र बढेको र सोही कारणले महिला हिंसा बढेको भन्ने भनाइ पाइयो ।
- भूकम्पपछि आत्महत्या गर्नेको संख्या अत्याधिक रूपमा बढेको भनाइ आयो ।
- आवास निर्माणको लागि भूकम्प प्रतिरोधि घरहरूको विभिन्न नक्साहरू सार्वजनिक गरेता पनि प्राविधिकहरू उपलब्ध  हुन सकेको पाइएन ।
- भूकम्पपछि जिल्लाका नगरपालिकामा नक्सा पास गर्नेको न्यून संख्याले पनि पुनर्निर्माणले गति लिन नसकेको भन्ने देखियो ।
- चौतारा नगरपालिकामा ९७ जनाले भूकम्प पछि घर निर्माणका लागि नक्सा पास गराएका गराएकोमा नक्सापास मध्ये एक घर आंशिक र एक घर पूर्ण रूपमा निर्माण सम्पन्न भएको अभिलेख पाइयो ।
- पहिलो किस्ता रकम लिइसक्दा पनि सर्वसाधारणमा कस्तो घर बनाउने भन्ने अन्यौल कायमै रहेको पाइयो ।
- जिल्ला पुर्नर्निमाण प्राधिकरणले लिएको तथ्याङ्कअनुसार ७८ हजार पाँचसय ३७ लाभग्राही भएकोमा लाभग्राहीमध्ये ७४ हजार ८ सय ५७ जनासँग आवास अनुदान सम्झौता भइसकेको पाइयो ।

## ३.१०. ओखलढुंगा

- ओखलढुंगा जिल्लामा जम्मा १९८१९ क्षतिग्रस्त घरधुरीले घर बनाउनको लागि राहत पाउने भनी प्राधिकरणले तथ्यांक निकालेकोमा सोमध्ये १८३०४ घरधुरीसँग अनुदान सम्झौता भैसकेको र बाँकी सम्पर्कमा आउने क्रममा रहेको भन्ने जानकारी पाइयो ।
- सम्झौता भएकाहरूलाई हाल पहिलो किस्ताको ५० हजार उपलब्ध गराएको बुझियो ।
- विगतमा उठाउनुपर्ने भनिएका बस्तीहरूमा पुनः बस्तीको अवस्था परीक्षणका लागि सरकारबाट प्राविधिकहरूको टोली खटाइएको भन्ने जानकारी प्राप्त भयो । तर टोली ओखलढुंगा पुगिनसकेको पाइयो ।

- ओखलढुंगामा करिब ७०० जना मिस्त्रीलाई भूकम्प प्रतिरोधि घर निर्माणको तालिम दिइएको भन्ने जानकाररी प्राप्त भयो । तर १९८१९ घर निर्माणका लागि यो जनशक्ति अपर्याप्त भएको पाइयो ।
- भूकम्प प्रतिरोधि घर निर्माणमा लागि प्राविधिक सहयोग पुऱ्याउन गाउँगाउँमा ६८ जना इञ्जिनियरहरू खटाइएको भन्ने जानकारी पाइयो ।
- हाल नेपाली सेनाले समेत आवास निर्माणको काम गर्न थालेकोले जनशक्तिको अभाव केही हदसम्म पूर्ति हुनसक्ने जानकारी प्राप्त भयो ।
- भूकम्प प्रभावितको तथ्यांकमा आफ्नो नाम छुटेको भनी ओखलढुंगामा ७८१० जनाको निवेदन प्राप्त भएको बुझियो । सो मध्ये ६७७५ निवेदनमाथि सुनुवाइ भैसकेको पाइयो । सुनुवाइ भएकामध्ये १५८१ को पुनर्सर्वेक्षण गर्नुपर्ने, ३४५ सँग अनुदान सम्झौता गर्नुपर्ने, २७२ को सूचनामा बेमेल देखिएको, ४५४६ लाई अनुदान नपाउने भनी किटान गरिएको र बाँकी निवेदनमाथि छानविन हुँदै गरेको भन्ने जनकाकारी प्राप्त भयो ।
- सरकारी निकाय र पुनर्निर्माण प्राधिकरण बीच समन्वयात्मक ढंगले काम भइरहेको जानकारी पाइयो ।
- कतिपय भूकम्प प्रभावितहरूका लागि गैरसकारी संस्थाहरूले गर्ने कार्यमा भने पुनर्निर्माण प्राधिकरणसँग समन्वय गरेको पाइएन ।
- गैरसकारी संस्थाका कामहरूलाई व्यवस्थित गर्ने प्राधिकरणको लागि चुनौतीको रूपमा पाइयो ।
- कतिपय भूकम्प प्रभावितहरू अझै पनि पालमा बसेका छन् भन्ने जानकारी प्राप्त भयो ।
- राहत अनुदान लिन सदरमुकाम आउनुपर्दा राहत रकमको ठूलो हिस्सा आउन जानमै खर्च हुने गरको पाइयो ।
- गाउँमा इञ्जिनियर खटाइए पनि इञ्जिनियर गाउँमा नबस्ने गरेको जानकारी पाइयो । इञ्जिनियर गाविस सचिवको मातहतमा हुने भए पनि गाविस सचिवलाई समेत गाउँमा नभेटिने जानकारी प्राप्त भयो ।
- एउटा सचिवलाई धेरै वटा गाविसको जिम्मेवारी दिएका कारण पनि सचिवहरू बढी सदरमुकाम बस्ने गरको भन्ने जानकारी प्राप्त भयो ।
- उठाउनुपर्ने भनिएका बस्तीमा समेत अनुदान रकम दिएकाले त्यसमा घर बन्दा जोखिम बढेको र पछि ती बस्ती उठाउनुपर्ने भएमा स्रोतको समेत अनावश्यक खर्च हुन सक्ने भन्ने जानकारी पाइयो ।
- अनुदान रकम पाएकामध्ये झण्डै २३०० (लगभग १३ प्रतिशत) ले मात्र घर बनाउन सुरु गरेको भन्ने जानकारी प्राप्त भयो ।
- कतिपय भूकम्प प्रभावितले प्राविधिकको सल्लाह विना नै घर बनाएको भन्ने बुझियो ।

- अझै पनि तथ्यांकमा भूकम्प प्रभावितहरू छुटेकोले गहिरिएर छानविन गर्नु आवश्यक रहेको देखियो ।
- प्राधिकरणले बस्नयोग्य भनेका घरहरू बस्नयोग्य छैनन् भन्ने नागरिक समाजको भनाइ रह्यो ।
- नक्सा पास गरेर मात्र घर बनाउनुपर्ने तर नक्सा पास झञ्झटिलो हुने र प्राविधिकले नक्सा बनाउन शुल्क लिने (१० देखि ३० हजारसम्म) हुँदा अनुदानको रकम प्राविधिक काममै ठूलो खर्च हुने गरेको भन्ने जानकारी पाइयो ।
- थोरै डकर्मी भएका कारण भनेको बेला डकर्मी नपाउने र पाए पनि महँगो पर्ने देखियो ।
- घर भत्किएको ठाउँभन्दा अन्यत्र घर बनाउन नपाउँदा समेत समस्या देखियो
- कतिपय सरकारी निकायले भूकम्पसँग सम्बन्धित कामलाई थप बोझ ठानेको पाइयो ।
- पहिलो किस्ता लिएको लामो समयसम्म पनि दोस्रो किस्ता लिन नआउनेको संख्या उल्लेख्य मात्रमा पाइएकोले सोको कारण पत्ता लगाइ सो समस्या हल गर्न पर्ने देखियो ।

## ३.११. काठमाडौँ

- काठमाडौँ जिल्लामा अनुदानका लागि हालसम्म पहिचान भएका लाभग्राहीको संख्या ४२५०० रहेको जानकारी पाइयो ।
- काठमाडौँ जिल्लामा अनुदान सम्झौता सम्पन्न घरधुरी संख्या ३५७८१ रहेको जानकारी पाइयो ।
- काठमाडौँ जिल्लामा विभिन्न किसिमका गुनासा दर्ता संख्या ११८१३ रहेको जानकारी पाइयो ।
- भूकम्पबाट पूर्ण रूपमा र आंशिक रूपमा क्षति भएका विद्यालयहरूमा अस्थायी संरचनाहरू निर्माण गरी सबै विद्यालयहरूमा पढाई सुचारु रहेको भन्ने जानकारी प्राप्त भयो ।
- आवास निर्माणको अनुदान वितरण भए पनि आवास निर्माण अत्यन्त न्यून मात्र अघि बढेको पाइयो । भूकम्पपछि जिल्लाका नगरपालिकामा नक्शा पास गर्नेको कम संख्याले पुनर्निर्माणले गति लिन नसकेको भन्ने देखियो ।
- नगरपालिका मात्र हैन गा.वि.स.हरूमा पनि पूनर्निर्माणले गतिलिन नसकेको पाइयो । नगन्य मात्रामा घर बन्न शुरु भएका छन् । पहिलो किस्ता रकम लिइसक्दा पनि सर्वसाधारणमा कस्तो घर बनाउने भन्ने अन्यौल कायमै रहेको पाइयो । कस्तो घर बनाउने भन्ने निर्णय लिन नसकेर सर्वसाधारण अलमलिएको बुझियो ।

## ३.१२. काभ्रेपलाञ्चोक

- स्थलगत अनुगमन गर्दा काभ्रेको बोल्दे फेदिचे ८ को बस्तीभन्दा माथिको डाँडोको जमिन र चट्टान चर्किएको अवस्थामा पाइयो ।

- सो चर्किएको स्थानबाट तल करिब १ किलोमिटरको दुरीमा रहेको ६२ घरधुरीलाई सार्नुपर्ने भनी उल्लेख गरिएको पाइयो ।
- उक्त स्थान सार्नुपर्ने भन्ने गाउँमा हल्ला चले पनि आधिकारिक रूपमा स्थानीय बासिन्दालाई कसैले पनि सार्नुपर्ने नभनेको बुझियो । साथै बस्ती कति जोखिमपूर्ण हो भन्ने विषयमा पनि स्थानीयहरू बीच अनभिज्ञता देखियो ।
- सार्नुपर्ने भनी किटान गरिएका बस्तीहरूमा प्रभावित मानिसहरू बसिरहेको पाइयो ।
- प्रभावितहरू आफ्नो पुरानो थातथलो छोडी टाढा वा अन्यत्र जान नचाहेको भन्ने जानकारी पाइयो ।
- केही स्थानीयहरूबाट चर्किएको चट्टानको केही भाग डोजर लगाई फोडेर हुन सक्ने क्षतिलाई न्यूनीकरण गरी बस्तीलाई यथास्थानमा रहन दिनुपर्ने भन्ने प्रतिकृया पाइयो ।
- सार्नुपर्ने भनिएका बस्तीका नागरिहरूलाई घर निर्माणको लागि सरकारले दिने भनेको रकम दिइएको पाइएन ।
- बोल्दे फेदिचे ८ का केही बासिन्दाहरूले देखिएकोभन्दा निकै माथिदेखि नै लगभग १५०० मीटर जति जमिन भासिएको र चट्टान चिरा-चिरा परेको भन्ने भनाइ पाइयो ।
- महादेवस्थान-८ चण्डेनीमण्डन काभ्रेमा ग्रीन हेल्बेट जर्मन भन्ने संस्थाले भूकम्प पीडीतहरूको लागि भूकम्प प्रतिरोधी एकै खालका ५३ वटा घर बनाएको पाइयो ।
- महादेवस्थानमा भूकम्पले चिरिएका स्थानमा घर बनाई बस्ती बसालेको पाइयो । विदेशी संस्थाले घर नबनाइ देला कि भन्ने सोचले चिरिएको ठाउँ पुरेको भन्ने भूकम्प प्रभावितको भनाई रहेको पाइयो ।
- अन्य कतिपय ठाउँमा भूकम्प प्रभावितहरूले पाउने अनुदान रकमको पहिलो किस्ता मात्र प्राप्त गरेको, केही व्यक्ति घर बनाउने योजनामा रहेको र केही शुरु गर्ने अवस्था रहेको पाइयो ।
- कतिपयबाट सरकारले दिएको अनुदान रकम दशैंको बखत दिएकाले चाडवाडको बेलामा खर्च गरेको भन्ने जानकारी पाइयो ।
- प्रभावित विद्यालयहरूमा अस्थायी टहरा निर्माण गरी पठन पाठन सुचारु रहेको पाइयो ।
- कतिपय स्थानमा सरकार, स्थानिय गैरसरकारी संस्था, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूको सहयोगमा विद्यालयहरू मर्मत संभार र नयाँ निर्माणको क्रममा रहेको पाइयो ।
- यस्तै कतिपय विद्यालयको मर्मत कार्य पूरा भएको, कतिपयको पूरा हुने क्रममा रहेको रहेको पाइयो ।
- जोखिमयुक्त संरचनामा पठनपाठन भएको पाइएन, तर कतिपय जोखिमयुक्त भवनको नजिकै अस्थायी टहरामा भने पठन पाठन भइरहेको पाइयो ।

- पुनर्निर्माण प्राधिकरणका अनुसार अनुगमन हुँदाका दिनसम्म काभ्रे जिल्लामा घर बनाउनको लागि सरकारसँग राहत लिने लाभग्राहीको संख्या ६७,७११ रहेको पाइयो । ५९,९१५ जनासँग सम्झौता भएको र सम्झौता पछि अनुदान रकम वितरण भएको भन्ने जानकारी पाइयो ।
- प्रभावितमा छुटेकाहरूबाट पुनर्निर्माण प्राधिकरणबाट गुनासो संकलन गर्ने काम भैरहेको पाइयो । यो अनुगमन हुँदासम्म प्रभावितमा छुटेको भनी २०,८३४ जनाले निवेदन दिएको र सोमध्ये ५२३ वटा गुनासाहरू फछ्र्यौट भएको जानकारी पाइयो ।
- गुनासो सुन्ने अधिकार उप-क्षेत्रीय (अनुगमनका बखत उपक्षेत्रीय, पछि जिल्ला समन्वय समिति भएको) कार्यालयलाई नभएकोले गुनासा निवेदनहरू प्राधिकरणको केन्द्रमा पठाउने गरिएको भन्ने जानकारी प्राप्त भयो । उप-क्षेत्रीय कार्यालयले अनुगमन गर्ने तथा समन्वय गर्ने काम मात्र भएको भन्ने जानकारी प्राप्त भयो ।
- हरेक प्रभावितको नाममा अलग-अलग बैंक खाता खोली घर निर्माण वापतको रकम जम्मा गरिएको पाइयो ।
- पुनर्निर्माण प्राधिकरणबाट गा.वि.स. सचिवलाई तालिम दिने अन्तक्रिया गर्ने लगायतका समन्वय गर्ने गरेको पाइयो । तर पुनर्निर्माण प्राधिकरणमा दरबन्दी अनुसार कर्मचारी नबस्ने श्रेणीविहीन कर्मचारीले कार्यालय प्रमुख भई कार्य संचालन गरेको समेत पाइयो ।

### ३.१३. भक्तपुर

- भक्तपुर जिल्लामा जम्मा लाभग्राहीको संख्या २६,०४० रहेको जानकारी पाइयो ।
- भक्तपुर जिल्लामा पहिलो किस्ताको लागि २०,०४० लाभग्राहीसँग अनुदान सम्झौता भएको जानकारी प्राप्त भयो ।
- पुनर्निर्माण प्राधिकरणबाट भूकम्प प्रभावित जिल्लामा जिल्ला समन्वय समिति स्थापना गरेको भए तापनि काम सुस्त भइरहेको भन्ने पाइयो ।
- भूकम्पबाट पूर्ण रूपमा र आंशिक रूपमा क्षति भएका विद्यालयहरूमा अस्थायी संरचनाहरू निर्माण गरी सबै विद्यालयहरूमा पढाइ सुचारु रहेको भन्ने जानकारी प्राप्त भयो ।
- आवाश निर्माणको लागि भूकम्प प्रतिरोधि घरहरूको हालसम्म १७ प्रकारका नक्साहरू सार्वजनिक गरेको पाइयो ।
- भूकम्पपछि जिल्लाका नगरपालिकामा नक्शा पास गर्नेको न्यून संख्याले पुनर्निर्माणले गति लिन नसकेको पुष्टि गऱ्यो ।
- अनुदान पाएर पनि नगन्य मात्रामा घर बन्न शुरु भएको पाइयो ।
- पहिलो किस्ता रकम लिइसक्दा पनि सर्वसाधारणमा कस्तो घर बनाउने भन्ने अन्यौल पाइयो ।

## ३.१४. ललितपुर

- ललितपुर जिल्लामा हालसम्म पहिचान भएका कुल लाभग्राहीको संख्या २५,८९३ रहेको जानकारी पाइयो ।
- हालसम्म अनुदान सम्झौता भएका लाभग्राहीको संख्या १९,६७५ रहेको पाइयो ।
- लाभग्राहीमा नपरेको भनी गुनासो दर्ता ६,११८ रहेको र फर्छ्यौट १,९९७ रहेको पाइयो ।
- जिल्ला जनस्वास्थ्य कार्यालय ललितपुरले गराएको जानकारी अनुसार १० वटा स्वास्थ्य चौकी पूर्ण क्षति भएको बुझियो ।
- ललितपूर जिल्लामा पूर्ण र अधिक क्षति भएका विद्यालयका कक्षा कोठा ८३३ रहेको जानकारी प्राप्त भयो ।
- ललितपुर जिल्लामा हालसम्म निर्माण सम्पन्न कक्षा कोठा ३५ (संघ सूथाद्वारा), निर्माणधीन कक्षा कोठा ६८ (जाइकाद्वारा), निर्माण प्रस्तावित ३०० (जाइकाद्वारा), निर्माण प्रस्तावित ९६ (नेपाल सरकार), नपुग कक्षा कोठा ३३४, मर्मत तर्फ सामान्य क्षति भएका कक्षा कोठा ६३८, मर्मत सम्पन्न कक्षा कोठा (संघ सस्थाद्वारा) १११, नेपाल सरकारद्वारा मर्मत गरिएका कक्षा कोठाहरू १०६, मर्मत गर्नँ पर्ने नपुग कक्षा कोठाहरू ४२१ रहेको पाइयो ।
- यस्तै संघ संस्थाद्वारा निर्मित Semi- Permanent कक्षा कोठा १०५ रहेको पाइयो । नेपाल सरकारद्वारा निर्मित Semi – Permanent कक्षा कोठाहरू ४२१ रहेको पाइयो । पूनर्निर्माण र मर्मत गर्नुपर्ने कक्षा कोठाहरू १४७१ रहेको जानकारी पाइयो ।
- भूकम्पबाट पूर्ण रूपमा र आंशिक रूपमा क्षति भएका विद्यालयहरूमा अस्थायी संरचनाहरू निर्माण गरी सबै विद्यालयहरूमा पढाई सुचारु रहेको भन्ने जानकारी प्राप्त भयो ।

परिच्छेद-४

# विश्लेषण, निष्कर्ष र सुझावहरू

## ४.१. विश्लेषण र निष्कर्ष :

राष्ट्रिय मानव अधिकार आयोगले भूकम्पबाट प्रभावित भएकाहरूको पछिल्लो अवस्था तथा पुनर्निर्माणका सन्दर्भमा नियमित रूपमा अनुगमन गर्दै आएको छ । आयोगले गरेको अतिप्रभावित १४ जिल्लाको अनुगमनको विश्लेशण गर्दा सरकारबाट केही कार्य भएको देखिएका छन् । सरकारले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको स्थापना गरी प्रभावित १४ जिल्लामा जिल्ला समन्वय समिति समेत स्थापना गरी कार्य गरिरहेको छ । यस्तै सहरी विकास मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, शिक्षा मन्त्रालय र सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत गठित केन्द्रीय आयोजना कार्यान्वयन एकाईबाट भूकम्प प्रभावितलाई आवास निर्माण वापत रकम उपलब्ध गराउने र भूकम्पबाट क्षति पुगेका संरचनाहरूको पुनर्निर्माणको काम हुँदै गरेको पाइएको छ ।

यस्तै सरकारको तथ्यांकअनुसार केन्द्रीय दैवी प्रकोप उद्दार समिति एवं खानी तथा भू-गर्भ विभागद्वारा भूकम्प प्रभावित १४ जिल्लामा पहिचान गरिएका करिब ४७५ वटा जोखिमपूर्ण बस्तीहरूको अध्ययन गरी प्रतिवेदन सहित असुरक्षित बस्तीहरूको स्थानान्तरणका निम्ति सम्भावित स्थानहरूको सिफारिश गरेको छ भने थप बस्तीहरूको अध्ययनका लागि आवश्यक कार्य अगाडि बढाइएको बताएको छ । यस्तै २१ स्थानमा एकीकृत सघन बस्ती विकास गर्नका लागि सहरी विकास मन्त्रालय अर्न्तगतको केन्द्रिय आयोजना कार्यान्वयन इकाईले अध्ययन कार्य अगाडि बढाएको छ । प्रारम्भिक जानकारी अनुसार १४ वटा टोलिको रिपोर्ट अनुसार १०८९ घर सार्नु पर्ने हुन आउने जानकारी पाइएको छ । सार्नुपर्ने घरहरूलाई घडेरी किन्नको लागि रु. २०००००।- (दुई लाख) सरकारले उपलब्ध गराउने आयोगको अनुगमन टोलीलाई जानकारी प्राप्त भएको छ ।

भूकम्प अति प्रभावित १४ जिल्लाको हकमा ७०० भूकम्प प्रतिरोधि विद्यालय अन्तर र्ाष्ट्रिय दातृ निकाय जाइका र ए.डि.बि.ले बनाइदिने भनी सम्झौता भएको र बाँकी सरकरले नै बनाउने कुरा सरकारी विवरणमा उल्लेख छ । कतिपय स्थानमा भूकम्प प्रतिरोधी विद्यालय बन्न सुरु समेत भैसकेको छ । यस्तै भूकम्पका कारण क्षति भएका

८३ वटा स्वास्थ्य संस्थाका भवनहरू पुनर्निर्माण कार्य सम्पन्न गरिएको छ भने ६३ वटाको स्थायी भवन निर्माण भइरहेको तथा १६३ वटाको निर्माण कार्यका लागि डिजाइन भइरहेको भन्ने जानकारी प्राप्त भएको छ । यस्तै ३९ वटा गैरसरकारी संस्था तथा दातृ निकायबाट ४४४ वटा अस्पताल तथा स्वास्थ्य केन्द्रहरूको निर्माणका लागि सम्झौता भएको छ । २०७३/१२/२२ गतेसम्म भूकम्प प्रभावितहरूसँग १४ जिल्लामा घर निर्माणका लागि पहिलो किस्ता स्वरूप ५३४४७१ जनालाई रु ५०००० उपलब्ध गराइएको छ । सो मध्ये बन्दै गरेको घरहरू ४६३९९ र बनिसकेका घरहरू ३२७१ रहेको छ । भूकम्प प्रभावित १४ जिल्लाका ११७००० गुनासोहरूको सम्बोधन गरि सकिएको छ । तर, यी तथ्यांकहरु सरकारी भिन्न भिन्न निकायमा भिन्न भिन्न फेला परेको हुँदा एकद्वार प्रणालीबाट वास्तविक तथ्यांक आउन आवश्यक छ ।

यसरी सरकारले भूकम्प प्रभावितका लागि केही कार्य अगाडि बढाएको भए तापनि आयोगबाट जिल्ला जिल्लामा अनुगमनको क्रममा भिन्न तथ्यांकहरू पाइएका छन् । प्रभावित जिल्लाहरूमा अनुगमन गर्दा एकीन तथ्यांकको अभाव देखिएको छ ।

भूकम्प गएको २ वर्ष बितिसक्दा पनि भूकम्प प्रभावितहरूको अवस्था अझै पनि दयनीय नै छ । सार्नुपर्ने भनिएका बस्तीहरूमा अझै पनि प्रभावितहरू जोखिम मोलेर बसिरहेका छन् । कतिपय प्रभावितहरूले थातथलो छोड्न चाहिरहेका छैनन् । सार्नुपर्ने भनिएका बस्तीका बासिन्दाले भूकम्म प्रभावितले पाउने भनिएको अनुदान रकम समेत नपाएको अवस्था छ । त्यस्तै कतिपय घर भत्किएकाहरूले समेत अनुदान रकम पाएका छैनन् । किन नपाएको भन्ने सही सूचना समेत उनीहरूसँग नभएको पाइएको छ ।

भूकम्प प्रभावितहरूका लागि उपलब्ध गराइएको रकम अति न्यून भएका कारण घर बनाउनमा न्यून भएको भन्ने धेरैको भनाइ पाइएको छ । महँगी र निर्माण सामग्रीमा ढुवानीको समस्याका कारण सो रकमले घर बनाउन असमर्थ भएको धेरै प्रभावितको गुनासो छ । भूकम्म प्रभावितलाई उपलब्ध गराउने भनिएको ऋणको समेत अन्यौल छ । कतिपयले घर निर्माण भनी लिएको न्यून रकम पनि घरायसी काममा खर्च गरेको भेटियो । घर निर्माण वापतको रकम लिन निकै झञ्झटिलो भएको र हप्तौँ समय खर्चिनु परेको पाइएको छ । यस्तै घर निर्माणमा लागि प्रभावित स्वयम् उपस्थिति हुनुपर्ने नियमले बृद्धा तथा असक्तलाई कठिनाइ भएको पाइयो । बैंकले जिरो व्यालेन्समा खाता खोले पनि पछि ५०० खातामा राखेर मात्र भुक्तानी दिएको समेत पाइयो । गुठीका जग्गा र लालपूर्जा नभएका जग्गाहरूले घर निर्माण वापतको रकम नपाएको पाइयो । कतिपय भूकम्प प्रभावितहरू अरुको जग्गा भाडामा लिएर बसेको भेटियो ।

भूकम्प प्रतिरोधि घर निर्माण गर्न सरकारले प्राविधिक खटाएको भए तापनि प्राविधिकहरू सहज रूपमा गाउँमा नभेटिने गरेका पाइयो । तालिमप्राप्त श्रमिक उपलब्ध नहुनु र उपलब्ध भए पनि महँगो हुनाले आम नागरिकले सास्ती खेप्नु परेको पाइयो । कतिपय ठाउँमा प्राविधिकको सल्लाह विना नै घर बनाएको पाइयो ।

प्राधिकरणले तयार गरेका नक्साहरू कतिपय जग्गाको साइज अनुसार अनुपयुक्त भएको भन्ने समेत गुनासो देखियो । घर निर्माणका लागि नक्सा र नक्सा पासमा ठूलो रकम खर्च गर्नु परेको पाइयो । यस्ता विभिन्न समस्याका कारण घर निर्माणले गति लिन सकेको पाइएन । समाचार माध्यममा आएका विवरण अनुसार अनुदान पाएकामध्ये झण्डै १० प्रतिशतले मात्र घर बनाएको भन्ने भनाइ पाइयो ।

केही ठाउँमा सरकार, स्थानीय गैसस र अन्तर्राष्ट्रिय गैससले विद्यालय निर्माणमा सहयोग गरेको भए तापनि कतिपय जिल्लाका क्षेतिग्रस्त विद्यालय अझै पनि पूर्ण रूपमा बनेका  र मर्मत भएका छैनन् । कतिपय ठाउँमा जोखिमयुक्त भवन नजिक टहरोमा नै पढाइ भैरहेको अवस्था छ । कतियप विद्यालयहरू मर्मत संभार गरी सकिएकामा अस्थायी टहराबाट नै पठन पाठन सुचारु रहेको पाइयो । भूकम्पपश्चात् कतिपय अस्पताल, स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकी निर्माण भइसकेका र कतिपय निर्माणको क्रममा रहेका छन् । तर अनुगमनका क्रममा निःशुल्क उपलब्ध गराउने भनी सरकारले घोषणा गरेका औषधीहरू भेटिएनन् ।

भूकम्प प्रभावितहरूको सूचीमा आफ्नो नाम छुटको र कतिपय वास्तविक भूकम्प प्रभावित नभएकाहरूले भूकम्प प्रभावितको रूपमा अनुदान लिएको भनी लाखौं गुनासाहरू प्राप्त भएको पाइएको छ । ती गुनासाहरू केही फछ्र्यौट भए पनि सबै फछ्र्यौट हुन नसकेको अवस्था छ ।

कतिपय स्थानमा गैससहरूले पुनर्निर्माणमा राम्रो काम गरेको भए तापनि सबै ठाउँमा गैससहरूले जिल्लास्थित पुनर्निर्माण प्राधिकरण जिल्ला समन्वय समितिसँग समन्वय गरी सहकार्य गरेको देखिएन । गैससहरू सुगममा मात्र जान चाहने दुर्गममा जान नचाहने भन्ने जानकारी प्राप्त भयो । सरकारी निकाय र पुनर्निर्माण प्राधिकरण बीच समन्वय भएको । भएतापनि पुनर्निर्माण प्राधिकरण जिल्ला समन्वय समितिमा भएको कर्मचारी न्यूनताले गर्दा हुनुपर्ने जति समन्वय भएको देखिएन । पुनर्निर्माण प्राधिकरणसँग दरबन्दी अनुसारको कर्मचारी नभएका कारण काममा समस्या परेको बुझियो । केही कार्यालयहरूले भूकम्प सम्बन्धी कार्यलाई थप बोझको रूपमा बुझेको पाइयो ।

पुनर्निमाण सम्बन्धमा प्रभावितहरूसँग अन्यौलता देखियो । अनुदान वापतको घर निर्माण सोही ठाउँमा, जोडिएको वडामा, गाविसमा, नगरपालिकामा, जिल्लाभारिमा वा जहाँसुकै कहाँ गर्ने भन्ने बुझाइमा एकरूपता पाइएन । गाविस सचिवहरूको रिक्तताका कारण पनि पुनर्निर्माणका काममा प्रभाव पारेको बुझियो । प्रभावित तथा सर्वसाधारणमा पुनर्निर्माण सम्बन्धी शिक्षा र सूचनाको अभाव भएको देखियो । पटक पटक नीति निर्देशिका परिवर्तन गर्दा कतिपय सन्दर्भमा राज्य नै अन्यौलमा रहेको हो कि भन्ने पनि देखियो ।

स्थानीय गुनासो फछ्र्यौट समिति, जिल्लास्तरीय गुनासो फछ्र्यौट समिति र केन्द्रीय गुनासो फछ्र्यौट समिलिते विभिन्न तहमा गुनासो फछ्र्यौटमा काम गरिरहेको पाइए पनि प्रभावितहरूले आफू किन प्रभावितमा परेको भन्ने सूचना नपाएको र अन्यौलमा

रहेको बुझियो । कतिपय गाउँमा सार्वजनिक पुनर्निर्माण समिति र प्राविधिक सहायता समिति बनेको जानकरी पाइयो । साथै सभासद तथा प्रजिअ सहितको संयुक्त अनुगमन टोलीले पुननर्निर्माणको अनुगमन गर्दै गरेको जानकारी पाइयो । तर अनुगमनबाट परिणाम भने सन्तोषप्रद भेटिएन ।

भूकम्प प्रभावितको सम्बन्धमा सरकारबाट केही काम भएको भए तापनि त्यो त्यति उत्साहप्रद देखिएन । साथै सरकारका विभिन्न निकायले सम्पन्न गरेका कार्यहरुको बारेमा एकीकृत तथ्यांक पनि आयोगले प्राप्त गर्न सकेन । त्यसैले आगामी दिनमा भूकम्प प्रभावितहरुको सम्बन्धमा प्रभावकारी कार्य गर्न र एकीकृत तथ्यांक राख्नेतर्फ कदम चाल्न पनि त्यत्तिकै आवश्यक देखिन्छ ।

## ४.२. सुझावहरू :

**आयोगले विगतमा गरेका सिफारिशहरू कार्यान्वयन भए नभएको विषय र भूकम्प प्रभावितको पछिल्लो अवस्थामा केन्द्रित भई प्रभावित १४ जिल्लामा आफ्नै टोली पठाई अध्ययन गर्दा केही कार्य भएको भए तापनि स्थिति उत्साहपूर्ण पाइएन । पूर्व सिफारिशहरू कार्यान्वयनको अवस्था, पछिल्लो अनुगमनबाट प्राप्त तथ्य र विश्लेषणको आधारमा आयोगको अनुगमन टोली निम्न बमोजिम सुझाव पेस गर्दछ :**

- भूकम्पबाट घर भत्केकाहरूलाई सरकारले घर निर्माणका लागि अनुदान दिए पनि अनुदान पाएकाहरूमध्ये अत्यन्त कम व्यक्तिले मात्र घर बनाएको भन्ने देखिँदा किन घर बन्न सकेनन् भन्ने विषयमा अनुगमन गर्नुपर्ने । घर नबनाएकाहरूलाई घर बनाउन प्रोत्साहित गर्नुपर्ने,
- भूकम्प प्रभावितमा छुटेको भनी परेका बाँकी गुनासाहरूको तत्काल संबोधन गरी फछ्र्यौट गर्नुपर्ने,
- प्रभावित र अनुदानको सूचीमा नपरेकाहरूलाई के कारणले नपरेको हो भनी स्पष्ट जानकारी गराउनुपर्ने,
- गाउँमा सचिव र प्राविधिक सहजै उपलब्ध हुनुपर्ने । गाउँमा सरकारले खटाएका प्राविधिकहरु नभेटिने गुनासो आएको सन्दर्भमा गाविस सचिव र सहायक सचिवलाई प्राविधिकको हाजिर प्रमाणित गर्ने व्यवस्था गरिएको, तर गाविस सचिव नै गाविसमा नहुने र उनीहरूको तालुक कार्यालय पनि नमिल्ने भएकाले तत्काल सो विषयमा उचित सम्बोधन गर्नुपर्ने,
- गाउँ-गाउँमा पुनर्निर्माण सम्बन्धी शिक्षाको अभाव रहेकोले पुनर्निर्माण सम्बन्धी शिक्षा जागृत गर्नुपर्ने,
- गैससहरूले जिल्लास्थित पुनर्निर्माण प्राधिकरण जिल्ला समन्वय समितिसँग समन्वय गरी सहकार्य गर्ने गरी सम्झौता गर्नुपर्ने । साथै पुनर्निर्माण प्राधिकरणले गैसससँग सम्झौता गर्दा जिल्ला समन्वय समितिको सिफारिशमा गर्दा उपयुक्त हुने, यसो गरेमा जिल्लामा समेत समन्वय हुने,

- विगतमा उठाउनुपर्ने भनिएका बस्तीहरूको पुनःपरीक्षण गरी उठाउनुपर्ने/नपर्ने विषयमा तत्काल निर्णय दिनुपर्ने। उठाउनैपर्ने प्रतिवेदन आएमा बस्ती सार्ने तत्काल वैकल्पिक स्थानको व्यवस्था गर्नुपर्ने। सानुपर्ने भनिएका बस्तीहरूमा कुनै जिल्लामा आवास अनुदान रकम दिइएको र कतै नदिइएको पाइएकोले एकरूपता गर्नुपर्ने, साथै सार्नुपर्ने बस्तीको अध्ययन गर्दा स्थानीयलाई समेत जानकारी गराउनुपर्ने। बस्ती सार्दा हुने प्रभाव (गाँस, बास, कपास) को समेत आँकलन गर्नुपर्ने।
- पुनर्निर्माण प्राधिकरणका जिल्लास्थित सचिवालयमा दरबन्दी अनुसारको कर्मचारी तत्काल व्यवस्था गर्नुपर्ने,
- रु. ५० हजार घर निर्माणको सुरुवातका लागि अपर्याप्त हुँदा घर निर्माणको लागि राज्यले एकमुष्ट अनुदान दिन उपयुक्त हुने,
- भूकम्प प्रभावितलाई दिने भनिएको ऋण रकममा १५ लाख र २५ लाख दिने भन्ने भाषण र पत्रिकाका समाचारले गर्दा पनि प्रभावितहरूमा अन्यौल रहेकोले सरकारको ऋण सम्बन्धी नीति स्पष्ट हुनुपर्ने,
- दोस्रो किस्ताको रकम सकेसम्म सहज प्रक्रिया र गाविसस्तरबाट वितरण गर्दा उपयुक्त हुने,
- भूकम्प प्रभावित आफैँ उपस्थित नहुँदा पनि रकम बुझ्ने वैकल्पिक व्यवस्था समेत गर्नुपर्ने,
- निर्माण सामग्री तथा अन्य उपभोग्य सामग्रीमा देखिएको कालो बजारीको प्रभावकारी अनुगमन गर्नुपर्ने र कालोबजारी गर्नेलाई कारवाही गर्नुपर्ने
- घर नक्सा पास दस्तुरमा नगरपालिकाले भूकम्प प्रभावितहरूका लागि छुट गर्नुपर्ने, यसका लागि सरकार, स्थानीय तह  र प्राधिकरणले समन्वय गर्नुपर्ने,
- पुनर्निर्माणसँग सम्बन्धित निर्णयहरू गाउँ गाउँमा पुऱ्याउनुपर्ने र पुनर्निर्माण शिक्षाको प्रचारप्रसार गर्नुपर्ने,
- भूकम्प प्रभावितले घर भत्केकै ठाउँमा घर बनाउनुपर्ने हो वा अन्यत्र पनि घर बनाउन पाउने हो स्पष्ट निर्णय गरी प्रभावितलाई जानकारी गराउनुपर्ने,
- प्राविधिकको सल्लाह विना घर बनाउने कार्यलाई निरुत्साहित गर्नुपर्ने,
- पुनर्निमाणको काममा संलग्न पुनर्निर्माण प्राधिकरण बाहेकका अन्य सरकारी निकायको कामलाई प्रभावकारी बनाउनुपर्ने,
- गैससका कामलाई समन्वयात्मक ढंगमा अगाडि बढाउनपर्ने,
- स्थानीय, जिल्ला स्तरीय र केन्द्रीय गुनासो फछ्र्यौट समितिको कामलाई थप प्रभावकारी बनाउनुपर्ने,
- सबै गाउँमा सार्वजनिक पुनर्निर्माण समिति र प्राविधिक सहायतता समिति बन्नु उपयुक्त हुने,

- सर्वपक्षीय संयुक्त अनुगमन टोली बनाइ प्रभावितको अवस्था अनुगमन गर्नुपर्ने,
- अझै पनि गैरप्रभावितले अनुदान पाइरहेको तर वास्तविक प्रभावित छुटेको भन्ने देखिएकोले वास्तविक प्रभावितले रकम पाउने प्रबन्ध गर्नुपर्ने,
- गाउँ गाउँमा दक्ष जनशक्तिको अभाव देखिएकोले सोको पूर्ति गर्न थप जनशक्तिलाई तालिम दिनुपर्ने,
- गुनासो सुनुवाइ फिल्डमा गएर सुन्ने परिपाटी बसाल्नुपर्ने,
- घर निर्माण कति समयभित्र गरिसक्नुपर्ने हो भन्ने स्पष्ट गर्न उपयुक्त हुने,
- जग्गाको साइज अनुसारको घर बनाउन छुट दिनुपर्ने,
- प्राविधिकका काममाथि प्रभावितहरूले प्रश्न उठाएको हुँदा उनीहरूका कामलाई थप व्यवस्थित गर्नुपर्ने र उनीहरूका काम पारदर्शी हुनुपर्ने,
- प्राविधिकको सल्लाह विना बनेका घर पनि भूकम्प प्रतिरोधि  र मापदण्डअनुसार भए अनुदान पाउनुपर्ने,
- अनुदान रकम वितरण सरल किसिमबाट गर्नुपर्ने, गाविसको कार्यालयबाटै वितवरणको प्रबन्ध मिलाउनु पर्ने,
- भूकम्प प्रभावितहरूका लागि गैरसकारी संस्थाको कार्यलाई समन्वयात्मक, परिणाममुखी बनाउन स्थानीय जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समितिको कार्यालय र गाउँ विकास समितिको कार्यालयको स्पष्ट नीति, निर्देशन र नियमनमा रहेर कार्य गर्नुपर्ने गरी दायरामा ल्याउनुपर्ने,
- घर निर्माण वापतको रकम सबै प्रभावितले प्राप्त गरी नसकेको हुँदा बाँकीलाई समेत यथाशीघ्र उपलब्ध गराउनुपर्ने,
- कतिपय नीति, निर्देशिका बारे प्राधिकरण कर्मचारी नै अन्यौलमा समेत भेटिएको हुँदा प्राधिकरणमा खटिने कर्मचारीलाई अभिमुखीकरण गर्नुपर्ने,
- सूचना सम्प्रेषणमा अन्यौलता भएको हुँदा स्पष्ट सूचना प्रवाह गर्नुपर्ने,
- भूकम्म प्रभावित क्षेत्रमा अझै पनि TLC भएको हुँदा तत्काल स्थायी भवनको व्यवस्था गर्नुपर्ने
- कतिपय ठाउँमा घर चर्केकोले पनि अनुदान पाएको र कतिपय स्थानमा घर पुरै भत्केकोले पनि नपाएको गुनासो पाइएको हुँदा त्यसलाई पारदर्शी बनाउनुपर्ने । पहुँचवालाले मात्र अनुदान पाउने अवस्थाको अन्त्य गरिनुपर्ने,
- नक्सा बनाउने तथा पास गर्ने कार्यलाई सरल, सहज, पारदर्शी र निःशुल्क गर्नुपर्ने,
- पुनर्निर्माण सम्बन्धी कामलाई द्रूतता दिनुपर्ने,
- भूकम्प प्रभावितमा पुनर्निर्माण चेतनाको अभाव भएकाले सो सम्बन्धमा चेतना अभियान सञ्चालन गर्नुपर्ने

- भूकम्प प्रभावितलाई बैंकबाट ऋण लिन सहजता ल्याउनुपर्ने,
- भूकम्प प्रभावितलाई नक्सा पासमा सबै दस्तुरछुट दिनुपर्ने,
- कतिपय सरकारी निकायले भूकम्पसँग सम्बन्धित कामलाई थप बोझ ठानेको भन्ने पाइएको हुँदा यसलाई बोझ नठानी कर्तव्यवोधको रूपमा लिने वातावरण तयार गर्नुपर्ने,

# अनुसूची-१

**अनुगमनमा संलगन कर्मचारीहरू**

| सि.नं | अनुगमन भएको जिल्ला | अनुगमन मिति | अनुगमनमा सहभागी कर्मचारीहरू | कैफियत |
|---|---|---|---|---|
| १ | सिन्धुपाल्चोक | २०७३ कार्तिक ७ देखि ११ सम्म | मानव अधिकार अधिकृत, दीपेन्द्रबहादुर सिंह<br>मानव अधिकार अधिकृत, लोककुमार श्रेष्ठ<br>सहायक प्रथम, किरणप्रसाद घिमिरे | |
| २ | काठमाडौं | २०७३ चैत्र २४ देखि २६ सम्म | मानव अधिकार अधिकृत, दीपक नेपाली<br>सहायक प्रथम, किरणप्रसाद घिमिरे | |
| ३ | नुवाकोट | २०७३ कार्तिक ३० देखि मंसिर ०६ सम्म | मानव अधिकार अधिकृत, वीरबहादुर बूढामगर<br>मानव अधिकार अधिकृत, दीपेन्द्रबहादुर सिंह<br>सहायक प्रथम, किरणप्रसाद घिमिरे | |
| ४ | धादिङ | २०७३ माघ १८ देखि २७ सम्म | मानव अधिकार अधिकृत, दीपेन्द्रबहादुर सिंह<br>मानव अधिकार अधिकृत, नीतु गर्तौला | |
| ५ | रसुवा | २०७३ कार्तिक ३० देखि मंसिर ०६ सम्म | मानव अधिकार अधिकृत, वीरबहादुर बूढामगर<br>मानव अधिकार अधिकृत, दीपेन्द्रबहादुर सिंह<br>सहायक प्रथम, किरणप्रसाद घिमिरे | |
| ६ | गोरखा | २०७३ माघ २१ देखि २४ सम्म | मानव अधिकार अधिकृत जायश्वर चापागाई<br>लेखापाल कृष्ण नारायण श्रेष्ठ | |
| ७ | भक्तपुर | २०७३ चैत्र २४ देखि २६ सम्म | मानव अधिकार अधिकृत, दीपक नेपाली<br>सहायक प्रथम, किरणप्रसाद घिमिरे | |
| ८ | काभ्रेपलाञ्चोक | २०७३ कार्तिक १० देखि २०७३ कार्तिक १३ | उपनिर्देशक, डा. टीकाराम पोखरेल<br>सहायक प्रथम, अनिजकुमार परियार | |
| ९ | ललितपुर | २०७३ चैत्र २४ देखि २६ सम्म | मानव अधिकार अधिकृत, दीपक नेपाली<br>सहायक प्रथम, किरण प्रसाद घिमिरे | |
| १० | दोलखा | २०७३ माघ २ ९ देखि फागुन ५ सम्म | उपनिर्देशक, डा. टीकाराम पोखरेल<br>लेखापाल, जितेन्द्र कार्की | |
| ११ | रामेछाप | २०७३ माघ २ ९ देखि फागुन ५ सम्म | उपनिर्देशक, डा. टीकाराम पोखरेल<br>लेखापाल, जितेन्द्र कार्की | |

| | | | | |
|---|---|---|---|---|
| १२ | मकवानपुर | २०७३ फागुन ११ देखि १३ सम्म | उपनिर्देशक, डा. टीकाराम पोखरेल<br>मानव अधिकार अधिकृत, घनश्याम भण्डारी | |
| १३ | ओखलढुंगा | २०७३ माघ २२ देखि २३ सम्म | सचिव, श्री वेदप्रसाद भट्टराई<br>उपनिर्देशक, डा. टीकाराम पोखरेल<br>मानव अधिकार अधिकृत, घनश्याम भण्डारी | |
| १४ | सिन्धुली | २०७३ चैत्र १४ देखि १८ सम्म | मानव अधिकार अधिकृत, दीपक नेपाली<br>सहायक प्रथम, किरण प्रसाद घिमिरे | |

# अनुसूची-२ (क)

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

**प्रेस नोट**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७३ असार ५ गते

**भूकम्प पीडितहरूको आधारभूत मानव अधिकार जोखिममा**

राष्ट्रिय मानव अधिकार आयोगले गरेको अनुगमनबाट भूकम्प पीडित नागरिकहरूको आधारभूत मानव अधिकार जोखिममा रहेको पाइएको छ । आयोगका माननीय सदस्य गोविन्द शर्मा पौड्यालको नेतृत्वमा रहेको उच्चस्तरीय टोलीले हालै गोरखा, धादिङ, नुवाकोट र रसुवा जिल्लामा गरेको अनुगमनबाट यस्तो तथ्य प्राप्त भएको हो ।

अनुगमनबाट ती जिल्लाहरूका पीडितहरू अझैपनि कष्टकर र जोखिमपूर्ण रुपमा अस्थायी टहराहरुमा बसोबास गरिरहेका, गोरखा जिल्लाका केही पीडितहरूले सरकारले उपलब्ध गराएको रू. १५०००/ समेत प्राप्त गर्न नसकेका, तथ्याङ्क विभागबाट खटिएका इन्जिनियरहरूले संकलन गरेको तथ्याङ्कमा उल्लेख्य मात्रामा त्रुटिहरू भएका, स्थानीय निकायका पदाधिकारीहरुको रिक्तता एवं सबै गाविसहरूमा गाविस सचिवको व्यवस्था हुन नसकेको, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, जिल्ला दैवी प्रकोप उद्धार समिति, जिल्ला विकास समिति लगायतका निकायहरूबीच प्रभावकारी समन्वयको अभाव रहेको, भूकम्पको कारण बस्ति असुरक्षित भई स्थानान्तरण गर्नुपर्ने बासिन्दाहरुको पहिचान गरी तथ्याङ्क यकीन गर्ने तथा त्यस्ता परिवारहरुलाई पुनर्स्थापना गर्ने सम्बन्धमा ठोस योजना बन्न नसकेको तथा जग्गाको स्वामित्व आफ्नो नाममा नभई आवास गुमाएका व्यक्तिहरुको पुनर्स्थापनाको लागि जिल्ला स्तरसम्म कुनै पनि कार्यक्रम नपुगेको पाइएको छ । प्राधिकरणबाट खटिएका ईन्जिनियरहरुले सबै पीडितहरूको तथ्याङ्क संकलन गर्न नसकेको, कतिपय व्यक्तिहरुले क्षति नपुगेको संरचनालाई पनि क्षतिग्रस्त भनी भूकम्प पीडित उल्लेख गर्न ईन्जिनियरहरुलाई दवाव दिएको, व्यावहारिक रुपमा छुट्टिई भिन्न भई एकै घरमा बसोबास गरिरहेका परिवारहरुलाई गणना नगरिँदा त्यस्ता परिवारहरुको नाम छुट भएको, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा कर्मचारीको अभाव रहेको, रसुवाका भूकम्प पीडितहरू व्यक्तिका जग्गा मासिक भाडामा लिई अस्थायी रुपमा बसोबास गरिरहेकामा तत्काल सो स्थान खाली गर्न जग्गाधनीले भन्ने गरेको बुझिएको छ ।

भूकम्प गएको करिब १४ महिनासम्म पनि सबै भूकम्प पीडितहरूको सही तथ्याङ्क नै सङ्कलन हुन नसकेको, पीडितहरू अझैपनि जोखिमपूर्ण अवस्थामा अस्थायी टहरामा बसिरहेका, त्यस्ता टहरामा अशक्त ज्येष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू र महिलाहरू समेत बस्नु पर्ने बाध्यता रहको पाईंदा त्यसबाट उनीहरूको आधारभूत मानव अधिकार प्रचलनको सुनिश्चितता गर्न लगत संकलनमा छुट भएका व्यक्तिहरुको यथासीघ्र लगत संकलन गर्न, पीडितहरुको सहज पहुँच हुने गरी अनुदान रकम वितरण गर्न, पुनर्निर्माण कार्यमा श्रोत साधनको अभाव हुन नदिई सम्बन्धित निकायहरुबीच समन्वयात्मक रुपमा कार्य गर्न, गराउन, असुरक्षित बस्तिका बासिन्दाहरुको विशिष्टिकृत तथ्याङ्क संकलन गरी उनीहरुको पुनर्स्थापनाको लागि यथासीघ्र योजना बनाई कार्यान्वयन गर्न, स्थानीय निकायको निर्वाचन गर्ने प्रबन्ध मिलाउन, प्राधिकरणका कार्यहरुलाई प्रभावकारी बनाउन स्थानीय तहमा स्थापना भएका कार्यालयहरुलाई पर्याप्त स्रोध साधन उपलब्ध गराई भूकम्प पीडित नागरिकहरूको आधारभूत मानव अधिकार प्रचलनको सुनिश्चितता गर्न, गराउन आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

वेद भट्टराई

सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: ww.nhrcnepal.org

# अनुसूची-२ (ख)

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७४ वैशाख १२ गते

### भूकम्प पीडितको उचित बसोबासको शीघ्र व्यवस्था गर

२०७२ वैशाख १२ को विनाशकारी भूकम्पबाट पीडितहरूलाई नेपाल सरकारबाट उपलब्ध गराउनुपर्ने राहत समयमै उपलब्ध गराउन नसकेको तथा पुनः निर्माण कार्य र उचित बसोबासको व्यवस्था सम्बन्धमा भैरहेको ढिलाइप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ।

भूकम्प गएको दुई वर्ष बितिसक्दा पनि अधिकाँश भूकम्प पीडितहरू त्रिपाल तथा अस्थायी टहरामा बस्न बाध्य भएका कारण उनीहरूको जीवन कष्टकर भैरहेको आयोगको अनुगमनबाट पाइएको छ। पीडितहरू गाँस, बास, स्वास्थ्य, शिक्षा, लगायतका न्यूनतम मानव अधिकारको उपभोगबाट वञ्चित भएको, कतिपय वास्तविक पीडितहरुको पहिचान हुन नसकेको तथा उनीहरूले राहत प्राप्त गर्न नसकेको, विद्यालय, अस्पताल, साँस्कृतिक संरचना लगायतका सार्वजनिक संरचनाहरूको पुनः निर्माण कार्यमा ढिलाइ भैरहेको पाइएको छ।

आयोगले भूकम्प अति प्रभावित जिल्लाहरूका अस्पताल, विद्यालय, क्षतिग्रस्त घर तथा संरचनाहरुको अनुगमन गरी प्राप्त तथ्यको आधारमा तत्कालै स्थानीय प्रशासनको ध्यानार्कषणसमेत गराएको थियो। अनुगमनबाट प्राप्त तथ्यको आधारमा अन्तिम प्रतिवेदन तयार गरी सुधार गर्नुपर्ने पक्षमा आयोगले नेपाल सरकारलाई ३४, राजनीतिक दललाई ३, गैरसरकारी संस्थालाई ३, नागरिक समाजलाई ३ र सबैलाई १ गरी जम्मा ४४ वटा सिफारिश गत वर्ष नै गरिसकेको छ। ती सिफारिशहरूको यथोचित संबोधन गर्न आयोग पुनः आग्रह गर्दछ।

भूकम्प लगायत प्राकृतिक प्रकोपबाट प्रभावित हुन पुगेका तथा जोखिममा परेका नागरिकहरूको अधिकार रक्षार्थ नेपाल सरकारले उपलब्ध गराउँने राहतलाई व्यवस्थित तवरले शीघ्रातिशीघ्र रूपमा उपलब्ध गराउँने व्यवस्था मिलाउनसमेत आयोग नेपाल सरकारको पुनः ध्यानाकर्षण गराउँदछ।

मोहना अन्सारी

सदस्य/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org

अनुसूची-३

# अनुगमनका क्रममा लिइएका तस्वीरहरू



धादिङको रि गाविसको एउटा गाउँ । जुन गाउँका सबै वासिन्दा शिविरमा छन् ।



गोरखाको बारपाकमा सरकारी जग्गामा बसोबास गरिरहेका भूकम्प प्रभावितहरू ।



सिन्धुलीको सितलपाटीमा एक भूकम्प प्रभावितसँग प्रभावितको अवस्था बारे जानकारी लिँदै आयोगको अनुगमन टोली ।



काभ्रेको सीपामण्डनमा भूकम्पले चिरिएको जमिन पुरी एक गैससले निर्माण गरिदिएको बस्ती ।



काभ्रेको बोल्दे फेदिचे ८ को वस्तीभन्दा माथिको डाँडोको जमिन र चट्टान चर्किएको र तल गाउँमा रहेका प्रभावित भनिएकाहरू आफ्नो पुरानो थातथलो छोडी टाढा वा अन्यत्र जान नचाहेको भनाइ राख्दै आयोग टोलीसँग ।



मकवानपुरको भिरघारी नामटारबाट विस्थापित भै सोही गाविसको गोलमोड सिमथलीमा वनको जग्गामा आई बसेका बासिन्दा : गोलमोड सिमथली शिविर, कान्तिराजपथ, मकवानपुर ।



आफ्नो घर भत्केर टहरा बनाइ बसेको मानबहादुर विश्वकर्माको घर, जसको नाम क्षति विवरणमा छैन, किन क्षति विवरणमा परिएन भन्ने पनि थाहा छैन : भैंसे ४, मकवानपुर ।



जग्गाधनी पूर्जा नभएका कारण अनुदान नपाएको क्षतिग्रस्त घर : सुरी, दोलखा ।



अनुदान पाएपछि बन्दै गरेको घर : सुनखानी दोलखा ।



आयोगसँग आफू भूकम्प प्रभावितमा नपरेका गुनासो गर्दै मन्थली २ का माझी बस्तीका बासिन्दाः रामेछाप, मन्थली ।



भूकम्प प्रभावितमा नपरेका एक नागरिक आफ्नै भत्केको घरको भग्नावशेषमा : रामेछाप, मन्थली ।



ओखलढुंगाका भूकम्प प्रभावितहरूको अवस्थाका बारेमा नागरिक समाजसँग छलफल







२०७४ वैशाख १२ गतेका दिन भूकम्प प्रभावितहरुको पछिल्लो मानव अधिकारको अवस्थाबारे सरोकारवालाहरुसँग आयोगको सभाहलमा गरिएको अन्तर्क्रिया कार्यक्रम ।





## राष्ट्रिय मानव अधिकार आयोग

केन्द्रीय कार्यालय, हरिहरभवन ललितपुर

फोन : ०१- ५०१००१५/१६/१७, फ्याक्स : ०१-५५४७९७३

ईमेल : nhrc@nhrcnepal.org